# अध्याय : एक (CHAPTER–ONE)

## १. परिचय (Introduction)

### १.१ अध्ययनको पृष्ठभूमि (Background of the Study)

विश्वको जनसंख्याको आधा हिस्सा महिलाहरूले लिएका छन् । तर पनि उनीहरूको आर्थिक क्षेत्रमा गरेको योगदान निकै कम रहेको छ । रोजगारीको क्षेत्रमा कुरा गर्ने हो भने सन् १९९७ मा तलबको रूपमा पैसा बुझ्न महिलाहरू ७.३ प्रतिशत मात्र थिए जब कि पुरुषहरू ३२. १ प्रतिशत थिए । त्यस्तै आम्दानी प्राप्त गर्ने महिलाहरू २९.८ प्रतिशत थिए भने पैसा प्राप्ति विना नै काम गर्ने महिलाहरूको संख्या ७०.२ प्रतिशत थियो (वाग्ले, २०५९) ।

नेपालमा महिला विकासको क्रमिक प्रयासमा सन् १९९५ मा महिला तथा समाज कल्याण मन्त्रालयको स्थापना भएको थियो । यो मन्त्रालयको लक्ष्य लैङ्गिक समानता तथा महिला सशक्तिकरणको माध्यमबाट महिलालाई विकासको मूलप्रवाहमा समाहित गर्ने रहेको छ । छैंठौ तथा सातौँ पञ्चवर्षीय योजनामा महिलाहरूको आरक्षण तथा महिला विकासका लागि बाधक देखिएका ऐन नियमहरूमा संशोधन गर्ने नीति अगाडि सारिएको देखिन्छ । त्यसै गरेर आठौँ पञ्चवर्षीय योजनामा महिलालाई विकासको मूल प्रवाहमा ल्याउने नीति लिएको देखिन्छ । नवौं पञ्चवर्षीय योजनामा मूलप्रवाहमा समाहित गर्ने, लैङ्गिक भेदभाव हटाउने, सशक्तिकरण गर्ने नीति लिइएको छ (राष्ट्रिय योजना आयोग, २०५३) ।

सन् १९८६ मा अन्तर्राष्ट्रिय श्रम संगठन (ILO) ले रोजगारीको अन्तर्राष्ट्रिय परिभाषा दिएको छ । जस अनुसार काम गर्ने उमेरका आर्थिक क्रियाकलापमा संलग्न मानिस जो कुनै निश्चित समयसम्म काम गर्दछन् भने यसलाई नै रोजगार भनिन्छ । नगद वा वस्तुमा पारिश्रमिक लिएर काम गर्नुलाई ज्याला भुक्तानी लिने रोजगारी र आफ्नै व्यवसायमा ज्याला नलिई काम गर्नुलाई स्वरोजगारी भन्दछन् (रेग्मी, २०५६) । अप्रत्यक्ष रूपमा धेरै पहिलेदेखि सुरु भएको यो व्यवसायलाई सरकारी निकायबाट पहिचान गरि ऐन नियममा आबद्ध गरिएको धेरै भएको छैन । वि.सं. २०४२ सालमा तत्कालिन सरकारले संलग्नता वैदेशिक रोजगार ऐन २०४२ सार्वजनिक गरिएको थियो । यस ऐनको धारा 'ख'

मा विषय वा प्रसंगले अर्को अर्थ नलागेमा वैदेशिक रोजगार भन्नाले कामदारले विदेशमा पाउने रोजगार सम्झनु पर्दछ भनिएको छ । त्यसैगरी धारा 'ग' मा वैदेशिक रोजगार व्यवसाय भन्नाले नेपाली नागरिकहरूलाई वैदेशिक रोजगार उपलब्ध गराउने कार्य सम्झनु पर्दछ र सो शब्दले रोजगार दिने वा दिलाउने संस्थाको प्रतिनिधिको रूपमा कामदार छनोट गर्ने कार्यलाई समेत जनाउँदछ (कानुन किताब व्यवस्था समिति, २०५६) ।

## १.२ समस्याको कथन (Statement of the Problem)

नेपालबाट प्रायः सामान्य शिक्षा हासिल गरेका वा अशिक्षित, गरिब, दुर्गम तथा पिछडिएको ग्रामिण महिलाहरू विदेशिने क्रम बढ्दो छ । नेपाली महिलाहरू प्रायजसो साउदी अरब, ओमन, दुवई, कुवेत, कतार, इजरायल गएको पाइन्छ । धेरै जसो नेपाली महिलाहरू विदेशमा केयरगिभरको काममा तथा घरेलु काममा जान्छन् । यसरी उनीहरू अरुको आमाबुवा हेर्नका लागि विदेश जान्छन् तर उनीहरूका आफ्ना आमाबुवा कसले हेर्ने भन्ने समस्या भविष्यमा गम्भिर रूपमा खडा हुनेछ । यस्तो अवस्था आउन नदिनको लागि सरकारले नेपालमा नै रोजगारीको सिर्जना गर्नुपर्ने र विशेषगरी महिलाका लागि विशेष कार्यक्रम सञ्चालन नगरे भविष्यमा गाउँ गाउँमा काम गर्ने उमेरका महिला पाउन पनि गाह्रो हुने देखिन्छ ।

नेपालमा व्याप्त रहेको बेरोजगारी, अस्थिर राजनैतिक अवस्था, अशान्ति लगायत परिवार तथा बालबालिकाहरूलाई खानका लागि धाउधाउ अवस्था, परिवार र बालबालिकाहरूको उज्वल भविष्यका लागि नेपाली महिलाहरू धन कमाउन विदेश पलायन हुन्छन् । यसरी विदेश गएपछि दुःख गरी कमाएको धनलाई सहि सदुपयोग गर्न सकेको खण्डमा पारिवारिक स्थिति सुदृढ गर्न, आर्थिक तथा सामाजिक उन्नति गर्न सहयोग पुग्छ । वैदेशिक रोजगारिको विषय नौलो नै भएपनि यसको विकास तिव्र गतिमा भइरहेको कारण सबैको चासो तथा मह□वको विषय बनिरहेको छ । त्यसैगरी विदेश जाने नेपाली महिला कामदारबाट स्वदेशमा भित्राएको नगद रकम उत्पादनशिल कार्यमा प्रभावकारी तरिकाबाट प्रयोग गर्न सकेमा रेमिट्यान्सको भूमिका नेपालको अर्थतन्त्रमा प्रमुख मेरुदण्ड हुन जान्छ । वैदेशिक रोजगारी नेपाली अर्थतन्त्रको विकासको प्रमुख साधन भएको छ ।

नेपालीमा उच्च शिक्षा हासिल गरेका तथा प्रविधि तथा व्यवसायिक शिक्षा हासिल गरेका युवाहरू विदेश पलायन हुने तथा सामान्य किसिमका शिक्षा हासिल गरेका अशिक्षित युवाहरू पनि विभिन्न देशमा श्रमिकको रूपमा वैदेशिक रोजगारीका निम्ति विदेश जाने क्रम वृद्धि भइरहेको छ । गरिब तथा पिछडिएका समूहका युवाहरू प्रायजसो खाडी राष्ट्रमा जाने क्रम बढि रहेको छ । नेपालमा ग्रामीण इलाकामा रोजगारीमा लागेका शिक्षक तथा अन्य कर्मचारीहरू, बुढाबुढी, बालबालिका बाहेकका युवायुवतिहरू गाउँमा देखिदैनन् । उनीहरू धेरै जसो वैदेशिक रोजगारीमा गएको अवस्था छ (राई, २०६८) ।

विश्वव्यापीकरणको माहोलसँग सूचना र प्रविधिले फड्को मारिरहेको यो अवस्थामा आज प्रत्येक नेपालीहरूलाई पनि आफ्नो बालबालिकाको भविष्यप्रति चासोको विषय बनेको छ । सूचना र प्रविधिसँग प्रतिस्पर्धा गर्न तथा गुणस्तरीय शिक्षा आफ्नो बालबालिकाहरूलाई प्रदान गर्ने दायित्व पनि बढ्दै गएको छ । चरम बेरोजगारी तथा अवसरको कमीले गर्दा बालबालिकाहरू प्रतिको दायित्व निभाउन नसकि रहेको अवस्था वैदेशिक रोजगार अहिले सहज बन्दै गइरहेको छ । यद्यपी वैदेशिक रोजगारीको आम्दानीले उनीहरूको बालबालिकाहरूको शैक्षिक स्थितिमा सुधार देखा परेको छ ? अथवा छैन ? यस विषयमा यथार्थ जानकारी हासिल गर्न यस शोधमा प्रयोग गरिएको छ (रेग्मी, २०६९) ।

## १.३ अध्ययनको उद्देश्यहरू (Objectives of the Study)

यस अध्ययनको साधारण उद्देश्य झापा जिल्लाको महेशपुर गा.वि.स. मा विप्रेषणले वैदेशिक रोजगारीमा संलग्न महिलाहरूको पारिवारिक आर्थिक तथा शैक्षिक क्षेत्रमा पुऱ्याएको योगदान हो । यसका विशिष्ट उद्देश्यहरू तल प्रस्तुत गरिएको छ :

१. महिलाहरूको वैदेशिक रोजगारीमा जानु अघिको आर्थिक र पछिको आर्थिक अवस्थाको विश्लेषण गर्नु ।
२. महिलाहरू वैदेशिक रोजगारीमा जानुका कारणहरू पत्ता लगाउनु ।
३. वैदेशिक रोजगारबाट प्राप्त विप्रेषणले उनीहरूको पारिवारिक आर्थिक तथा बालबालिकाहरूको शैक्षिक क्षेत्रमा पारेको प्रभाव पत्ता लगाउनु ।

## १.४ अनुसन्धानात्मक प्रश्नहरू (Research Questions)

यो अध्ययन सामान्यतया निम्न अनुसन्धानात्मक प्रश्नहरू (Research Question) बाट निर्देशित छन् :

१. के वैदेशिक रोजगारमा जाने व्यक्तिहरूको घर परिवारको आर्थिक स्थितिमा कुनै परिवर्तन आएको छ ?

२. के तिनीहरूको बालबालिकाहरूको शैक्षिक स्थितिमा सुधार आएको छ ?

३. उनीहरूले वैदेशिक रोजगारीका क्रममा सिकेका सीप स्वदेशमा उचित तरिकाले प्रयोग गरिरहेका छन् ?

४. के वैदेशिक रोजगारमा गएका सबै परिवारहरूको आर्थिक अवस्था सुधार भएको छ ?

५. महिलाहरू वैदेशिक रोजागरीमा जानु पर्ने कारण के हो ?

## १.५ अध्ययनको महत्त्व (Significance of the Study)

यो अध्ययन झापा जिल्लाको महेशपुर गा.वि.स. बाट वैदेशिक रोजगारीका लागि काम गर्न जाने महिला श्रमिकहरूको आर्थिक तथा शैक्षिक अवस्था कस्तो रहेको छ भन्ने कुरा पत्ता लगाउन उपयोगी छ । यसका साथै वैदेशिक रोजगारीबाट महिलाहरूको सामाजिक आर्थिक अवस्थामा कस्तो परिवर्तन आएको छ भन्ने कुरा पत्ता लगाउन महत्त्वपूर्ण रहेको छ । यसको अध्ययनबाट उनीहरूका बालबालिकाहरूको शैक्षिक अवस्था कस्तो रहेको छ भन्ने कुरा थाहा पाउन सकिन्छ ।

वैदेशिक रोजगारमा संलग्न महिलाको अध्ययनले अप्रमाणित तथ्यहरू तथा वर्तमान अवस्था ज्ञान हुनुका साथै विगतका अवस्थाहरू समेत थाहा पाउन मद्दत गर्दछ । वैदेशिक रोजगारीका बारेमा चासो तथा खोजि गर्ने व्यक्ति, संस्थालाई पनि सहयोग पुऱ्याउँछ भन्ने अपेक्षा राखिएको छ । आजको समयमा वैदेशिक रोजगारीमा महिलाको संलग्नता एउटा जटिल र चाखलाग्दो विषय बन्दै गएको अवस्थामा महिलाहरूको वैदेशिक रोजगारीले पारेको असर, त्यसको समस्या र समस्याको समाधान सम्बन्धित पक्षको ध्यान आकर्षण गराउनका लागि यस अध्ययन महत्त्वपूर्ण रहेको छ । साथै नेपाली महिला कामदारहरू वैदेशिक रोजगारीमा जानु अघि अपनाउनुपर्ने सावधानी, पुरा गर्नु पर्न काम, तालिम तथा सीपको

आवश्यकता र भाषा सम्बन्धि ज्ञानको बारेमा तथा नेपाल सरकारले गर्नुपर्ने काम, निर्माण गर्नु पर्ने नीतिहरूको समेत सहयोग पुऱ्याएको छ भन्ने अपेक्षा गर्न सकिन्छ । यसका साथै यस क्षेत्रमा थप अध्ययन गर्ने अध्ययनकर्ताको लागि सहयोग पुग्ने छ भने विदेशबाट प्राप्त रेमिट्यान्सले नेपाली अर्थतन्त्रमा पुऱ्याएको सहयोगका बारेमा समेत जानकारी प्राप्त हुन्छ ।

नेपालमा रोजगारीलाई नियाल्दा अन्य क्षेत्रको तुलनामा कृषि क्षेत्रमा उच्च पाइन्छ । बजारमा चाहिने उपयुक्त किसिमको जनशक्ति उत्पादन हुन नसक्नु, राजनीतिक अस्थिरताले गतिलिन नसक्नु तथा सीपमूलक शिक्षाको विकास हुन नसक्नु बेरोजगारको मूल कारण हो । त्यसैले स्वदेशमा रोजगारीको अवसरको कमीको कारणले गर्दा नै ठूलो संख्यामा रोजगारको खोजीमा विदेश जाने गरेको पाइन्छ ।

वैदेशिक रोजगारीमा जाने सबैले आर्थिक सुधार गर्छ भन्ने छैन । यसका पनि सकरात्मक तथा नकरात्मक पक्षहरू रहेको छ । यद्यपि नकरात्मक भन्दा सकरात्मक पक्ष बढी अवस्थामा रहेको छ जुन अहिले भइरहेको वैदेशिक रोजगारी प्रतिको मोहले प्रष्ट पार्दछ । त्यसैले वैदेशिक रोजगारीको कारणले देखापर्ने सकरात्मक र नकरात्मक पक्षहरूको बारेमा जानकारी हासिल गर्न चाहनेहरूका लागि पनि यो शोध अति नै प्रभावकारी रहनेछ ।

महिला र पुरुषको स्वभावैले शारीरिक श्रम गर्ने तरिका तथा क्षमता फरक छ । सोही अनुरूप वैदेशिक रोजगारमा पनि उनीहरूले काम गर्ने ठाउँ, तरिका पनि फरक हुने गर्दछ । काम गर्दा आईपर्ने सम्भावित दुर्घटना तथा यसबाट बच्नको लागि अपनाउनु पर्ने सावधानीहरू जान्नका लागि पनि यस अध्ययनको मह□व रहेको छ ।

यस अध्ययनको मह□वलाई बुँदागत रूपमा निम्नानुसार उल्लेख गरिएको छ ।

१. वैदेशिक रोजगारीमा संलग्न महिलाहरूको आर्थिक अवस्था थाहा पाउन ।
२. वैदेशिक रोजगारीमा संलग्न महिलाहरूको बालबालिकाहरूको शैक्षिक अवस्थाको जानकारी दिन ।
३. वैदेशिक रोजगारीले महिलाहरूमा पारेको असर र त्यसको समस्याको बारेमा जानकारी प्राप्त गर्न ।
४. सम्बन्धित क्षेत्रमा अध्ययन गर्न चाहने र नीति निर्माताहरूलाई पनि नीति निर्माण गर्ने कार्यमा सहयोग गर्न ।

५. वैदेशिक रोजगारीमा संलग्न महिलाहरूको अध्ययनबाट उनीहरूको वर्तमान तथा विगतका अवस्थाहरूको समेत जानकारी प्राप्त गर्न ।

६. वैदेशिक रोजगारीका लागि विदेश जाने महिलाहरूलाई आवश्यक सल्लाह, सुझाव, सजकता अपनाउनका लागि मार्ग निर्देशन गर्न ।

७. सरकारले वैदेशिक रोजगारी सम्बन्धि अपनाउनु पर्ने सावधानीहरूको जानकारी दिन ।

## १.६ अध्ययनको परिसीमा (Delimitation of the Study)

यस अध्ययनको सीमालाई निम्न लिखित बुँदाहरूको आधारमा सीमांकन गरिएको छ । यसमा निर्धारित सीमा भन्दा बाहिर यो अध्ययनको दायरा हुन सक्दैन ।

१. यो अध्ययन झापा जिल्ला, महेशपुर गा.वि.स. वार्ड नं. १, ३, ५, र ६ मा मात्र सिमित गरिएको छ ।

२. यो अध्ययन वैदेशिक रोजगारीमा जाने २१९ जना महिलाको परिवारसँग सम्बन्धित छ ।

३. यस अध्ययनमा वैदेशिक रोजगारीबाट फर्किएको महिला २० जना सँग सम्बन्धित छ ।

४. यस अध्ययनमा वैदेशिक रोजगारीमा संलग्न महिलाको समूहहरूलाई समावेश गएिको छ । यसमा कुनै जात, धर्म तथा समुदायलाई सीमाबद्ध गरिएको छैन ।

५. यस अध्ययनमा वि.सं. २०६८ देखि वि.सं. २०७१ सम्मका वैदेशिक रोजगारीमा संलग्न महिलाको मात्र अध्ययन गरिएको छ ।

६. यस अध्ययन विप्रेषनबाट प्राप्त आयले उनीहरूको आर्थिक तथा बालबालिकाहरूको शैक्षिक क्षेत्रमा पुर्याएको योगदानसँग सम्बन्धित रहेको छ ।

७. यस अध्ययनमा तथ्याङ्क संकलनका साधनहरू प्रश्नावली,अवलोकन फारम र छलफल सूची र तथ्यांक संकलनका तरिका अर्न्तवार्ता, सहभागीतामूलक अवलोकन र लक्षित समूह छलफल प्रयोग गरिएको छ ।

## १.७ मुख्य शब्दावलीहरूको परिभाषा (Definition of the Key Terms)

मुख्य शब्दावलीहरूलाई निम्नानुसार परिभाषित गरिएको छ :

| | | |
|---|---|---|
| विप्रेषण | : | विदेशबाट प्राप्त आय । |
| बेरोजगारी | : | काम गर्ने इच्छा र चाहना हुँदाहुँदै पनि काम नपाएको अवस्था |
| रोजगारी | : | उत्पादनका साधनहरू गतिशिल अवस्थामा रहनु |
| स्वरोजगार | : | खाली समय नबसी निश्चित अवधिसम्म नगदका रूपमा ज्याला प्राप्त गरिनु |
| वैदेशिक रोजगार | : | कामदार रोजागारीका लागि आफ्नो देशभन्दा बाहिर अन्यत्र जाने कार्यलाई वैदेशिक रोजगार भनिन्छ । |
| GDP | : | कुनै निश्चित समय अवधि खास गरी (एक वर्ष भित्र) देशभित्र उत्पादन गरिएका अन्तिम वस्तु तथा सेवाहरूका मौद्रित मूल्यलाई नै कुल ग्राहस्थ उत्पादन भनिन्छ । |
| वार्षिक आम्दानी | : | एक वर्ष भरिमा प्राप्त गरेको आम्दानी |
| वार्षिक खर्च | : | एक वर्ष भित्रमा गरिएको खर्च |
| वार्षिक बचत | : | कूल वार्षिक आम्दानी र कुल वार्षिक खर्च बिचको अन्तर |
| औषत पारिवारिक वार्षिक आम्दानी | : | कुल वार्षिक आम्दानीलाई कुल घर परिवार संख्याले भाग गर्दा आउने भागफल ( आम्दानी) औसत पारिवारिक आम्दानी हो । |
| प्रतिव्यक्ति आय | : | कुल राष्ट्रिय आयलाई कुल जनसंख्याले भाग गर्दा आउने प्रतिफलनै प्रतिव्यक्ति आय हो । |

गरिबी : आफ्नो आधारभूत आवश्यकता पूरा गर्न नसक्ने अवस्था

## १.८ अध्ययनको संगठन (Organization of the Study)

यस अध्ययनलाई पाँच वटा अध्ययनमा विभाजन गरिएको छ । अध्याय एकमा अध्ययनको पृष्ठभूमि, समस्याको कथन, अध्ययनको उद्देश्य, अनुसन्धानात्मक प्रश्नहरू, अध्ययनको मह□व, अध्ययनको परिसीमा, मुख्य शब्दावलीको परिभाषा र अध्ययनको संगठन रहेको छ । अध्याय दुईमा सैद्धान्तिक साहित्यको पुनरावलोकन, पूर्व अनुसन्धानात्मक साहित्यको पुनरावलोकन, अध्ययनका लागि पुनरावलोकनको उपादेयता अनुसन्धान अन्तर, अवधारणात्मक संरचना, अध्ययनको कार्यात्मक ढाँचा रहेका छन् । अध्याय तीनमा अनुसन्धान विधि अन्तर्गत अनुसन्धान ढाँचाहरू, तथ्याङ्कको स्रोत, जनसंख्या, नमूना आकार र नमूनाका छनोट रणनीति, अध्ययन क्षेत्र, तथ्याङ्क संकलनका साधनहरू संकलनका तरिकाहरू, तथ्याङ्क विश्लेषणको तौरतरिकाहरू रहेका छन् । अध्याय चारमा नतिजाको विश्लेषण र व्याख्या र सारांश गरिएको छ भने अन्तिम पाँचौ अध्यायमा निष्कर्ष र सुझावहरू राखिएको छ । त्यसपछि अनुसूचीहरू तथा सन्दर्भ सूचीहरू राखिएको छ ।

# अध्याय : दुई (CHAPTER–TWO)

## २. सम्बन्धित साहित्यको पुनरावलोकन र अवधारणात्मक ढाँचा (Review of Related Literature and Conceptual Framework)

यसमा विप्रेषणले वैदेशिक रोजगरीमा संलग्न महिलाको पारिवारिक आर्थिक तथा शैक्षिक क्षेत्रमा पुऱ्याएको योगदानको बारेमा अध्ययन अनुसन्धान गरिएको छ । यस विषयमा विभिन्न लेख, रचना, पत्रपत्रिका, जर्नल, अनुसन्धान प्रतिवेदन लगायत अन्य अप्रकाशित अभिलेखहरूको पुनरावलोकन गरिएको छ ।

## २.१ सैद्धान्तिक साहित्यको पुनरावलोकन (Review of Theoritical Literature)

वैदेशिक रोजगार विभाग, (२०६९) काअनुसार वैदेशिक रोजगारीका निम्ति विदेश जाने मानिसहरूको तथ्याङ्क वर्षेनी बढ्ने क्रममा छ । आर्थिक वर्ष २०५०/०५१ मा विभिन्न देशहरूमा वैदेशिक रोजगारीमा जाने मानिसहरूको संख्या ३६०५ मात्र रहेको थियो । त्यसको दश वर्षपछि आर्थिक वर्ष २०६०/०६१ मा यो संख्या बढेर १०६६६० तथा २०६१/०६२ मा १३९७१८ पुगेको थियो । आ.व. २०६२/०६३ मा १६५२५२ र २०६३/२०६४ मा २०४५३३ पुगेको देखिन्छ । त्यस्तै गरी आ.व. २०६४/०६५ मा २४९०५१ र आ.व. २०६५/०६६ मा बढेर २१९०५१ र आ. व. २०६५/०६६ मा बढेर २१९९६५ पुगेको थियो । आ.व. २०६६/६७ जम्मा २९४०९४ संख्या रहेको थियो भने २०६७/०६८ मा ३५४७१६ ले वृद्धि भएको थियो, पछिल्लो तथ्याङ्क आ.व. २०६८/०६९ मा यो संख्या अझै बढेर ३८४६६५ पुगेको पाइन्छ । माथिका तथ्याङ्क वैदेशिक रोजगारीमा कानुनि रूपमा गएका मनिसहरूको मात्र तथ्याङ्क उल्लेख छ । गैरकानुनी रूपमा गएका मनिसहरूको संख्या उल्लेख गरिएको छैन ।

कट्टेल, (२०७०) काअनुसार सरकारले स्वदेशमै रोजगारीको अवसर उपलब्ध गराई आर्थिक विकासको आधारलाई मजबुत बनाउनुको सट्टा युवावर्गलाई वैदेशिक रोजगारीमा प्रोत्साहित गर्ने नीति लिइएको पाइन्छ । वर्तमान समयमा हाम्रो अर्थतन्त्रको मुख्य आधार रेमिट्यान्स बढ्दै गएको छ । वैदेशिक रोजगारीका कारण आन्तरिक उत्पदान संयन्त्र अत्यन्तै कमजोर हुन थालेको छ । GDP मा एक तिहाई योगदान दिँदै आएको कृषि क्षेत्र अहिले

आयत गर्नु पर्ने अवस्थामा पुगेको छ । देशमा सञ्चालन हुँदै आएका उद्योग, व्यवसाय काम गर्ने मजदुरको अभावमा धमाधम बन्द हुन थालेका छन् । रेमिट्यान्सबाट प्राप्त भएको रकम अनुत्पादक क्षेत्रमा खर्च गर्ने प्रवृत्तिले मूल्य वृद्धि वर्षेनी दोहोरो अंकले हुँदै गइरहेको छ । कुल उपभोगको ८० प्रतिशत हिस्सा आयतबाट पूर्ति गर्नुपर्ने परिस्थिति सिजर्ना हुँदै गइरहेको छ । वैदेशिक रोजगारीबाट प्राप्त रकम आयातीत महँगो विलासिताका वस्तुमा खर्च गरिने हुँदा व्यापार घाटा दिन प्रतिदिन बढिरहेको छ । यसबाट के देखिन्छ भने वैदेशिक रोजागरीबाट प्राप्त रेमिट्यान्सले आन्तरिक उत्पादनमा वृद्धि ल्याउनुको सट्टा उपभोग प्रवृत्तिलाई मात्र बढाउँदै लगेको छ ।

पण्डित, (२०५७) काअनुसार विकासोन्मुख मुलुकहरूबाट विकसित मुलुकहरूमा वैदेशिक रोजगारी जाने कार्यले विदेशी मुद्राको आर्जन हुने, प्रविधि हस्तान्तरण हुने र बेरोजगारी समस्या हल हुने हुँदा विश्व अर्थतन्त्रमा वैदेशिक रोजगारीको मह□वपूर्ण स्थान रहने कुरा उल्लेख गरेका छन् । उनको अध्ययनमा दक्षिण एशियाली एवम् सार्कका मुलुकहरूमा पनि वैदेशिक रोजगारी सेवाको मह□वपूर्ण स्थान रहेको कुरा स्पष्ट पारिएको छ । सार्कका मुलुकहरूमध्ये भारतको योगदान सबैभन्दा धेरै र त्यसपछि क्रमशः पाकिस्तान, बंगलादेश, श्रीलंका र नेपाल पर्दछन् भनि उक्त अध्ययनमा उल्लेख गरेको छ । उक्त अध्ययनमा वैदेशिक रोजगार व्यवसाय नेपालमा वैकल्पिक र अल्पकालिन रोजागारीको माध्यमको रूपमा अवलम्बन गरिनुको साथै यसबाट नेपाली कामदारहरूले रोजगारी पाउने, विदेशी मुद्रा आर्जन हुने, प्रविधि आदन प्रदान हुनु, जिवनस्तरमा सुधार आउने, व्यवस्थापन क्षमताको विकास हुने कुरा स्पष्ट पारिएको छ ।

भट्टराई, (२००५) काअनुसार धेरे जसो नेपाली युवाहरू मलेशिया, कतार, साउदी अरब, यु.ए.ई. देशहरूमा रोजगारी निम्ती गएका छन् भने अन्य राष्ट्रहरूको तुलनामा मलेशियामा वर्षेनी धेरै नेपाली युवाहरू रोजगारीमा जाने गरेका छन् । नेपाली कामदारहरूले प्रत्येक वर्ष १० अर्ब भन्दा बढी विप्रेषण पठाउने गरेका छन् । जसमा कुल विप्रेषणमा महिलाको हिस्सा ११ प्रतिशत रहेको छ । १२ वर्षको अन्त्य सम्ममा ५ लाख भन्दा बढी पुरुष र १ लाख महिला कामदार विदेशिने गरेका छन् ।

नेपाल राष्ट्र बैंक, (२०६२) काअनुसार अनुसन्धानमा भारत बाहेक तेस्रो मुलुक तर्फ गएका नेपाली कामदारहरू मध्ये झन्डै ८६ प्रतिशत खाडी मुलुकहरूमा मात्र गएको र बाँकी

विश्वका अन्य मुलुकहरूमा गएको देखिन्छ । उक्त अध्ययनमा नेपालको वैदेशिक रोजगारको क्षेत्र मूलतः खाडीमुलुकहरूमा मात्र केन्द्रित भएको हुनाले तुलनात्मक रूपले नेपाली कामदारहरूले न्यून बेतन प्राप्त गरेकोले यसबाट नेपालले अपेक्षित लाभ लिन नसकेको कुरा उल्लेख गरेको छ । साथै नेपाली कामदारहरूले काममा जाँदा झेल्नुपरेका विभिन्न समस्याहरू, विदेशमा काम गर्दा सहनु परेका पिरमर्काहरूका बारेमा पनि उक्त अध्ययनमा व्याख्या गरिएको छ ।

Kansakar, (1982) काअनुसार आफ्नो अनुसन्धानमा सन् १८१४ पछि शुरु भएको विप्रेषण भित्रिने क्रमको शुरुवात सेनाबाट मात्र भएको छ पछि आएर श्रमिकहरू पनि रोजगारीका लागि विदेशिने गरेको पाइन्छ । उक्त अध्ययनमा सन् १९१४ मा नेपाली अङ्ग्रेज युद्ध पश्चात नेपालीहरू सेनामा भर्ति हुन लाहोर जाने गरेको कुरा उल्लेख गरेका छन् । उक्त अध्ययन अनुसार वैदेशिक रोजगार नेपालको बढ्दो जनसंख्या र रोजगारीका अवसर बिच सन्तुलन ल्याउन र वैदेशिक मुद्रा आर्जन गर्न कोशेढुङ्गा सावित भएका छन् । वैदेशिक रोजगारीबाट प्राप्त आयले उक्त आय प्राप्त गर्ने परिवारले शिक्षा र प्राविधिक सिपमा उच्च लगानी गरी आफ्नो परिवारको सामाजिक, आर्थिक अवस्था उच्च राखेको कुरा अध्ययनमा उल्लेख गरिएको छ । साथै नकरात्मक पक्षमा कृषि श्रमिकको संख्या घट्न गई कृषि उत्पादनमा ह्रास आउन सक्ने तर्फ संकेत गरिएको छ ।

श्रम तथा रोजगार विभाग, (२०७०) काअनुसार हाल नेपालमा वैदेशिक रोजगार ऐन (२०६४) कार्यान्वयनमा छ । श्रम तथा रोजगार प्रर्वद्धन विभागमा आन्तरिक कार्यसञ्चालन कार्यविधि २०६० लागू गरिएको छ । हालसम्म विश्वमा १०९ वटा मुलुक (गणतन्त्र कंगो सहित) वैदेशिक रोजगारीका लागि खुल्ला गरिएका छन् भने १० वटा मुलुकसँग श्रम सम्झौता भइसकेको छ । नेपालमा वैदेशिक रोजगार प्रर्वद्धनबोर्डको गठन भई महिला, दलित, जनजाति, आदिवासी तथा द्वन्द्वपिडितहरूलाई प्राथमिकताका साथ वैदेशिक रोजगारीमा पठाउने अभिप्रायले नेपाल सरकारले १२ प्रतिशत सिट आरक्षणको व्यवस्था गरेको छ ।

टोडारो, (२००५) काअनुसार बसाई सराई दुई ठाउँको अनुमानित आयको अन्तरले हुने बताउँछन् । आय कम हुने ठाउँबाट बढि आय हुने ठाउँ तर्फ मानिसहरू रोजगारीमा गएको पाइन्छ । मानिसहरू आय कम हुने र बेरोजगारीको अवस्था बस्नुपर्ने दुर्गम

ठाउँहरूबाट रोजगारका अवसरहरू बढि प्राप्त हुने ठाउँ तर्फ आकर्षित भई बसाई सर्ने गरेको कुरा उल्लेख गरेको पाइन्छ । उनका अनुसार नयाँ ठाउँमा काम पाउने सम्भावना र त्यस नयाँ ठाउँको बेरोजगारी दर बीच विपरीत सम्बन्ध हुन्छ ।

राजभण्डारी, (२०६९) काअनुसार नेपालमा हालसम्म ५२ वटा रेमिट्यान्स कम्पनी दर्ता भएका छन् । तर सबै दर्ता अनुसार कम्पनीहरूले रेमिट्यान्सको काम गरेका छैनन् । केही कम्पनीले हुन्डीको समेत काम गर्ने गरेका छन् । पछिल्ला समयमा बैकहरूले पनि रेमिट्यान्सको काम गर्न थालेपछि रेमिट्यान्स कम्पनी प्रभावित भएका छन् । विदेशमा गएका नेपालीको रेमिट्यान्स कम्पनीबाट पैसा पठाउनु पर्छ भन्ने बुझेका छन् त्यसैले यसको महत्व बढ्दै गएको छ । रेमिट्यान्स कम्पनीहरूमा प्रतिस्पर्धा बढेको छ । वैदेशिक मुद्रा पनि एकरूपता छैन । राष्ट्रबैंकले रेमिट्यान्स कम्पनीहरूको लागि छुट्टै विदेशी विनिमय दर निर्धारण गरिदिनुपर्छ । रेमिट्यान्स कम्पनी खुलेपछि अहिले विदेशबाट ८० प्रतशित रकम बैकिङ च्यानलबाट भित्रिएको छ । दक्षिण कोरियाबाट अझै पनि हुन्डीबाट रकम नेपाल भित्रने गरेको छ । यसको नियन्त्रण गर्ने सरकार आफैले पहल गर्नुपर्दछ । अहिले साउदी अरब, युएइ, दुबई, मलेसिया, कोरिया, जापान जस्ता मुलुकहरूबाट रेमिट्यान्स बढी भित्रिने गरेका छन् । बेलायत र अमेरिकाबाट थोरै रकम भित्रिने गरेका छन् । रेमिट्यान्स रकम कामदारको आवश्यकता, वस्तु खरिदमा बढि खर्च भइरहेको छ । राज्यले नीति बनाएर रेमिट्यान्स रकमलाई उत्पादनमूलक लगानी गर्नु पर्छ । त्यसका लागि सरकारले ठोस नीति ल्याउनु पर्छ । रेमिट्यान्सबाट देश चलेको भए पनि वैदेशिक रोजगारमा जाने कामदारलाई सरकारले कुनै सुविधा र सम्मान दिन सकेको छैन । तर भारत तथा पाकिस्तानमा रेमिट्यान्स पठाएर स्वदेश फर्कनेलाई सम्मानका साथ हेर्ने चलन छ, कामदारलाई पठाउने रकममा लाग्ने कमिशन रकम सरकारले उपलब्ध गराएर उनीहरूलाई प्रोत्साहन दिने गर्दछ ।

नेपाल, (२०७०) काअनुसार करिब ३० लाखभन्दा बढि नेपाली कामदार देशबाहिर रहेको अनुमान छ । देशको बेरोजगारी अवस्थामा कमी ल्याउन, गरिबी न्यूनीकरण गर्न र अर्थतन्त्रको सुदृढीकरणमा वैदेशिक रोजगारबाट योगदान पुगेको छ । नेपाल जीवनस्तर सर्वेक्षण, (२०६६/६७) काअनुसार एक वर्षमा देशभरका ५६ प्रतिशत परिवारले विप्रेषणको रकम प्राप्त गर्दछ । यी मध्ये ५५ प्रतिशत स्वदेशबाट १९ प्रतिशत भारतबाट र २३ प्रतिशत अन्य मुलुकबाट प्राप्त भएको छ । पहिलो जीवनस्तर सर्वेक्षणले जम्मा २३ प्रतिशत परिवारले

विप्रेषण प्राप्त गरेको देखाएकोमा १५ वर्षपछि तेस्रो सर्वेक्षणमा परिवारको कुल आम्दानीमा विप्रेषणको हिस्सा पनी बढ्दै गएको छ र यो आम्दानी २०५५/५६ मा जम्मा २७ प्रतिशत थियो भने २०६६/६७ मा ३१ प्रतिशत छ । कुल कामदारको सबैभन्दा बढी मलेसियामा ३२ प्रतिशत, कतारमा २८ प्रतिशत, साउदी अरबमा २८ प्रतिशत र संयुक्त अरब इमिरेट्समा १२ प्रतिशत छ । २०५९/६० देखि हालसम्म विप्रेषण र कुल ग्राह्स्थ उत्पादनको अनुपात ११ बाट बढेर करिब २३ प्रतिशतसम्म पुगेको छ ।

नेपाल, (२०७०) काअनुसार पश्चिमाञ्चलबाट २३ प्रतिशत र मध्यपश्चिमाञ्चलबाट ९ प्रतिशत र सुदुर पश्चिमाञ्चलबाट १.५ प्रतिशत जनसंख्या वैदेशिक रोजगारमा गएको तथ्याङ्कले देखाउँछ । यसमा पश्चिमाञ्चलबाट १.५ प्रतिशत जनसंख्या गएका छन्, जहाँ ४६ प्रतिशत जनता गरिब छन् । विप्रेषणबाट आएको पैसा घरपरिवारले सबैभन्दा बढि ७९ प्रतिशत उपभोगमा खर्च गर्दछ । पूँजी निर्माणमा अन्ततः न्यून आम्दानी खर्च हुने भएको हुँदा अनुत्पादक क्षेत्रमा विप्रेषण बढी गएको छ । नेपालको जनसाङ्ख्यि बनोट अनुसार सबैभन्दा बढि ५७ प्रतिशत आर्थिक रूपमा सक्रिय जनसंख्या अहिले छ । नेपालले पठाउने जनशक्तिमा ७५ प्रतिशत अदक्ष, २३ प्रतिशत अर्धदक्ष र २ प्रतिशत दक्ष जनशक्ति छ । त्यसमा पनि वैदेशिक रोजगार विभागका अनुसार दक्ष जनशक्ति जम्मा ०.०२ प्रतिशतमात्र छ । यसरी आएको विप्रेषणलाई राष्ट्रिय स्तरमा उत्पादनमूलक क्षेत्रमा लगाउन सकेमात्र यसबाट दिर्घकालीन फाइदा लिन सकिन्छ । विकास मोडल निर्माण गर्ने १५ वटा व्यावसायिक तथा प्राविधिक तालिम केन्द्रको स्थापना, राष्ट्रिय गौरवका आयोजनाहरूमा विप्रेषण आम्दानी, लघु ऋण कार्यक्रम, विप्रेषण बैंक, विप्रेषण पेन्सनको व्यवस्था आदिद्वारा देशभित्र आएको विप्रेषणलाई अर्थतन्त्रमा स्वामित्व ल्याउन उपयोग गर्न सकिन्छ ।

## २.२ पूर्व अनुसन्धानात्मक साहित्यको पुनरावलोकन (Review of Emprical/ Previous Study)

रेग्मी, (२०६५) काअनुसार अध्ययनमा नेपाली कामदारहरू पारिवारिक आर्थिक कमजोर र स्वदेशमा रोजगारी नपाएको कारण विदेशिएको पाइन्छ । खाडीमुलुकमा कम आम्दानी भएतापनि उनीहरूले आफ्नो पारिवारिक आर्थिक, शैक्षिक आवश्यकताहरू आम्दानी अनुसार परिपूर्ति गरेको पाइएको छ । वैदेशिक रोजगारीले नेपाली कामदारहरूलाई

नकरात्मक प्रभाव भन्दा अध्ययन क्षेत्रमा ८१.४८ प्रतिशतको आर्थिक अवस्थामा सुधार ल्याएको कुरा उल्लेख गरेका छन् ।

पोखेल, (२०५७) काअनुसार उनले आफ्नो अध्ययनमा हाल वैदेशिक रोजगार प्रबर्द्धन केन्द्रहरू धेरै संचालनमा आई वैदेशिक रोजगारीमा जाने संख्या अधिक मात्रामा वृद्धि भएको जसले गर्दा नेपालबाट विशेषगरी कामदारहरू दक्ष तथा अर्धदक्ष जाने र काम अत्यन्तै जोखिम युक्त तथा कम पारिश्रमिक पाउने कुरा आफ्नो अध्ययनमा उल्लेख गरेका छन् । नेपालको श्रम बजारमा प्रतिवर्ष २ लाख जति श्रमशक्ति थपिने तर कम्तीमा १० प्रतिशत भन्दा पनि कमले उचित रोजगारी पाउन नसक्ने कुरा उल्लेख गरेका छन् । त्यसको समाधानका रूपमा वैदेशिक रोजगारी नै मुख्य आधार विन्दु हुने कुरा प्रस्ट पारिएका छन् ।

सापकोटा, (२०६९) काअनुसार युवा जनशक्ति भनेको देश निर्माणको आधार हो । नेपालबाट प्रतिदिन वैदेशिक रोजगारीमा जानेको संख्या १५०० भन्ने तथ्याङ्क पाइन्छ, तर त्यहाँबाट कति फर्किए वा फर्किएनन् भन्ने तथ्याङ्क पाइदैन । खाडि मुलुकभन्दा बाहिर विकसित मुलुक गएका युवाहरू स्वदेश फर्कन चाहदैनन् । जुन व्यक्तिमा प्रतिभा छ, त्यो व्यक्तिलाई विदेशमा पनि रुचाउँछन् । फलस्वरूप क्रमशः देशको प्रतिभा बाहिरिँदै गइरहेको छ । वैदेशिक रोजगारीमा गएको व्यक्तिहरूको घरपरिवारमा विभिन्न समस्याहरू उत्पन्न हुने गरेका तथ्य अनुसन्धानहरूले देखाइरहेका छन् । पारिवारिक बेमेलमा वृद्धि हुने, जसको हातमा विप्रेषण आउँछ उसले फजुल खर्च गर्ने, श्रीमती विदेशमा श्रीमान्ले र श्रीमान् विदेशमा छ भने श्रीमतीले अर्को विवाह गर्ने आदि समस्याहरू भित्रन्छन् ।

ज्ञवाली, (२०७०) काअनुसार स्वदेशमा कुनै काम नपाई समय खेर फालिरहेका युवाहरूले काम पाउने हुँदा देशको बेरोजगारी समस्या कम हुन्छ । अर्थात् वैदेशिक रोजगारले देशको रोजगारीमा वृद्धि गर्न सहयोग गरेको छ । वैदेशिक रोजगारीमा गएका युवाहरूले आर्जन गरेको कमाई स्वदेशमा ल्याउने हुँदा हाम्रो देशको विप्रेषणमा वृद्धि भएको छ । आर्थिक वर्ष २०६८/६९ मा रु. ३९५.६ अर्व विप्रेषण नेपाल आएको थियो । भने आर्थिक वर्ष २०६९/७० मा रु. ४३४.६ अर्ब विप्रेषण नेपाल आएको थियो । यो रकम कुल ग्राहस्थ उत्पादनसँगको अनुपात सोही वर्षको लागि क्रमशः २३.५ र २५.७ हुन आउँछ । वैदेशिक रोजगारीमा जानुभन्दा अघि केहि व्यक्तिहरू सीप सिकि जान्छन् भने धेरै व्यक्तिहरू वैदेशिक रोजगारमा गइसकेपछि सीप सिक्छन् । रोजगारीमा दिने वैदेशिक कम्पनीहरूले

कामदारहरूलाई सीप सिकाइ काममा लगाउने गर्दछन् । फलस्वरूप उनीहरू सीपयुक्त बन्दछन् र  पछि त्यो सीप स्वदेशी बजारमा प्रयोग गर्दछन् । यसले उनीहरूलाई स्वरोजगारमा सहयोग गरेको छ ।

पौडेल, (२०७१) काअनुसार नवशास्त्रीय अर्थशास्त्रीका अनुसार वैदेशिक बजारमा श्रमको माग र पूर्ति हुने कुरा देशगत रूपमा भौगोलिक भिन्नताले निर्धारण गर्दछ । यसका साथै दुवै देशका नीतिहरू लागत तथा लाभ विश्लेषण, व्यक्तिगत तथा सामाजिक कारण, प्राविधिक पक्ष पनि महत्त्वपूर्ण कारण हुन् । यसैगरी आधुनिक अर्थशास्त्रीहरूका अनुसार यी उल्लेखित कारणहरू पनि छन् जसले वैदेशिक रोजगारीको निर्धारण गर्दछ । उनीहरूका अनुसार परिवार वा पारिवारिक संरचना, सोच तथा पारिवारिक आम्दानीको स्तर, न्यून पारिवारिक जोखिम, पारिवारिक सम्पत्ती तथा ऋणको अवस्थाले पनि वैदेशिक रोजगारीमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्दछन् ।

लिम्बु, (२०७०) काअनुसार वैदेशिक रोजगारबाट कुल ग्राहस्थ उत्पादनको २१.२ प्रतिशत रकम भित्रिने, वैदेशिक रोजगारीमा बढि जाने उमेर समूह २६ देखि ३५ वर्ष उमेर समूहका व्यक्ति रहेका, आर्थिक तथा सामाजिक अवस्थामा सुधार आएको, कतिपय व्यक्तिहरू अज्ञानताको कारणले ठगिएका, रोजगारीको उत्तम विकल्पको रूपमा वैदेशिक रोजगारी रहेको जस्ता निष्कर्ष निकालेको थिए । उक्त शोधपत्रमा सरकार र वैदेशिक रोजगारमा गएकाहरू र चाहनेका लागि ८ वटा, वैदेशिक रोजगारमा गएकाहरू र एजेन्टका लागि ६ वटा, जि.वि.स. तथा गा.वि.स.का लागि ४ वटा सुझाव शोधकर्ताले प्रस्तुत गरेका छन् ।

## २.३ अध्ययनका लागि पुनरावलाकनको उपादेयता (Implicataion of the Review for the Study)

यस अध्ययनका लागि विभिन्न पत्रपत्रिका, लेख, रचना, जर्नल, प्रकाशित र अप्रकाशित शोधपत्रलाई आधार बनाइएको छ ।

पण्डित, (२०५७) काअनुसार विकासोन्मुख देशबाट विकसित देशहरूमा वैदेशिक रोजगार जाने कार्यबाट विदेशी मुद्रा आर्जन गर्ने र बेरोजगारीको समस्या समाधान हुने हुँदा विश्वको अर्थतन्त्रका वैदेशिक रोजागारीको महत्त्वपूर्ण स्थान रहने कुरा आफ्नो अध्ययनमा उल्लेख गरिएको छ । पोखेल, (२०५७) ले आफ्नो शोधकार्यमा नेपालबाट वैदेशिक

रोजगारीमा जाने युवायुवतिको संख्या वृद्धि भएका छन् । नेपालीहरूको विदेशमा जोखिमपूर्ण काम र कम पारिश्रमिक पाउने कुरा उल्लेख गरिएको छ । रेग्मी, (२०६५) काअनुसार वैदेशिक रोजगारीले नेपाली कामदारहरूको आफ्नो पारिवारिक आर्थिक क्षेत्रमा नकरात्मक प्रभाव भन्दा सकरात्मक प्रभाव परेको प्रष्ट पारेका छन् ।

सापकोटा, (२०६९) काअनुसार युवा जनशक्ति देश निर्माणका आधार हुन् । नेपालबाट दिन प्रतिदिन वैदेशिक रोजगारीमा जाने जनशक्ति वृद्धि भइरहेको छ । जसले गर्दा देशमा योग्य र प्रतिभाशाली जनशक्तिको अभाव रहेको कुरा उल्लेख गरिएको छ । राजभण्डारी, (२०६९) काअनुसार अहिले नेपालमा रेमिट्यान्स कम्पनीको मात्रा वृद्धि भइरहेको छ । जसले गर्दा रेमिट्यान्स कम्पनीहरूमा प्रतिस्पर्धा बढेको छ । वैदेशिक मुद्रामा एकरूपता छैन त्यसैले राष्ट्र बैंकले छुट्टै विदेशि विनिमयदर निर्धारण गरेको छ ।

टोडारो, (२००५) काअनुसार रोजगारीको शिलशिलामा बसाइसराईको प्रक्रियामा पनि वृद्धि भएको छ । दुर्गम स्थानबाट सुगम स्थानतर्फ र आय कम हुने स्थानबाट बढि हुने स्थान तर्फ तथा रोजगारी प्राप्त हुने स्थानमा बसाइ सर्ने प्रवृत्ति वृद्धि भएको छ । जसले गर्दा दुर्गम क्षेत्रमा मानिसको संख्या कम र रोजगारी प्राप्त गर्ने स्थानमा मानिसको जनसंख्या उच्च मात्रामा रहेको कुरा उल्लेख गरिएको छ ।


## २.४ अनुसन्धान अन्तर (Research Gap)

यस अध्ययनमा साहित्यको पुनरावलोकन पश्चात र यस अध्ययन बिचमा अनुसन्धान अन्तर (Research Gap) रहेको छ । साहित्यको पुनरावलोकन नमूना छनोट विधिको माध्यमबाट सीमित जनसंख्याबाट तथ्याङ्क लिई विश्लेषण गरिएको थियो भने यस अध्ययनमा वैदेशिक रोजगारीमा संलग्न हुने साथै यस अध्ययनमा संलग्न हुने शतप्रतिशत परिवारलाई लिइएको थियो । वैदेशिक रोजगारमा संलग्न हुने घरपरिवारलाई उद्देश्यात्मक नमूना छनोट विधिको माध्यमबाट छनोट गरी वास्तविक र यथार्थ तथ्याङ्क लिइएको छ । साहित्यको पुनरावलोकनमा प्रश्नावलीमा मात्र प्रयोग गरी तथ्याङ्क संकलन गर्दा सहि नहुने/सहि नभएको पनि हुन सक्दछ तर यस अध्ययनको निचोडमा वैदेशिक रोजागरमा संलग्न घरपरिवार तथा वैदेशिक रोजगारीबाट फर्किएका महिलाहरूलाई समावेश गरी लक्षित समूह छलफलको माध्यमबाट सत्य र यथार्थ तथ्याङ्क लिइएको छ । यस अध्ययनको

साहित्य पुनरावलोकनमा वैदेशिक रोजगारसँग सम्बन्धित घर परिवारको आर्थिक तथा शैक्षिक क्षेत्रको बारेमा विश्लेषण गरिएको छ । साथै विप्रेषणबाट उनीहरूको परिवारको शिक्षामा गरिएको लगानीलाई देखाइएको छ, जसले साहित्यको पुनरावलोकन प्रभावको विश्लेषण गर्न पनि सहज भएको छ ।

## २.५. अवधारणात्मक संरचना (Conceptual Framework)


यस अध्ययनका लागि अवधारणात्मक संरचना यस प्रकार रहेका छन्




स्रोतः वली, २०७२ ।

## २.६ अध्ययनको कार्यात्मक ढाँचा (Functional Framework of the Study)

विप्रेषणले वैदेशिक रोजगारीमा संलग्न महिलाहरूको पारिवारिक आर्थिक तथा शैक्षिक क्षेत्रमा पुऱ्याएको योगदान सम्बन्धी अवधारणात्मक ढाँचालाई निम्नानुसार उल्लेख गरिएको छ ।



# अध्याय : तीन (CHAPTER–THREE)

## ३. अनुसन्धान विधि (Research Methodology)

कुनै पनि अनुसन्धान उद्देश्य प्राप्तिका लागि विभिन्न विधिको प्रयोग गरिएको हुन्छ । यस विधिमा अनुसन्धानको ढाँचा, जनसंख्या र नमूनाका छनोट प्रक्रिया, तथ्याङ्क स्रोत, संकलनका साधनहरू, तथ्याङ्क संकलनका प्रक्रिया र तथ्याङ्क विश्लेषण बारे चर्चा गरिएको छ ।

## ३.१ अनुसन्धान ढाँचा (Research Design)

झापा जिल्ला महेशपुर गा.वि.स. मा विप्रेषणले वैदेशिक रोजगारीमा संलग्न महिलाहरूको पारिवारिक आर्थिक तथा शैक्षिक क्षेत्रमा पुऱ्याएको योगदान शिर्षकको अध्ययन वर्णनात्मक (Descriptive) तथा विश्लेषणात्मक (Analytical) ढाँचामा आधारित छ । यस शोधको उद्देश्य अनुसार तथ्याङ्क संकलन गर्न विभिन्न साधन अपनाइएको छ । तथ्याङ्क संकलनका साधनहरूमा प्रश्नावली, अवलोकन फारम, छलफल सूची रहेका छन् । यस अध्ययनका लागि आवश्यक पर्ने गुणात्मक तथा संख्यात्मक, प्राथमिक तथा द्वितीय स्रोतको प्रयोग गरिएको छ । प्राथमिक स्रोत अन्तर्गत वैदेशिक रोजगारमा गई हाल घरफर्किएका महिला एवं उनीहरूको परिवारको अभिभावकहरू लिइएको छ भने द्वितीय स्रोत अन्तर्गत विभिन्न दस्तावेज, लेख, रचना, पाठ्यपुस्तक, जर्नल, प्रतिवेदन र शोधपत्र आदि प्रयोग गरिएको छ ।

## ३.२ तथ्याङ्कको स्रोतहरू (Sources of Data)

कुनै पनि अनुसन्धानका उद्देश्य प्राप्त गर्नका लागि सहि तथ्याङ्क संकलन र विश्लेषण हुनुपर्दछ । भरपर्दो स्रोतबाट लिइएका तथ्याङ्कहरू नै सहि र विश्वासिलो हुने भएकाले अनुसन्धानको गहिराई र गहनता पुरा गर्न प्राथमिक र द्वितीय स्रोतको प्रयोग गरिएको छ ।

### ३.२.१ प्राथमिक स्रोत (Primary Data)

यस अध्ययनमा प्राथमिक तथ्याङ्कको प्रयोग गरिएको छ । प्राथमिक तथ्याङ्कका स्रोत वैदेशिक रोजगारमा संलग्न भई हाल घर फर्किएका महिलाहरू तथा उक्त महिलाको घरपरिवारको अभिभावक हुन् ।

### ३.२.२ द्वितीय स्रोत (Secondary Data)

यस अध्ययनका लागि प्रयोग गरिएको द्वितीय स्रोत अन्तर्गत गा.वि.स. कार्यालय महेशपुर, जि.वि.स. कार्यालय झापा, वैदेशिक रोजगार विभाग, नेपाल राष्ट्र बैंक, केन्द्रीय तथ्याङ्क विभाग, कार्यलयबाट प्रकाशित लेख, रचना, पाठ्यपुस्तक, जर्नल, प्रतिवेदन र शोधपत्रलाई द्वितीय स्रोतको रूपमा उपयोग गरिएको छ ।

## ३.३ जनसंख्या, नमूना आकार र नमूना छनोट रणनीति (Population, Sample Size and Sampling Strategy)

यस अध्ययनको जनसंख्या, नमूना आकार र नमूना छनोटलाई बुँदागत रूपमा यस प्रकार उल्लेख गरिएको छ ।

### ३.३.१ जनसंख्या (Population)

यस अध्ययन झापा जिल्लाको महेशपुर गा.वि.स. मा सम्पन्न गरिएको छ । यस गा.वि.स. मा घरधुरी संख्या २४९२ तथा कुल जनसंख्या १३२२७ रहेका छन् । जसमध्ये महिला ६५२७ र पुरुष ६७०० जना रहेका छन् । यो अध्ययन झापा जिल्लाको महेशपुर गा.वि.स. को वार्ड नं. १, ३, ५ र ६ मा वैदेशिक रोजगारीमा संलग्न महिलाहरूको अध्ययन गरिएको छ । यहाँ वैदेशिक रोजगारीमा संलग्न महिलाहरूको घरधुरी संख्या २१९ रहेको छ भने वैदेशिक रोजगारमा संलग्न २१९ जना महिलाहरू गरी जम्मा ४३८ यस अध्ययनको जनसंख्या हो ।

### ३.३.२ नमूना आकार (Sample Size)

यस अध्ययनमा वैदेशिक रोजगारीमा संलग्न महिला घरधुरी संख्या २१९ जना अर्थात् शतप्रतिशत र वैदेशिक रोजगारमा संलग्न मध्ये घर फर्किएको २० जना गरी जम्मा २३९ अर्थात् ५४.५६ प्रतिशत यस अध्ययनको नमूना आकार हो ।

### ३.३.३ नमूना छनोट रणनीति (Sampling Strategy)

विप्रेषणले वैदेशिक रोजगारमा संलग्न महिलाहरूको पारिवारिक आर्थिक तथा शैक्षिक क्षेत्रमा पुऱ्याएको योगदान नामक विषयमा निम्नानुसार नमूना छनोट गरिएको छ ।

१. यस अध्ययन झापा जिल्लाको महेशपुर गा.वि.स. लाई उद्देश्यमूलक नमूना छनोट विधिका आधारमा छनोट गरिएको छ ।

२ महेशपुर गा.वि.स. मा रहेका ९ वटा वार्डहरूबाट वार्ड नं. १, ३, ५ र ६ लाई उद्देश्यमूलक नमूना छनोट विधिको आधार छनोट गरिएको छ । किनभने यि वार्डहरूमा अन्य वार्डहरूको तुलनामा वैदेशिक रोजगारमा संलग्न घरपरिवारको संख्या उच्च रहेकाले छनोट गरिएको हो । जसलाई तालिका ३.१ मा देखाइएको छ ।

३. नमूना छनोटमा परेका वार्डहरू मध्ये वार्ड नं. १, ३, ५, र ६ मा क्रमशः ९९, ८३, १६ र २१ गरी जम्मा २१९ घरधुरी रहेका छन् । ति नमूना छनोटमा परेको २१९ घरधुरीबाट वैदेशिक रोजगारमा संलग्न २१९ महिलाहरू मध्ये हाल घरफर्किएका २० जना महिलाहरू रहेकाले संगणना विधि (Census Method) का आधारमा उक्त २० जनालाई नै छनोट गरी अध्ययनमा सहभागि गरिएको थियो ।

४. नमूना छनोटमा परेका घरधुरीबाट एक घर एक अभिभावक रहने गरी उद्देश्यात्मक नमूना छनोट विधिका आधारमा २१९ जनालाई छनोट गरिएको थियो ।

तालिका ३.१

वैदेशिक रोजगारमा संलग्न महिलाको नमूना छनोटको विवरण

| वार्ड नं. | कुल घरधुरी संख्या | वैदेशिक रोजगारमा संलग्न घरधुरी संख्या | वैदेशिक रोजगारीमा संलग्न महिलाको घरधुरी संख्या |
|---|---|---|---|
| १ | ११०९ | २१५ | ९९ |
| २ | १०८ | २० | ५ |
| ३ | ३९४ | ५१ | ८३ |
| ४ | ९४ | १५ | २ |
| ५ | १६४ | १९ | १६ |
| ६ | १९३ | २५ | २१ |
| ७ | ११९ | २२ | ५ |
| ८ | १९५ | २० | ३ |
| ९ | ११६ | १८ | ६ |
| जम्मा | २४९२ | ४०५ | २४० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७१ ।

## ३.४ अध्ययन क्षेत्र (Study Area)

पूर्वाञ्चल विकास क्षेत्रमा अवस्थित मेचि अञ्चल झापा जिल्लाको महेशपुर गा.वि.स.लाई अध्ययन क्षेत्र छनोट गरिएको छ ।

## ३.५ तथ्याङ्क संकलनका साधनहरू (Tools of Data Collection)

यस अध्ययनको उद्देश्य पूरा गर्नका लागि तथ्याङ्कको आवश्यकता पर्दछ । ति तथ्याङ्क संकलन गर्न विभिन्न साधनहरूको प्रयोग गरिएको छ । जुन निम्नानुसार प्रस्तुत गरिएको छ ।

### ३.५.१ प्रश्नावली (Questionnaire)

प्राथमिक तथ्याङ्क संकलन गर्नका लागि नमूना छनोटमा परेका अभिभावक तथा वैदेशिक रोजगारबाट फर्किएका महिलाहरूसँग अन्तवार्ता लिनका लागि तयार गरिएको संरचित प्रश्नावलीको नमूना क्रमश अनुसूची १ र अनुसूची २ मा देखाइएको छ ।

### ३.५.२ अवलोकन फारम (Observation Form)

यस अध्ययनको प्राथमिक तथ्याङ्क संकलनका साधनको रूपमा अवलोकन फारमलाई प्रयोग गरिएको थियो । विप्रेषणले वैदेशिक रोजागरीमा संलग्न महिलाहरूको घरपरिवारका सदस्यहरूको रहनसहन, खानपिन, घरपरिवारको अवस्था आदिको बारेमा प्रत्यक्ष अवलोकन गर्नका लागि आवश्यक अवलोकन फारम तयार गरिएको थियो । जसको नमूना अनुसूची ३ मा देखाइएको छ ।

### ३.५.३ छलफल सूची (Discussion Grid)

यस अध्ययनलाई पूरा गर्नको लागि वैदेशिक रोजगारमा गई फर्किएका महिलाहरू तथा अभिभावकहरूलाई छलफलमा सहभागी बनाइएको थियो । उक्त छलफल सञ्चालन गर्नका लागि आवश्यक छलफल सूची बनाइएको थियो । त्यसको नमूना अनुसूची ४ मा देखाइएको छ ।

## ३.६ तथ्याङ्क संकलनका तरिकाहरू (Techniques of Data Collection)

यस अध्ययनमा तथ्याङ्क संकलनका लागि अन्तवार्ता, सहभागितामूलक अवलोकन र लक्षित समूह छलफल तरिका प्रयोग गरिएको छ । जसलाई विस्तृत रूपमा तल वर्णन गरिएको छ ।

### ३.६.१ अन्तर्वाता (Interview)

यस अध्ययनका लागि आवश्यक तथ्याङ्क संकलन गर्नका लागि प्रत्यक्ष व्यक्तिगत अन्तवार्ता (Direct Personal Interview) विधि अन्तर्गत आमने सामने (Face to Face) अर्न्तवार्ता लिइएको थियो । प्रश्नावली लिएर अध्ययनकर्ता स्वयम् अध्ययन क्षेत्रमा गई वैदेशिक रोजगारीमा संलग्न भई फर्किएका महिलाहरू, उनीहरूका अभिभावकसँग विप्रेषणले आर्थिक तथा बालबालिकाहरूको शैक्षिक क्षेत्रमा पारेको प्रभाव कस्तो रहेको छ भनी अर्न्तवार्ता लिइएको थियो ।

### ३.६.२ सहभागितामूलक अवलोकन (Participatory Observation)

यस अध्ययनको उद्देश्यलाई पूरा गर्नको लागि अध्ययनकर्ता स्वयम् वैदेशिक रोजगारीमा संलग्न परिवारमा गई उनीहरूको आर्थिक अवस्था, घरको सरसफाइ, खानपिन, बोलीचाली, शौचालय व्यवस्था, घर, भान्साकोठाको व्यवस्थापन आदि प्रत्यक्ष अवलोकन गरिएको थियो ।

### ३.६.३ लक्षित समूह छलफल (Focus Group Discussion)

यस अध्ययनको उद्देश्यलाई पूरा गर्ने शिलशिलामा अनुसन्धानकर्ता उपस्थित भई आफ्नो अध्ययन क्षेत्रको वैदेशिक रोजगारबाट फर्किएका २० जना महिलाहरू मध्येबाट १० जना र वैदेशिक रोजागरीमा संलग्न महिलाहरूको अभिभावक १० जना गरी जम्मा २० जनाको एउटा समूह बनाई मिति २०७१-५-११ गते बुधबार दिउँसो १ बजे पशुपति प्रा.वि. मा जम्मा गरेर अनुसन्धानकर्ता स्वयम्ले छलफल सञ्चालन गरेको छ । जुन छलफलका उत्तर टिपोट गर्नका लागि यसै विद्यालयका प्रध्यानाध्यापक पशुराम राई र शिक्षक अर्जुन राजबंशीको सहयोग लिई उत्तर टिपोट गरिएको थियो ।

## ३.७ तथ्याङ्क विश्लेषणको तौरतरिकाहरू (Analysis Procedures)

अध्ययनको क्रममा उपलब्ध भएका तथ्यांकको विश्लेषण र प्रस्तुतिकरण मह□वपूर्ण कार्यको रूपमा पर्न आउँछ । त्यसैले यस अध्ययनमा शीर्षकको आधारमा तयार पारिएको उद्देश्य र त्यस अनुसार तयार पारिएको प्रश्नावली तथ्यांकलाई तालिकिकरण र स्तम्भ चित्रको माध्यमबाट देखाइएको छ । यस अध्ययनमा प्राथमिक र द्बितीय स्रोतबाट संकलित तथ्यांकलाई प्रस्तुत गरी व्याख्या र विश्लेषण गरिनुका साथै प्राप्त संख्यात्मक तथ्यांकलाई प्रतिशत र औषतका रूपमा तालिकामा प्रस्तुत गरिएको छ ।

# अध्याय : चार (CHAPTER–FOUR)

## ४. नतिजाको विश्लेषण र व्याख्या (Analysis and Interpretation of Result)

यस अध्यायमा अध्ययन क्षेत्रबाट प्राप्त भएको तथ्याङ्कहरूको व्याख्या विश्लेषण प्रस्तुत गरिएको छ ।

## ४.१ अध्ययन क्षेत्रको परिचय (Introduction of the Study Area)

पूर्वाअञ्चल विकास क्षेत्रमा पर्ने झापा जिल्ला स्थित महेशपुर गा.वि.स यस अध्ययनको अध्ययन क्षेत्र भएकाले उक्त क्षेत्रको संक्षिप्त परिचय यहाँ प्रस्तुत गरिएको छ ।

### ४.१.१ झापा जिल्लाको परिचय (Introduction of Jhapa District)

झापा नेपालको पूर्वाञ्चल विकास क्षेत्र भित्र पर्ने एक विकसित जिल्ला हो । मानव विकास समग्र सूचकाङ्कमा तेस्रो स्थानमा रहेको यस जिल्लाको सदरमुकाम चन्द्रगढी हो, जुन पूर्व पश्चिम राजमार्गको विर्तामोडबाट १३ कि मि दक्षिणमा पर्दछ । नेपालको सबैभन्दा होचो भू-भाग केचना कवल (५८ मी) र सबैभन्दा लामो पक्की पुल कन्काई (७०२ मी) पनि यसै जिल्लामा पर्दछ । यस जिल्लामा हवाई मैदान १ वटा भद्रपुर विमानस्थल रहेको छ भने सडक यातायातको स्थितिलाई हेर्दा कालोपत्रे १५६.२८ कि मि, ग्राभेल २७३.९ कि.मि र माटे बाटो १६६.०० कि.मि रहेको छ । यहाँ बैक, वित्तिय संस्थाहरूमा नेपाल बैक लिमिटेड ६ वटा, राष्ट्रिय वाणिज्य बैक ३ वटा, नेपाल राष्ट्र बैक १ वटा, क्षेत्रिय कृषि विकास बैक १ वटा, कृषि विकास बैक ५ वटा रहेका छन् । यस जिल्लामा हुलाक सेवा अन्तगर्त जिल्ला हुलाक कार्यालय १ वटा, इलाका हुलाक १७ वटा, द्रुत डाक सेवा २ वटा र अन्य अतिरिक्त हुलाक ३७ वटा रहेका छन् । यस जिल्लामा खेलकुदसँग आवद्ध क्लव जम्मा ३४ वटा र विभिन्न खेलका संघ जम्मा १० वटा रहेका छन् । यस जिल्लामा रहेका प्रमुख स्मारकहरूमा महेन्द्र, त्रिभुवन, भानु, रजतजयन्ती, लेखनाथ, वि. पी, देवकोटा, पारिजात, गोकुल जोशी, रामथापा, शहिद पार्क, गुरु फाल्गुनन्द, लक्ष्मी स्मारक रहेका छन् (जि.वि.स., २०७२) ।

## १. झापा जिल्लाको भौगोलिक स्थिति (Geographical Position of Jhapa District)

झापा जिल्ला पूर्वाञ्चल विकास क्षेत्र अन्तर्गतको मेचीअञ्चलमा पर्ने एक तराईको जिल्ला हो । यो पूर्णरूपमा तराईमा पर्दछ । यस जिल्लाको सदरमुकाम चन्द्रगढी हो, जुन पूर्वपश्चिम राजमार्गको विर्तामोडबाट १३ कि.मी दक्षिणमा पर्दछ । यस जिल्ला २३° २०' आक्षांस देखि २६° ५०' उत्तरी आक्षांशसम्म फैलिएको छ भने ८७° ३९' देशान्तर देखि ८८° १२' देशान्तर सम्म फैलिएको छ । यो जिल्ला १,६०६ वर्ग कि.मि. क्षेत्रफलमा फैलिएको छ । यस जिल्लाको पूर्वमा भारतको बंगाल राज्य, उत्तरमा ईलाम जिल्ला, दक्षिणमा भारतको विहार राज्य र पश्चिममा मोरङ्ग जिल्ला पर्दछ । यो जिल्ला पूर्वाअञ्चल विकास क्षेत्र, सदरमुकाम चन्द्रगढी, इलाका १७, संसदिय निर्वाचन क्षेत्र ७, नगरपालिका ६ र गा.वि.स ४१ वटा रहेका छन् (जि.वि.स., २०७२) ।

## २. हावापानी (Monson)

झापा जिल्लाको हावापानी अर्धउष्ण र उपोष्ण प्रकृतिको रहेको छ । गृष्मकालमा तापक्रम ३२ डिग्री देखि ३५ डिग्री सेल्सियस सम्म र शितकालमा ८ डिग्रि देखि १५ डिग्री सेल्सियस सम्म रहेको छ । यहाँको औषत वर्षा २७१.७५ मि. मि छ भने माटो अम्लिय किसिमको छ । यहाँका प्रमुख नदिहरूमा मावा, रतुवा, विरिङ्ग, मेची र कन्काई आदि हुन् । यो एक पर्यटकिय जिल्लाको रूपमा पनि परिचित छ । पर्यटकिय स्थलहरूमा केचना कवल, कन्काइ, दोमुखा, कृष्णथुम्कि, बर्ने चियावगान, बारादशी, कलवलगुडी, महेन्द्र पार्क, किचकवध आदि रहेका छन् भने धार्मिक स्थलका रूपमा कन्काईमाई, जलेश्वरधाम किचकवध, सतासीधाम, चिलागढ, शिवपार्वती मन्दिर, कोटिहोम, पताल कुवा, समयगढ, कृष्णथुम्कि मन्दिर, आदि रहेका छन् । यहाँका मुख्य पोखरी तालहरूमा केचना पोखरी विराट पोखरी, चिलागढ, गौराह पोखरी, धनुष पोखरी आदि रहेका छन् (जि.वि.स., २०७२) ।

## ३ जनसंख्याको अवस्था (Population Condition)

नेपालको झापा जिल्लामा जनसंख्या दिनप्रतिदिन वृद्धि भइरहेको छ । जसलाई तलको तालिकाबाट प्रष्ट पार्न सकिन्छ ।

**तालिका ४.१**

**जनसंख्याको अवस्था– २०७१**

| क्र.सं | विवरण | जनगणना | |
|---|---|---|---|
| | | २०५८ | २०६८ |
| १ | जम्मा घरधुरी | १,३७,३०१ | १,८४,५५२ |
| २ | जम्मा जनसंख्या | ६,८८,१०९ | ८,१२,६५० |
| | महिला | ३,४६,४३४ | ४,२७,५५४ |
| | पुरुष | ३,४१,६७५ | ३,८५,०९६ |
| ३ | औषत परिवार संख्या | ५.०१ | ४.४ |
| ४ | औषत वार्षिक जनसंख्या वृद्धिदर | १.४८ | १.६६ |
| ५ | पुरुष, महिला अनुपात | ९८.६३ | ९०.१ |
| ६ | जनघनत्व (व्यक्ति/वर्ग कि.मि) | ४२८ | ५०६ |

स्रोतः जि.वि.स., २०७२ ।

माथिको तालिका ४.१ मा झापा जिल्लाको वि.स २०५८ को जनसंख्याको अवस्थालाई देखाएको छ । वि.स २०५८ मा जम्मा घरधुरी संख्या १,३७,३०१ रहेको छ । कुल जनसंख्या ६,८८,१०९ रहेको यस जिल्लामा पुरुष ३४१६७५ छ भने महिलाको जनसंख्या ३,४६,४३४ रहेको छ । औषत वार्षिक जनसंख्या वृद्धिदर १.४८ रहेको छ । यस जिल्लामा पुरुष, महिला अनुपात ९८.६३ रहेको छ भने जनघनत्व (व्यक्ति/वर्ग कि.मि.) ४२८ रहेको छ ।

यस जिल्लाको वि.सं २०६८ को जनसंख्यालाई हेर्दा जम्मा घरधुरी १,८४,५५२ रहेको छ । कुल जनसंख्या ८,१२,६५० रहेको यस जिल्लामा पुरुष ३,८५,०९६ र महिलाको जनसंख्या ४,२७,५५४ रहेको छ । यस जिल्लाको औषत वार्षिक जनसंख्या वृद्धिदर १.६६ रहेको छ भने औषत परिवार संख्या ४.४ रहेको छ । यस जिल्लामा लैङ्गिक अनुपात ९०.१ र जनघनत्व (व्यक्ति/वर्ग कि.मि.) ५०६ रहेको छ (जि.वि.स., २०७२) ।

## ४ भू-उपयोगको अवस्था (Situation of Used Land)

नेपालको कुल भू-भागको १,५७,९०२ हेक्टर क्षेत्रफल झापा जिल्लाको ओगटेको छ जसमा ९८,७१६ हेक्टर क्षेत्रफलमा मात्र कृषि खेतीयोग्य जमिन रहेको छ । भू-उपयोगको अवस्थाको विस्तृत जानकारी तलको तालिकाबाट प्रष्ट पारिएको छ ।

**तालिका ४.२**
**भू-उपयोगको अवस्था – २०७१**

| विवरण | क्षेत्र (हेक्टर) | प्रतिशत |
|---|---|---|
| कुल क्षेत्रफल | १,५९,९०२ | १०० |
| कृषि खेतीयोग्य जमिन | ९८,७१६ | ६३ |
| बसोबास गरिएको क्षेत्र | २२,४८२ | १४.०५ |
| वनजंगलले ढाकेको क्षेत्र | १९,४५९ | १२ |
| चरण क्षेत्र | १,७४३ | १.११ |
| नदीनाला, भिरपाखा र अन्य | १७,५०२ | ११ |

स्रोतः जि.वि.स, २०७२ ।

प्रस्तुत तालिका ४.२ मा झापा जिल्लाको भू-उपयोगको अवस्थालाई देखाइएको छ । यस जिल्लाको कुल क्षेत्रफल १,५९,९०२ हेक्टर अर्थात् १०० प्रतिशत छ । जसमा कृषि खेतीयोग्य जमिन ९८,७१६ हेक्टर अर्थात् ६३ प्रतिशत, बसोबास गरिएको क्षेत्र २२,४८२ हेक्टर अर्थात् १४.०५ प्रतिशत, वनजंगलले ढाकेको क्षेत्र १९४५९ अर्थात् १२ प्रतिशत, चरन क्षेत्र १,७४३ हेक्टर अर्थात् १.११ प्रतिशत, नदिनाला, भिरपाखा र अन्य १७,५०२ हेक्टर अर्थात् ११ प्रतिशत रहेको छ ।

## ५ खाद्यान्न पर्याप्तता ( Food Sufficiency)

झापा जिल्लामा कुल कृषि योग्य जमिन ९८,७१६ हेक्टर रहेको छ । खेतियोग्य जमिनमा सिचाइ उपलब्ध ७३.९० प्रतिशत रहेको छ । झापा जिल्लामा खाद्यान्न पर्याप्तताको विवरण तल तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ४.३**
**खाद्यान्न पर्याप्तताको अवस्था-२०७१**

| खाद्यान्न पर्याप्तता | घरधुरी संख्या |
|---|---|
| ३ महिनाभन्दा कम खान पुग्ने | ९,९५० |
| ३ देखि ६ महिनासम्म खान पुग्ने | १७७०१ |
| ६ देखि ९ महिनासम्म खान पुग्ने | ७७५० |
| ९ महिना भन्दा बढि खान पुग्ने | २३७०१ |

स्रोत: जि.वि.स., २०७२।

माथिको तालिका ४.३ मा झापा जिल्लाको खाद्यान्नको पर्याप्ततालाई देखाएको छ। यस जिल्लामा ३ महिना भन्दा कम खान पुग्ने घरधुरी संख्या ९,९५० छ भने ३ महिना देखि ६ महिनासम्म खान पुग्ने १७,७०१ घरधुरी संख्या छ। यस जिल्लामा ६ महिना देखि ९ महिनासम्म खान पुग्ने ७,७५० र ९ महिना भन्दा बढि खान पुग्ने २३,७०१ रहेको छ।

## ६. शैक्षिक अवस्था (Education Condition)

झापा जिल्लाको साक्षरता दर ७५.०९ प्रतिशत रहेको छ। जसमा पुरुष ८२.३४ र महिला ६८.६५ प्रतिशत रहेको छ। जसलाई यस जिल्लाको राम्रो साक्षरता प्रतिशत मान्न सकिन्छ। यस जिल्लाको शैक्षिक अवस्थाालाई तल तालिकाबाट प्रष्ट पार्न सकिन्छ।

**तालिका ४.४**
**झापा जिल्लाको शैक्षिक अवस्था-२०७१**

| विद्यालयको प्रकार | प्राथमिक | निम्न माध्यामिक | माध्यामिक | उच्च मा.वि |
|---|---|---|---|---|
| सामुदायिक जम्मा ३६० | १७५ | ८५ | ४८ | ५२ |
| तहगत सामुदायिक विद्यालय | ३५८ | १८५ | १०० | ५२ |
| समुदायद्वारा व्यवस्थित तह | १८८ | ९२ | ३६ | |
| संस्थागत विद्यालय | १३३ | ४३ | ९६ | ३३ |
| मदर्सा | ५० | | | |
| गुरुकुल | १५ | | | |
| अनौपचारीक खुल्ला विद्यालय | | २ | २ | |
| अनौपचारीक प्राथमिक विद्यालय | २ | | | |
| अनौपचारीक पौढ प्राथमिक विद्यालय (गृहणी शिक्षा) | २ | | | |

**अन्य :-**

| | |
|---|---|
| प्रारम्भिक बालविकास केन्द्र | ६७१ |
| सामुदायिक अध्ययन केन्द्र | ६ |
| स्रोत केन्द्र | १७ |
| निरीक्षण क्षेत्र | ८ |
| आयमूलक समूह | ३०९ |

स्रोत : जि.वि.स., २०७२ ।

माथिको तालिका ४.४ मा झापा जिल्लाको शिक्षाको अवस्थालाई देखाइएको छ । झापा जिल्लामा सामुदायिक ३६० वटा विद्यालय रहेका छन् । जसमा प्राथमिक १७५, निम्न माध्यमिक ८५ वटा, माध्यमिक ४८ वटा र उच्च माध्यमिक ५२ वटा, तहगत सामुदायिक विद्यालय प्राथमिक ३५८ वटा, नि.मा.वि. १८५ वटा, माध्यमिक १०० वटा र उच्च मा.वि ५२ वटा रहेका छन् । समुदायद्वारा व्यवस्थित तहमा प्राथमिक १८८ वटा, निम्न माध्यमिक ९२ वटा, माध्यमिक ३६ वटा रहेका छन् । यस जिल्लामा संस्थागत विद्यालय अर्न्तगत प्राथमिक १३३ वटा, निम्न माध्यमिक ४३ वटा, माध्यमिक ९६ वटा, उच्च माध्यमिक ३३ वटा रहेका छन् । यस जिल्लामा मदर्सा प्राथमिक ५० वटा र गुरुकुल १५ वटा रहेका छन् । यस जिल्लामा औपचारिक खुल्ला विद्यालय अन्तर्गत निम्न माध्यामिक २ वटा र माध्यमिक २ वटा रहेको छ । यस जिल्लामा अनौपचारीक प्राथमिक विद्यालयमा २ वटा र अनौपचारीक पौढ प्राथमिक विद्यालय (गृहणी शिक्षामा) मा २ वटा रहेको छ । झापा जिल्लामा यस बाहेक प्रारम्भिक बालविकास केन्द्र ६७१ वटा, सामुदायिक अध्ययन केन्द्र ६ वटा, निरीक्षण क्षेत्र ८ वटा, स्रोत केन्द्र १७ वटा र आयमूलक समूह ३०९ वटा रहेका छन् । यि माथिका तथ्याङ्कलाई हेर्दा यस जिल्लाको शैक्षिक अवस्था राम्रो रहेको बुझ्न सकिन्छ ।

## ७. आर्थिक अवस्था (Economic Condition)

झापा जिल्लाको दिर्घकालिन सोचको रूपमा आर्थिक विकास र पूर्वाधारले सुसम्पन्न एक समृद्ध जिल्ला बनाउने रहेको छ । आगामी दिनहरूमा यस जिल्लालाई समस्त नेपालको रूपरेखा प्रस्तुत गर्न सक्ने मोडेल जिल्लाको रूपमा बनाउने रहेको छ । यस जिल्लाका सबै गाँउ, बस्ती एवम् शहरहरूमा पूर्वाधारको राम्रो व्यवस्था गरी यहाँ कृषि, उद्योग, व्यवसाय फस्टाउने वातावरण तयार पारी, यहाँको जनताको जिवनस्तरमा सुधार ल्याउनका लागि

यहाँका जनतालाई आय र सम्पत्ति सिर्जना गर्ने काममा लाग्न सक्ने वातावरण बनाउन आवश्यक हुन्छ । झापा जिल्लाको आर्थिक अवस्थालाई तलको तालिकाबाट प्रष्ट पार्न सकिन्छ ।

**तालिका ४.५**

**आर्थिक अवस्था – २०७१**

| क.सं | विवरण | संख्या |
|---|---|---|
| १ | खेती तथा मत्स्यपालन | १,२५,०८५ |
| २ | वैदेशिक रोजगार | ८९,००० |
| ३ | विक्रि सेवा र उत्पादन मजदुर | ७०,७१० |
| ४ | प्राविधिक सेवा तथा मजदुरी | ९,३२४ |
| ५ | प्रशासनिक तथा अन्य सेवा | ४,२०० |
| ६ | अन्य उल्लेख नभएको कार्य | ७,२७२ |
| जम्मा | | ३,०५,५९१ |

स्रोतः जि.वि.स., २०७२ ।

माथिको तालिका ४.५ मा झापा जिल्लाको आर्थिक अवस्था अर्न्तगत पेशागत जनसंख्या विवरणलाई प्रस्तुत गरिएको छ । झापा जिल्लामा खेति तथा मत्स्यपालन गर्ने १,२५,०८५ जना, वैदेशिक रोजगारमा जाने ८९,००० जना, विक्रि सेवा र उत्पादन मजदुर ७०,७१० जना, प्राविधिक सेवा तथा मजदुरी ९,३२४ जना, प्रशासनिक तथा अन्य सेवा ४,२०० जना र अन्य उल्लेख नभएको कार्यमा ७,२७२ जना गरि जम्मा ३,०५,५९१ जना रहेका छन् ।

### ४.१.२ महेशपुर गा.वि.स को परिचय (Introduction of Mahespur VDC)

महेशपुर गा.वि.स नेपालको सुदुरपूर्वी जिल्ला झापाको सदरमुकामसँग जोडिएको एक गा.वि.स हो । यो गा.वि.स समुद्र सतहबाट कम्तीमा ७० मि देखि ९० मि सम्मको उचाईमा अवस्थित छ । धान र चिया खेतिको लागि प्रख्यात यो गा.वि.स मा नेपालकै सबैभन्दा पहिलो निजि क्षेत्रबाट सुरु गरिएको चिया बगान बुधकरण टि-स्टेर पनि पर्दछ । नेपालमो पूर्वि सिमाना मेची नदीपारी पनि नेपाल पर्दछ । जुन महेशपुरको २ नं वडा र थोरै मात्र ५ र ९ नं वार्डले परिचित छ । पूर्वाञ्चलकै सबैभन्दा पहिलो Agro Foresty Promotion Center ले रंगियाडाडा जंगलमा ९८.६ रेक्टर कबुलियत वनको रूपमा लिजमा लिई नेपालकै उत्कृष्ट जडिबुट्टी उत्पादन केन्द्रको रूपमा रूपान्तरण गर्दै आईरहेको छ ।

२६ डिग्रि २६ मिनेट देखि २६ डिग्री ३३ मिनेट उत्तर आक्षांश र ८८ डिग्रि ०७ मिनेट पूर्वि देशान्तरमा अवस्थित यो गा.वि.स को जम्मा भू-भाग (नापी कार्यालय, झापाको रेकर्ड अनुसार) ४०५८-०-६ धुर क्षेत्रफल रहेको छ । महेशपुर गा.वि.स समथर क्षेत्र मात्र भएको हुँदा पूर्वमा मेचि र पश्चिममा देवनिया खोलाको कारण कटान, भू-क्षय र बाढिको समस्या प्रायः देखिन्छ ।

केहि किम्बदन्ति अनुसार महशपुर गा.वि.स को नामाकरण निम्नानुसार रहन गएको छ । महेशपुर वडा नं ३ स्थित हालको भाडवारी गाउँमा पश्चिम नेपालबाट एक महेश नाम गरेका कायस्थ शिक्षाको प्रचार गर्दै त्यहाँ बस्न पुगेका थिए । उनले त्यहि बसि शिक्षाको प्रचार गर्दा गर्दै रहस्यमय तरिकाले मृत्यु भएको हुदा उनकै नामबाट यस गाउँको नाम महेशपुर रहन गएको भन्ने एक थरिको किम्बदन्ती छ भने अर्को तर्फ हालको महेशपुर २, ३, ४ मेचि नदिको किनारमा ग्वालाहरूले भैसी पालन गरि जीविकोपार्जन गर्ने गरेको र त्यस समयमा भैसीलाई महिष भन्दा भन्दै महशेपुर रहन गएको भन्ने किम्वदन्ती पनि छ (महेशपुर गा.वि.स. को कार्यालय, २०६८) ।

## १ हावापानी (Monson)

महेशपुर गा.वि.स. मा उष्ण मनसुनी (अर्धउष्ण) हावापानी पाइन्छ । गृष्मकालमा यहाँको तापक्रम ३२° देखि ३८° सेन्टिग्रेड सम्म पुग्दछ भने शीतकालमा १५° देखि १०° सेन्टिग्रेड सम्म पुगेको र न्यूनतम तापक्रम ८° सेन्टिग्रेड सम्म झरेको पाइन्छ । वर्षा ऋतुमा हिन्द महासागरको बंगालको खाडीबाट आउने मनसुनी हावाबाट यहाँ ७४० मि.मि. सम्म वर्षा हुने गरेको छ । यस गा.वि.स.को हावापानी ज्यादै उष्ण र शुष्क हुने हुदा स्वास्थ्यका लागि उपयोगी नभए पनि कृषि कार्यका लागि उपयोगी मानिन्छ (महेशपुर गा.वि.स. को कार्यालय, २०६८) ।

## २. जनसांख्यिक अवस्था (Population Condition)

महेशपुर गा.वि.स.को कुल घरधुरी संख्या २ हजार ४ सय ९२ छ । यस गा.वि.स. मा कुल जनसंख्या १३ हजार २ सय २७ जना छन् । महेशपुर गा.वि.स को जनसांख्यिक अवस्था तल प्रस्तुत गरिएको छ ।

**तालिका ४.६**

**जनसांख्यिक अवस्था-२०६७**

| वडा नं | कुल जनसंख्या (जना) | घरधुरी (परिवार संख्या) |
|---|---|---|
| महेशपुर १ | ५,९४० | १,१०९ |
| महेशपुर २ | ५८० | १०८ |
| महेशपुर ३ | २१६६ | ३९४ |
| " ४ | ५२३ | ९४ |
| " ५ | ९०० | १६४ |
| " ६ | ९७८ | १९३ |
| " ७ | ५९१ | ११९ |
| " ८ | ९४९ | १९५ |
| " ९ | ६०० | ११६ |
| जम्मा | १३,२२७ | २,४९२ |

(स्रोत : महेशपुर गा.वि.स. को कार्यालय, २०६८ ।

माथिको तालिका ४.६ मा महेशपुर गा.वि.सको वडागत रूपमा जनसंख्याको विवरण र घरधुरी संख्या देखाएको छ । यस गा.वि.स मा सबैभन्दा बढि जनसंख्या वार्ड नं १ मा ५९४० जना, सबैभन्दा कम जनसंख्या वार्ड नं ४ मा ५२३ रहेको छ । यस गा.वि.स. मा सबैभन्दा बढि घरधुरी वार्ड नं १ मा ११०९ रहेको छ भने सबैभन्दा कम घरधुरी वाड नं ४ मा ९४ रहेको छ ।

## ३ शिक्षाको अवस्था (Educational Condition)

महेशपुर गा.वि.स.मा प्रायः पढ्ने लेख्न जान्ने मानिसहरू ५२.३४ प्रतिशत रहेका छन्, भने साक्षर ८.६८ प्रतिशत रहेका छन् । यस गा.वि.स मा निरक्षर ३८.६३ प्रतिशत र नखुलेका ०.३६ प्रतिशत रहेका छन् । यस गा.वि.स.को शिक्षाको अवस्थालाई तल प्रस्तुत गरिएको छ ।

**तालिका ४.७**

**महेशपुर गा.वि.स को शिक्षाको स्थिति–२०६७**

| क.स | तह | महिला | प्रतिशत | पुरुष | प्रतिशत | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | लेख्नपढ्न जान्ने | २,३४१ | ४०.३३ | ३,४६४ | ५९.६७ | ५,८०५ | ५२.३४ |
| २ | साक्षर | ३९७ | ४१.३१ | ५६४ | ५८.६९ | ९६१ | ८.६७ |
| ३ | निरक्षर | २,७५६ | ६४.३३ | १,५२८ | ३५.६७ | ४,२८४ | ३८.६२ |
| ४ | नखुलेको | २४ | ६० | १६ | ४० | ४० | ०.३६ |

(स्रोत : महेशपुर गा.वि.स .को कार्यालय, २०६८ ।

माथिको तालिका ४.७ मा लेख्न पढ्न जान्ने महिलाको संख्या २,३४१ जना अर्थात् ४०.३३ प्रतिशत, पुरुषको संख्या ३,४६४ जना अर्थात् ५९.६७ प्रतिशत छ । कुल ५८०५ जना अर्थात् ५२.३४ प्रतिशत छन् । यसैगरी कुल साक्षर ९६१ जना अर्थात् ८.६७ प्रतिशत जसमा महिलाको साक्षर संख्या ३९७ जना अर्थात् ४१.३१ प्रतिशत र पुरुषको साक्षर संख्या ५६४ जना अर्थात् ५८.६९ प्रतिशत छ । महेशपुर गा.वि.स मा कुल निरक्षर संख्या ४२८४ जना अर्थात् ३८.६२ प्रतिशत जसमा महिलाको निरक्षर संख्या २७५६ जना अर्थात् ६४.३३ प्रतिशत र पुरुषको निरक्षर संख्या १५२८अर्थात् ३५.६७ प्रतिशत रहेको छ । यस गा.वि.समा नखुलेको कुल संख्या ४० जना अर्थात् ०.३६ प्रतिशत जसमा महिलाको नखुलेको संख्या २४ जना अर्थात् ६० प्रतिशत भने पुरुषको नखुलेको संख्या १६ जना अर्थात् ४० प्रतिशत रहेको छ ।

**तालिका ४.८**

**महेशपुर गा.वि.स. को शैक्षिक संस्थाहरूको विवरण –२०६७**

| वार्ड नं | प्राथमिक विद्यालयको संख्या | | नि.मा विद्यालयको संख्या | | मा.वि को संख्या | | अन्य विद्यालयको संख्या | |
|---|---|---|---|---|---|---|---|---|
| | सामुदायिक | संस्थागत | सामुदायिक | संस्थागत | सामुदायिक | संस्थागत | अपाङ्ग | वेद |
| १ | ० | ० | ० | ० | ० | ० | १ | ० |
| २ | १ | ० | ० | ० | ० | ० | ० | ० |
| ३ | ० | ० | १ | ० | १ | ० | ० | ० |
| ४ | १ | ० | ० | ० | ० | ० | ० | ० |
| ५ | १ | ० | १ | ० | ० | ० | ० | ० |
| ६ | ० | १ | ० | ० | | १ | ० | ० |
| ७ | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ८ | ० | ० | ० | ० | ० | ० | ० | १ |
| ९ | १ | ० | ० | ० | ० | ० | ० | ० |
| जम्मा | ४ | १ | २ | ० | १ | १ | १ | १ |

(स्रोत : महेशपुर गा.वि.स .को कार्यालय, २०६८)

माथिको तालिका ४.८ मा महेशपुर गा.वि.स.को शैक्षिक संस्थाहरूको तहगत विवरणलाई देखाइएको छ । जसमा प्राथमिक विद्यालयको कुल संख्या ५ वटा छ जसमा सामुदायिक विद्यालय ४ र संस्थागत विद्यालय १ छ । यस गा.वि.स मा निम्न माध्यमिक विद्यालय जम्मा २ वटा छ जसमा सामुदायिक विद्यालय मात्र छ भने संस्थागत विद्यालय छैन । यस गा.वि.स.मा माध्यमिक २ वटा विद्यालय छ । जसमा सामुदायिक १ र संस्थागत १ वटा रहेको छ । त्यस्तै गरी अन्य विद्यालयको संख्या २ वटा छ । जसमा अपाङ्ग १ र वेद १ वटा रहेको पाइयो । यसरी जम्मा विद्यालय संख्या ११ वटा रहेको छ ।

## ४. आर्थिक अवस्था (Economic Condition)

महेशपुर गा.वि.स.को मानिसका आर्थिक अवस्थाको जानकारी पेसा मार्फत देखाइएको छ जसलाई तल प्रस्तुत गरिएको छ ।

## क. पेशा (Occupation)

महेशपुर गा.वि.स. मा रोजगारीको संभावना हुदाहुदैं पनि महिला भन्दा पुरुष बढि सक्रिय भई आफ्नो जिवनयापनलाई सुदृढ पार्दै गएका छन् । प्रायः जसो मानिसहरू परम्परागत कृषि पेशामा संलग्न छन् । उन्नत कृषि प्रणाली तर्फ प्रवेश गर्न नसकेकाले प्राय : कृषकहरूको जिवनस्तर न्यूनस्तरको छ । केहि मात्रामा खुलेका उद्योगधन्दाले पनि पर्याप्त रोजगारीको अवसर उपलब्ध गराउन सकेको छैन । यस गा.वि.स.मा केहि मानिसहरू नोकरी, व्यापार-व्यवसाय, शिक्षक, निजामती लगायतका क्षेत्रमा आवद्ध छन् । यति अवसरहरू हुदाहुदै पनि बेरोजगारलाई पर्याप्त रोजगारी उपलब्ध गराउन नसक्दा धेरै महिला, पुरुषको आकर्षणको केन्द्र वैदेशिक रोजगार बन्न पुगेको छ ।

**तालिका ४.९**

**पेशागत संरचना –२०६७**

| **कृषि पेशा** | | | **नोकरी गर्न** | | | **व्यापार** | | | **उद्योग** | | | **मजदुर** | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| १,८१९ | २,३७५ | ४,१९४ | ११० | २९५ | ४०५ | १०१ | १९२ | २९३ | ११९ | २७७ | ३९६ | ९७२ | १,०६२ | २,०३४ |

स्रोत : महेशपुर गा.वि.स .को कार्यालय, २०६८ ।

माथिको तालिका ४.९ मा महेशपुर गा.वि.स.को पेशागत संरचनालाई देखाइएको छ । यस गा.वि.स.मा सबैभन्दा बढि कृषि पेशामा संलग्न रहेका छन् ।कुल कृषि पेशामा ४१९४ जना संलग्न रहेका छन् । जसमा महिलाको कृषि पेशामा संलग्नता १८१९ जना भने पुरुषको कृषि पेशामा संलग्नता २३७५ जना रहेका छन् । यस गा.वि.स.मा नोकरीमा कुल संलग्नता ४०५ जना छन् । जसमा महिलाको नोकरीमा संलग्न संख्या ११० जना र पुरुषको २९५ जना रहेका छन् । यस गा.वि.स.मा व्यापारमा कुल संलग्न संख्या २९३ जना रहेका छन् । जसमा महिलाको व्यापारमा संलग्न संख्या १०१ जना र पुरुषको १९२ जना छन् । उद्योगमा कुल संलग्न संख्या ३९६ जना छन् । जसमा महिलाको उद्योगमा संलग्न संख्या ११९ जना र पुरुषको २७७ जना रहेका छन् । यस गा.वि.स. मा मजदुरीमा संलग्न संख्या २०३४ जना छन् । जसमा महिला मजदुरी संख्या ९७२ जना र पुरुषको १०६२ जना रहेका छन् ।

**तालिका ४.१०**
**मजदुरीका लागि विदेशिएका व्यक्तिहरूको विवरण-२०६७**

| लामो समय (६ महिना) मा सो भन्दा बढि विदेशमा काम गर्न गएका | | गत वर्ष मजदुरीको लागि वस्ती छोडी हिडेका जम्मा | | गत वर्ष मजदुरीको लागि वस्ती छोडी हिडेका १५ वर्ष मुनिका | |
|---|---|---|---|---|---|
| महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष |
| ४१ | ३६० | ४४ | १०१ | ५ | ३ |

स्रोत : महेशपुर गा.वि.स .को कार्यालय, २०६८ ।

माथिको तालिका ४.१० मा मजदुरीका लागि विदेशिएका व्यक्तिहरूको विविरण २०६८ मा उल्लेख गरिएको थियो । यस गा.वि.स.मा ६ महिला वा सोभन्दा बढि समय विदेशमा काम गर्ने कुल संख्या ४०१ जना छन् । जसमा महिलाको संख्या ४१ जना र पुरुषको ३६० जना रहेका छन् । यस गा.वि.स. मा गत वर्ष (२०६७) मा रोजगारीका लागि वस्ती छोडि हिडेका कुल संख्या १४५ जना रहेका छन् । जसमा महिला ४४ जना र पुरुष १०१ जना रहेका छन् । यस गा.वि.स.मा २०६७ मा मजदुरीको लागि वस्ती छोडि हिडेका १५ वर्ष मुनिका कुल संख्या ८ जना रहेका छन् । जसमध्ये महिला ५ जना र पुरुष ३ जना रहेका छन् ।

## ४.२ नमूना छनोट घरपरिवारको जनसांख्यिकीय अवस्था (Demographic Status of Sampled Household)

प्रत्येक समुदायको घरपरिवारको प्रकार फरक फरक हुन्छ । त्यसैले घरपरिवारको आकारमा पनि भिन्नता रहेको पाइन्छ । यस अध्ययन नमूना छनोटमा परेको परिवारको जनसंख्याको विवरणलाई तलको तालिकाबाट देखाइएको छ ।

**तालिका ४.११**
**घरपरिवारको जनसाख्यिकीय विवरण – २०७१**

| क्र.सं. | पारिवारिक संख्या | संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | ४-५ सम्म | १०८ | १३.२५ |
| २ | ५-६ सम्म | २३१ | २८.३४ |
| ३. | ६-७ सम्म | ३२५ | ३९.८८ |
| ४. | ७ देखि माथि | १५१ | १८.५३ |
| | जम्मा | ८१५ | १०० |

स्रोत: स्थलगत सर्वेक्षण, २०७१ ।

माथिको तालिका ४.११ काअनुसार परिवारको संख्या वा आकार ४ देखि ५ जना हुने घरपरिवार संख्या १०८ जना अर्थात् १३.२५ प्रतिशत छ । ५ देखि ६ परिवार संख्या हुने संख्या २३१ जना अर्थात् २८.३४ प्रतिशत छ । ६ देखि ७ सम्म हुने संख्या ३२५ जना अर्थात् ३९.८८ प्रतिशत र ७ देखि माथि परिवार संख्या हुने संख्या १५१ जना अर्थात् १८.५३ प्रतिशत छ । यहाँ २१९ घरधुरीमा ८१५ जना सदस्य रहेका छन् ।

### ४.२.१ उमेरगत जनसंख्या (Agewise Population)

प्रस्तुत अध्ययनमा नमूना छनोटमा परेका २१९ घरधुरीमा मानिसहरूको उमेर समूहको आधारमा रहेको जनसंख्यालाई सर्वेक्षण गरिएको छ । यस सर्वेक्षणका आधारमा महिला ४१८ जना अर्थात् ५१.२९ प्रतिशत र पुरुष ३९७ जना अर्थात् ४८.७१ प्रतिशत गरी कुल जनसंख्या ८१५ जना रहेको देखिन्छ । यसलाई तलको तालिकाबाट प्रस्ट रूपमा देखाउन सकिन्छ ।

**तालिका ४.१२**
**उमेरगत जनसंख्या – २०७१**

| क्र.सं. | उमेर | महिला | पुरुष | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | ०–५ | ७२ | ६८ | १४० | १७.१८ |
| २ | ५–१५ | ८० | ७२ | १५२ | १८.६५ |
| ३ | १५–२५ | १२६ | ११८ | २४४ | २९.९४ |
| ४ | २५–६० | ९० | ८६ | १७६ | २१.५९ |
| ५ | ६० वर्ष भन्दा माथि | ५० | ५३ | १०३ | १२.६३ |
| | जम्मा | ४१८ | ३९७ | ८१५ | १०० |
| औषत घरपरिवारको आकार : ८१५/२१९ = ३.७२ | | | | | |

स्रोत : स्थलगत सर्वेक्षण,२०७१ ।

माथिको तालिका ४.१२ काअनुसार अध्ययन क्षेत्रमा समावेश घरपरिवारको कुल जनसंख्या ८१५ रहेका छन् । ०-५ वर्ष सम्मको जम्मा जनसंख्या १४० (१७.१८%) रहेको छन्, जसमा महिला ७२ जना र पुरुष ६८ जना रहेको देखिन्छ । ५-१५ वर्ष सम्मको जम्मा जनसंख्या १५२ (१८.६५%) जसमध्ये महिला ८० जना र पुरुष ७२ जना रहेका छन् । १५-२५ वर्ष सम्म जम्मा जनसंख्या २४४ (२९.९४%) जसमध्ये महिला १२६ जना र पुरुष ११८ जना रहेका छन् । २५-६० वर्ष उमेरका जम्मा जनसंख्या १७६ (२१.५९%) जसमध्ये महिला ९० जना र पुरुष ८६ जना रहेका छन् र ६० वर्ष भन्दा माथि जम्मा १०३ (१२.६३%)

जसमध्ये महिला ५० जना र पुरुष ५३ जना रहेका छन् । यस गा.वि.स. मा औषत घरपरिवार आकार ३.७२ जना रहेका छन् ।

### ४.२.२ पेशाको आधारमा जनसंख्या ( Profession Based on Population)

यस अध्ययनका लागि छनोट गरिएका वैदेशिक रोजागरीमा संलग्न महिलाहरूको परिवारको पेशा विभिन्न किसिमको रहेको पाइन्छ । कृषि, नोकरी, ज्याला, मजदुरी जस्ता कार्यहरू गरी आफ्नो जीवनयापन गरेको पाइन्छ । यस अध्ययनमा ३९५ जना आश्रीत समूहमा परेकाले तिनीहरूलाई यस अध्ययनमा समावेश गरिएको छैन पेशागत रूपमा सक्रिय जनसंख्याको विवरणलाई विस्तृत रूपमा तल तालिकामा देखाइएको छ ।

**तालिका ४.१३**
**पेशाको आधारमा जनसंख्या – २०७१**

| क.सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | कृषि | १३७ | ३२.६२ |
| २. | ज्याला मजदुरी | ११८ | २८.०९ |
| ३. | नोकरी | ९१ | २१.६७ |
| ४. | व्यापार व्यवसाय | ७४ | १७.६२ |
| | जम्मा | ४२० | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७१ ।

माथिको तालिका ४.१३ काअनुसार महेशपुर गा.वि.स. मा वैदेशिक रोजगारीमा संलग्न महिलाको परिवारको पेशाको आधारमा जनसंख्या देखाइएको छ । जसमा कृषि पेशामा १३७ जना अर्थात् ३२.६२ प्रतिशत संलग्न छन् । त्यस्तै ज्याला मजदुरीमा ११८ जना अर्थात् २८.०९ प्रतिशत संलग्न छन् । नोकरीमा ९१ जना अर्थात् २१.६७ प्रतिशत संलग्न छन् भने व्यापार व्यवसायमा ७४ जना अर्थात् १७.६२ प्रतिशत संलग्न रहेका छन् ।

### ४.२.३ जातिगत जनसंख्या (Castewise Population)

महेशपुर गा.वि.स.मा विविध जातजातिका मानिसहरूको बसोबास रहेको छ । यहाँ विविध जातजातिहरू बिच आपसी मेलमिलाप सहयोगी भावनाका साथ मिलेर बसेका छन् । यस गा.वि.स. का ८१५ परिवारको संख्यालाई जातिगत रूपमा तल प्रस्तुत गरिएको छ ।

**तालिका ४.१४**
**जातिगत जनसंख्या– २०७१**

| क्र.सं. | जाति | संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | ब्राह्मण | १०८ | १३.२५ |
| २. | क्षेत्री | २०० | २४.५४ |
| ३. | राई | १५० | १८.४० |
| ४. | लिम्बु | ३७ | ४.५४ |
| ५. | तामाङ्ग | ७५ | ९.२० |
| ६. | दलित | ८० | ९.८२ |
| ७. | मगर | ६५ | ७.९८ |
| ८. | नेवार | १०० | १२.२७ |
|  | जम्मा | ८१५ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७१ ।

माथिको तालिका ४.१४ काअनुसार महेशपुर गा.वि.स. मा क्षेत्री सबैभन्दा बढि २०० (२४.५४ %) रहेका छन् भने दलित ८० (९.८२ %) रहेका छन् । ब्राह्मण १०८ (१३.२५ %), राई १५० (१८.४०% ), लिम्बु ३७ (४.५४ %), तामाङ्ग ७५ (९.२० %) रहेका छन् । यस गा.वि.स. मा मगर ६५ (७.९८ %) र नेवार १०० (१२.२७ %) रहेका देखिन्छ ।

### ४.२.४ उमेरगत वैदेशिक रोजगारमा संलग्न महिला संख्या (Agewise participation in foreign Employment)

उमेरगत हिसावमा अध्ययन क्षेत्र महेशपुर गा.वि.स. मा वैदेशिक रोजगारी सेवामासहभागी कामदारहरूलाई विभिन्न समूहमा विभाजन गरिएको छ । आर्थिक सर्वेक्षण २०७१ अनुसार १५-५९ सम्मको उमेरलाई आर्थिक दृष्टिकोणले सक्रिय समूह मानिन्छ । तथापि  वैदेशिक रोजगारमा जानको लागि १८ वर्ष नाघेको र ४० वर्ष पुरा नगरेकाले मात्र आवेदन पाउने नियम छ । अध्ययन क्षेत्रमा उमेरगत वैदेशिक रोजगारीमा सहभागि भएका महिलाहरूको अवस्था निम्नानुसार रहेका छन् ।

**तालिका ४.१५**

**उमेरगत रूपमा वैदेशिक रोजगारीमा सहभागि महिलाहरूको विवरण – २०७१**

| उमेर समूह | महिला संख्या | प्रतिशत |
|---|---|---|
| २० वर्ष -२५ वर्ष सम्म | ८१ | ३६.९९ |
| २५ वर्ष -३० वर्ष सम्म | ९५ | ४३.३८ |
| ३० वर्ष -३५ वर्ष सम्म | ४३ | १९.६३ |
| जम्मा | २१९ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७१ ।

माथिको तालिका ४.१५ मा उमेरगत रूपमा वैदेशिक रोजगारीमा सहभागि महिलाहरूको विरणलाई देखाइएको छ । वैदेशिक रोजगारीमा २० वर्ष देखि २५ वर्ष सम्मका महिला ८१ जना अर्थात् ३६.९९ प्रतिशत रहेका छन् । २५ वर्ष देखि ३० वर्ष सम्मको ९५ जना महिला अर्थात् ४३.३८ प्रतिशत र ३० वर्ष देखि ३५ वर्ष सम्मको ४३ जना महिला अर्थात् १९.६३ प्रतिशत रहेको देखिन्छ ।

### ४.२.५ जातिगत रूपमा वैदेशिक रोजगारमा सहभागिता (Castwise participation in Foreign Employment)

महेशपुर गा.वि.स.मा जातिगत विविधता रहेको छ । यहाँ विभिन्न जातिको बाहुल्यता रहेको पाइन्छ । यस गा.वि.स. मा राई, लिम्बु, तामाङ्ग, मगर, बाहुन, क्षेत्री, दलित जस्ता जातिको बसोबास रहेको छ । उक्त समुदायको आर्थिक अवस्था कमजोर भएका कारण आर्थिक अवस्था सुधार ल्याउन तथा आफ्ना बालबालिकाको उज्वल भविष्य निर्माण गर्नका लागि महिलाहरू वैदेशिक रोजगारीमा गएको देखिन्छ । जातिगत रूपमा वैदेशिक रोजगारीमा सहभागिहरू निम्नानुसार रहेका छन् ।

तालिका ४.१६

जातिगत रूपमा वैदेशिक रोजगारीमा सहभागि महिलाहरूको विवरण – २०७१

| जात | महिला | प्रतिशत |
|---|---|---|
| ब्राह्मण | २३ | १०.५० |
| क्षेत्री | २९ | १३.२४ |
| जनजाति | ९३ | ४२.४७ |
| दलित | ७४ | ३३.७९ |
| जम्मा | २१९ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७१ ।

तालिका ४.१६ काअनुसार जातिगत रूपमा वैदेशिक रोजगारीमा जाने महिलाहरूमा सबैभन्दा बढि जनजाति ९३ जना अर्थात् ४२.४७ प्रतिशत रहेका छन् । वैदेशिक रोजगारीमा जाने दोस्रो जातिमा दलित ७४ जना अर्थात् ३३.७९ प्रतिशत रहेका छन् । तेस्रो जातिमा क्षेत्री २९ जना अर्थात् १३.२४ प्रतिशत र चौथो जातिमा ब्राह्मण २३ जना अर्थात् १०.५० प्रतिशत रहेको देखिन्छ ।

## ४.२.६ देशगत वैदेशिक रोजगारीमा सहभागी (Countriwise Incloud in Foreign Employment )

नेपाल अन्य विकसित मुलुकको तुलनामा पुग्न अझै धेरै आर्थिक र सामाजिक उन्नति हुन आवश्यक छ । नेपालमा परम्परागत कृषि प्रणाली, औद्योगिक क्षेत्रको अभाव, प्राविधिक पछ्यौटेपन, राजनीतिक अस्थिरता आदि कारणले रोजगारीको अभाव भई बेरोजगारी दिन प्रतिदिन बढेको छ । जसले गर्दा मानिसहरू वैदेशिक रोजगारीतर्फ आकर्षित छन् । यस झापा जिल्लाको महेशपुर गा.वि.स.मा वैदेशिक रोजगारीमा जाने महिलाको ठूलो लहर चलेको छ । यहाँ वैदेशिक रोजगारमा संलग्न महिला कामदारहरूलाई तल तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ४.१७**
**वैदेशिक रोजगारमा संलग्न महिला कामदारहरूको विवरण – २०७१**

| देश | महिला संख्या | प्रतिशत |
|---|---|---|
| कुवेत | ३९ | १७.८० |
| साउदि अरब | १४ | ६.३९ |
| मलेशिया | ३२ | १४.६१ |
| ओमन | ७१ | ३२.४२ |
| इजरायल | २८ | १२.७९ |
| कतार | १९ | ८.६८ |
| दुबई | १६ | ७.३१ |
| जम्मा | २१९ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७१ ।

माथिको तालिका ४.१७ मा वैदेशिक रोजगारमा संलग्न महिला कामदारहरू देखाइएको छ । यहाँ सबैभन्दा बढि महिलाहरू ओमन ७१ जना अर्थात् ३२.४२ प्रतिशत र सबैभन्दा कम साउदि अरब १४ अर्थात् ६.३९ प्रतिशत गएका छन् । महिलाहरू कुवेतमा ३९ जना अर्थात् १७.८० प्रतिशत, दुबइ १६ जना अर्थात् ७.३१ प्रतिशत, मलेशिया ३२ जना, अर्थात् १४.६१ प्रतिशत, इजरायल २८ जना अर्थात् १२.७९ प्रतिशत, कतार १९ अर्थात् ८.६८ प्रतिशत गएका छन् ।

### ४.२.७ वैदेशिक रोजगारीमा संलग्न महिलाको तालिम (Training of the Women Engaged in Foreign Employment)

यस अध्ययनमा महेशपुर गा.वि.स.का महिलाहरू वैदेशिक रोजगारीमा जाँदा धेरैले तालिम नलिई गएको देखिन्छ । महिलाहरू तालिम नलिई विदेश जाँदा उनीहरूले विदेशमा धेरै समस्या तथा कठिनाइको सामना गर्न बाध्य छन् । त्यसैले विदेश जाने महिलाको तालिमबाट सीप सिकेर मात्र जानु पर्दछ । यस गा.वि.स. बाट विदेश गएका विदेशमा गएका महिलाहरूले सबैभन्दा बढि तालिम नलिइकन १२२ जना गएका छन् भने तालिम लिएर जाने ९७ जना रहेका छन् ।

महिलाहरूले लिने तालिममा ब्युटिसियनको तालिम र प्रायः महिलाहरू घरमा काम गर्न जाने भएकाले सामान्य तथा इलेक्ट्रिक सामान चलाउने तालिम जस्तै वासीङ मेसीन चलाउने, फ्रिज चलाउने, भ्यकुम क्लिनर, माइक्रो ओभन जस्ता तालिम लिन्छन् । आफू जाने देशको सामान्य भाषा सम्बन्धि ज्ञान लिन्छन भने सेल्सम्यान का लागि अपार्टमेन्ट र सुपरमार्केटमा पहिले नै काम गरेको हुनुपर्छ ।

**तालिका ४.१८**
**तालिमको अवस्था–२०७१**

| क्र.स.. | तालिम | संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | लिएका | ९७ | ४४.२९ |
| २. | नलिएका | १२२ | ५५.७१ |
| | जम्मा | २१९ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७१ ।

माथिको तालिका ४.१८ मा महेशपुर गा.वि.स.मा वैदेशिक रोजगारमा संलग्न महिलाको तालिमको अवस्थालाई देखाइएको छ । यस गा.वि.स. बाट तालिम प्राप्त गरी ९७ जना (४४.२९%) महिला विदेश गएका छन् भने तालिम नलिई विदेश जाने महिला संख्या १२२ जना (५५.७१%) रहेको देखिन्छ । यस अध्ययनबाट के प्रष्ट हुन्छ भने तालिम नलिई विदेश जाने महिलाको संख्या बढि देखिन्छ । यस कारण विदेशमा महिलाहरूले धेरै दुःख भोग्न बाध्य भएका छन् ।

### ४.२.८ वैदेशिक रोजगारको माध्यम र खर्च (Medium and Expenditure of Foreign Employment)

नेपाली कामदार स्वदेशमा रोजगारी नपाएर भौतारिएको अवस्थामा वैदेशिक रोजगारी एउटा उत्तम गन्तव्य भएको छ । तर उपयुक्त ज्ञान, जानकारीको अभावमा सम्बन्धित मेनपावर सम्म पुग्ने पहुँच पुग्दैन, जसले गर्दा उनीहरू विभिन्न दलालका हातमा पर्दछन् । कुन देशको लागि कति रकम तिर्नु पर्दछ भन्ने ज्ञान नभएकाले तिर्नुपर्ने रकम भन्दा बढि दलाललाई बुझाउँदछन् । जसले गर्दा विदेश जाँदा गरेको लगानि अत्यधिक हुन्छ र ऋण तिर्न धेरै समय र आम्दानी खर्च गर्नु पर्दछ ।

## १. विदेश काम गर्न गएका माध्यम (Medium of Foreign Employment)

महेशपुर गा.वि.स. मा वैदेशिक रोजगारीमा जाने तीन वटा कारणहरू रहेका छन् । जसलाई निम्नानुसार वर्णन गरिएको छ ।

**क. दलाल** : दलाललाई अर्को शब्दमा एजेन्ट, ब्रोकर पनि भनिन्छ । गाउँघरका महिलाहरू सिधै इजाजत प्राप्त संस्था सम्म जादाँ आफ्नो लगानी डुब्ने वा पैसा लगेर भाग्ने हो कि भनि डराउदछन् । त्यसैले गाउँघरका वैदेशिक रोजगारी सम्बन्धी जाने बुझेको व्यक्तिको सम्पर्कबाट अनुमति प्राप्त संस्थामा जाने गर्दछन् । यसरी लगे बापत दलालले कम्पनी र व्यक्ति दुबै बाट पैसा लिने गर्दछन् ।

**ख. इजाजत प्राप्त संस्था** :इजाजत प्राप्त संस्था भनेको वैदेशिक रोजगार विभाग बाट अनुमति प्राप्त संस्था हो । यस संस्थाबाट वैदेशिक रोजगारीमा जादा सम्बन्धित देशबाट कामदारको माग आउँदछ ।वैदेशिक रोजगारीमा जान इच्छुक व्यक्तिको पासपोर्ट स्क्यानिङ गरि सम्बन्धित कम्पनीमा पठाइन्छ र सम्बन्धित कम्पनीलाई उपयुक्त लागेमा भिजा पठाउदछ र श्रम स्विकृति लिई, जीवन बिमा गरि विदेश जाने गर्दछन् ।

**ग. व्यक्तिगत प्रयास** : व्यक्तिगत प्रयासबाट विदेश जानका लागि विदेश गइसकेका अन्य व्यक्तिले कम्पनीबाट भिजा निकाली राजदुतावासमा बुझाउँदछ र राजदुतावासबाट स्विकृती गरि सम्वन्धित व्यक्तिलाई भिजा पठाउदछ त्यस पछि व्यक्तिले श्रम स्विकृति लिई आफैले प्लेन टिकट गरि विदेश जान्छन् ।

महेशपुर गा.वि.स. का महिलाहरू विदेश काम गर्न गएका माध्यमहरू तलको तालिकामा देखाउन सकिन्छ ।


**तालिका ४.१९**
**विदेश काम गर्न गएका माध्यमहरूको विवरण – २०७१**

| क.सं. | विवरण | महिलाको संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | दलाल | ९५ | ४३.३८ |
| २. | इजाजत प्राप्त संस्था | ७७ | ३५.१६ |
| ३. | व्यक्तिगत प्रयास | ४७ | २१.४६ |
| | जम्मा | २१९ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७१ ।

माथिको तालिका ४.१९ मा महिलाहरू वैदेशिक रोजगारीमा जाँदा दलाल मार्फत सबैभन्दा बढि ९५ जना अर्थात् ४३.३८ प्रतिशत गएका छन् । इजाजत प्राप्त संस्थाबाट ७७ जना अर्थात् ३५.१६ प्रतिशत, व्यक्तिगत प्रयासबाट ४७ जना अर्थात् २१.४६ प्रतिशत रहेको छ । यसलाई तल रेखाचित्रबाट पनि देखाउन सकिन्छ ।

**चित्र १**
**विदेश काम गर्न गएका माध्यमहरू – २०७१**




माथिको रेखाचित्रमा महिलाहरूको विदेश जाँदा प्रयोग गरिएको माध्यमलाई देखाइएको छ । यहाँ दलालका माध्यमबाट ४३.३८ प्रतिशत, इजाजत प्राप्त संस्थाबाट ३५.१६ प्रतिशत र व्यक्तिगत प्रयासबाट २१.४६ प्रतिशत रहेको पाइएको छ ।

## २. विदेश काम गर्न जाँदा लागेको गतहगत खर्च (Levelwise Expenditure of Foreign Employment)

झापा जिल्लाको महेशपुर गा.वि.स. का महिलाहरू विदेश काम गर्न जाँदा लागेको खर्चको विवरणलाई तलको तालिकाको माध्यमबाट देखाइएको छ ।

**तालिका ४.२०**
**विदेश काम गर्न जाँदा लागेको खर्च विवरण – २०७१**

| क.सं. | लागेको खर्च | संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | ५० हजार -८० हजार सम्म | ९३ | ४२.४७ |
| २. | ८० हजार -१ लाख सम्म | ६८ | ३१.०५ |
| ३. | १ लाख देखि माथि | ५८ | २६.४८ |
|  | जम्मा | २१९ | १०० |

स्रोत: स्थलगत सर्वेक्षण, २०७१ ।

माथिको तालिका ४.२० मा विदेश काम गर्न जादा महिलालाई लागेको खर्च विवरण उल्लेख गरिएको छ । वैदेशिक रोजगारीमा जाँदा ५० हजार देखि ८० हजार सम्म तिरेर ४२.४७ प्रतिशत, ८० हजार देखि १ लाख सम्म ३१.०५ प्रतिशत, १ लाख देखि माथि २६.४८ प्रतिशत देखिएको छ ।

### ३. विदेश काम गर्न जाँदा लागेको स्रोतगत खर्च (Sourcewise Expenditure of Foreign Employment)

महेशपुर गा.वि.स. का महिलाहरू विदेशमा काम गर्न जाँदा लागेको स्रोतगत खर्चलाई तलको तालिकाबाट देखाइएको छ ।

**तालिका ४.२१**

**विदेश काम गर्न जाँदा लागेको स्रोतगत खर्च-२०७१**

| क्र.सं. | विवरण | खर्च (रु. मा) | प्रतिशत |
|---|---|---|---|
| १ | मेनपावरलाई तिरेको | १,००,००,००० | ५३.९२ |
| २ | श्रम मन्त्रालयमा तिरेको | ५०,००,००० | २६.९६ |
| ३ | बिमा | ३५,४५,००० | १९.१२ |
| | जम्मा | १,८५,४५,००० | १०० |
| औषत खर्च रु ८४,६८०.३७ | | | |

स्रोत : स्थलगत सर्वेक्षण, २०७१ ।

माथिको तालिकामा विदेश काम गर्न जाँदा मेनपावरलाई रु १,००,००,००० (५३.९२%) तिर्नु पर्दछ । श्रम मन्त्रालयमा श्रम गर्दा रु ५०,००,००० (२६.९६%), बिमा गर्न रु ३५,४५,००० (१९.१२%) लागेको देखिन्छ ।

### ४.२.९ विदेशमा काम गर्ने क्षेत्र (Foreign and Employment in Different Sector)

महेशपुर गा.वि.स. बाट वैदेशिक रोजगारमा गएका महिलाहरू विभिन्न क्षेत्रमा काम गर्न गएका छन् । जसलाई यस अध्ययनबाट देखाउन खोजिएको छ । नमूना छनोटमा परेका महिलाहरूले विदेशमा काम गर्ने क्षेत्रलाई तल तालिकाबाट प्रस्तुत गरिएको छ ।

**तालिका ४.२२**
**विदेशमा काम गर्ने क्षेत्र विवरण-२०७१**

| क्र.सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | घरेलु कामदार (House Keeping) | १०१ | ४६.१२ |
| २. | सेल्समेन (Salesmen) | ८३ | ३७.८९ |
| ३. | व्यूटीसियन (Beautician) | ३५ | १५.९८ |
| | जम्मा | २१९ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७१ ।

माथिको तालिका ४.२२ मा विदेशमा काम गर्ने महिलाले गर्ने कामको क्षेत्रलाई देखाइएको छ । यस गा.वि.स.मा महिलाहरू Housekeeping मा १०१ जना (४६.१२%), Salesmen, ८३ जना (३७.८९%) र Beautician ३५ जना (१५.९८%) गएको देखिन्छ ।

### ४.२.१० वैदेशिक रोजगारमा क्षेत्रबाट प्राप्त आम्दानी (Income Obtained by Sector of Foreign Employment)

महेशपुर गा.वि.स. बाट वैदेशिक रोजगारमा गएका महिलाहरूको क्षेत्रबाट प्राप्त आम्दानीको विवरणलाई तल प्रस्तुत गरिएको छ ।

**तालिका ४.२३**

**वैदेशिक रोजगारमा क्षेत्रबाट प्राप्त आम्दानी-२०७१**

| विवरण | आम्दानी (रु. मा) | प्रतिशत |
|---|---|---|
| घरेलु कामदार (House Keeping) | १,८०,००,००० | २२.५० |
| सेल्समेन (Salesmen) | २,७०,००,००० | ३३.७५ |
| व्यूटीसियन (Beautician) | ३,५०,००,००० | ४३.७५ |
| जम्मा | ८०,०००,००० | १०० |
| औषत आम्दानी रु ३,६५,२९७.८० | | |

स्रोत : स्थलगत सर्वेक्षण, २०७१ ।

माथिको तालिकामा वैदेशिक रोजगारका क्षेत्रबाट प्राप्त आम्दानीलाई देखाइएको छ । घरेलु कामदार रु १,८०,००,००० (२२.५०%), सेल्समेन रु २,७०,००,००० (३३.७५%) र व्युटसियन रु ३,५०,००,००० (४३.७५%) आम्दानी गरेको देखिन्छ ।

### ४.२.११ वैदेशिक रोजागार सेवाको अवधि (Duration of Foreign Employment)

कुनै पनि देशमा रोजगारीका निमित्त महिलाहरू जादा प्रत्येक देशमा आ-आफ्नै देश र कम्पनी अनुसार फरक फरक सेवा अवधि २ देखि ३ बर्ष सम्मको हुन्छ । सेवा अवधि सकिए पश्चात सम्बन्धित कम्पनी र व्यक्ति मिली समयावधि थप गरि बिदामा घर आउँदछन् र श्रम स्विकृति गरि पुनः त्यहि देश र कम्पनीमा काम गर्न जान्छन् ।

यस अध्ययनमा वैदेशिक रोजगार सेवामा गएका नेपाली महिलाहरू कति देखि कति वर्षसम्म वैदेशिक रोजगार सेवामा बसे भन्ने कुरा पत्ता लगाउन खोजिएको छ । तल सेवा वर्ष अवधिको तालिका प्रस्तुत गरिएको छ ।

**तालिका ४.२४**
**महिला सहभागिहरूको वैदेशिक रोजगार सेवा अवधि – २०७१**

| क्र.सं | कार्यरत समयावधि | महिला संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | २ वर्ष सम्म | ९३ | ४२.४७ |
| २ | २ वर्ष- ३ वर्ष सम्म | ८५ | ३८.८१ |
| ३ | ३ वर्ष देखि माथि | ४१ | १८.७२ |
| जम्मा | | २१९ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७१ ।

यस महेशपुर गा.वि.स. मा वैदेशिक रोजगारीमा जाने महिलाहरू कार्यरत समयलाई हेर्दा २ वर्ष सम्म वैदेशिक रोजगारीमा जाने महिला अत्यधिक ९३ जना अर्थात् ४२.४७ प्रतिशत छन् । २ वर्ष देखि ३ वर्ष सम्म वैदेशिक रोजगारमा जाने महिला ८५ जना अर्थात् ३८.८१ प्रतिशत र ३ वर्ष देखि माथि ४१ जना अर्थात् १८.७२ प्रतिशत रहेका छन् ।

## ४.३ नमूना छनोटमा परेका घरपरिवारको आर्थिक अवस्था (Economic Condition of Sampled Household)

महेशपुर गा.वि.स. का नमूना छनोटमा परेका धेरै परिवारको मुख्य पेशा कृषि रहेको छ । त्यसैले उनीहरूको मुख्य आम्दानीको स्रोत पनि कृषि उपज नै हो । सामान्यतया उनीहरूको कृषि पेशाबाट नै दैनिक गुजरा चल्दै आएको छ । तर यस गा.वि.स.का केहि

घरपरिवारका आम्दनीका स्रोतहरूमा ज्याला मजदुरी, नोकरी, व्यापार - व्यवसाय र वैदेशिक रोजगारी हो । उनीहरू यसैबाट प्राप्त आम्दानीका आधारमा जिवनयापन गर्ने गर्दछन् ।

### ४.३.१ वैदेशिक रोजगारमा जानुपूर्वको परिवारको आर्थिक अवस्था (Family Expenditure before foreign Employment)

वैदेशिक रोजगारमा जान अघिको आर्थिक अवस्थाको विवरण निम्नानुसार तल प्रस्तुत गरिएको छ ।

**१. तहगत वार्षिक आम्दानी (Levelwise Annual Income)**

महेशपुर गा.वि.स.को महिलाहरू विदेश काम गर्न जानु अघि नेपालमा घरपरिवारले गर्ने वार्षिक आम्दानी के-कस्तो छ ? जसलाई तलको तालिकामा प्रष्ट पारिएको छ ।

**तालिका ४.२५**

**वैदेशिक रोजगारमा जानु अघिको पारिवारिक तहगत वार्षिक आम्दानी – २०७१**

| क.सं. | वार्षिक आम्दानी | परिवार संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | ५०,०००–१००००० | ६८ | ३१.०५ |
| २. | १०००००-१५०००० | ५५ | २५.११ |
| ३. | १५००००-२००००० | ४१ | १८.७२ |
| ४. | २०००००-२५०००० | ३० | १३.६९ |
| ५. | २५००००० भन्दा माथि | २५ | ११.४२ |
| | जम्मा | २१९ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७१ ।

तालिका ४.२५ मा महिलाहरू वैदेशिक रोजगारमा जानु अघिको तहगत पारिवारिक आम्दानीको अवस्थालाई देखाइएको छ । उक्त तालिका अनुसार वार्षिक आम्दानी रु. ५०००० देखि १ लाख हुने परिवार संख्या ६८ जना अर्थात् ३१.०५ प्रतिशत रहेका छन् । रु. १००००० देखि १५०००० सम्म आम्दानी हुने घरपरिवार संख्या ५५ अर्थात् २५.११ प्रतिशत रहेका छन् । रु. १५०००० देखि २००००० सम्म वार्षिक आम्दानी गर्ने घरपरिवार संख्या ४१ अर्थात् १८.७२ प्रतिशत र रु. २००००० देखि २५०००० सम्म वार्षिक आम्दानी गर्ने घरपरिवार ३० अर्थात् १३.६९ प्रतिशत रहेका छन् भने २५०००० भन्दा माथि आम्दानी गर्ने २५ जना अर्थात् ११.४२ प्रतिशत परिवार रहेका छन् ।

## २ स्रोतगत वार्षिक आम्दानी (Sourcewise Annual Income)

महेशपुर गा.वि.स. का विभिन्न घरधुरीले विभिन्न क्षेत्रबाट आम्दानी प्राप्त गर्दछन् । यस गा.वि.स.का वार्षिक आम्दानीका स्रोतहरूमा कृषि, व्यापार व्यवासय ज्याला मजदुरी, नोकरी रहेका छन् । जसलाई तालिकाबद्ध रूपमा तल प्रस्तुत गरिएको छ ।

**तालिका ४.२६**

**वैदेशिक रोजगारमा जानु अघिको घरपरिवारका बार्षिक स्रोतगत आम्दानीहरू – २०७१**

| क्र.सं. | आम्दानीका स्रोत | आम्दानी (रु.मा.) | प्रतिशत |
|---|---|---|---|
| १. | कृषि | ९८००००० | ३७.१२ |
| २. | व्यापार व्यवसाय | ६५७०००० | २४.८९ |
| ३. | ज्याला मजदुरी | २३६५००० | ८.९६ |
| ४. | नोकरी | ७६६५००० | २९.०३ |
| | जम्मा | २६४००००० | १०० |

घरपरिवारको कुल वार्षिक आम्दानी रु. २६४०००००

औषत परिवारको बार्षिक आम्दानी रु. १२०५४७.९५

औषत बार्षिक प्रतिव्यक्ति आम्दानी रु. ३२३९२.६४

स्रोतः स्थलगत सर्वेक्षण, २०७१ ।

माथिको तालिका ४.२६ मा वैदेशिक रोजगारमा जानु अघिको घरपरिवारको वार्षिक स्रोतगत आम्दानीलाई देखाइएको छ । यस गा.वि.स. मा महिला वैदेशिक रोजगारमा जान अघि घरपरिवारले कृषिबाट सबै भन्दा बढी रु. ९८००००० (३७.१२%) आम्दानी प्राप्त गर्दछन् । व्यापार व्यवासाय बाट रु. ६५७०००० (२४.८९%), ज्याला मजदुरीबाट सबैभन्दा कम रु. २३६५००० (८.९६%) र नोकरीबाट रु. ७६६५००० (२९.०३%) आम्दानी प्राप्त गर्दछ । यहाँ घरपरिवारको कुल वार्षिक आम्दानी रु. २६४०००० रहेको छ भने औषत परिवारको वार्षिक आम्दानी रु. १,२०,५४७.९५ र औषत वार्षिक प्रतिव्यक्ति आम्दानी रु. ३२,३९२.६४ रहेको छ ।

### ४.३.२ वैदेशिक रोजगारमा जानुअघिको परिवारका तहगत वार्षिक खर्च (Levelwise family Expenditure before foreign Employment)

अध्ययन क्षेत्रका परिवारको महिला वैदेशिक रोजगारीमा जानु अघि घरपरिवारको आर्थिक अवस्था सामान्य रहेको थियो भने परिवारको खर्चको अवस्था पनि सामान्य नै रहेको देखिन्छ ।

### १. तहगत वार्षिक खर्च (Levelwise Annual Expenditure)

वैदेशिक रोजगारमा जानु अघिको महिलाको घरपरिवारको तहगत वार्षिक खर्च तल प्रस्तुत गरिएको छ ।

**तालिका ४.२७**

**वैदेशिक रोजगारमा जानु अघिको परिवारको तहगत वार्षिक खर्च – २०७१**

| क.सं. | वार्षिक खर्च | परिवार संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | ५०,००० सम्म | ८० | ३६.५३ |
| २. | ५००००-१००००० | ५५ | २५.११ |
| ३. | १०००००-१५०००० | ४५ | २०.५५ |
| ४. | १५००००-२००००० | ३९ | १७.८१ |
| जम्मा | | २१९ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७१ ।

तालिका ४.२७ मा महिलाहरू वैदेशिक रोजगारमा जानु अघिको तहगत पारिवारिक खर्चको अवस्थालाई देखाइएको छ । उक्त तालिका अनुसार वार्षिक खर्च रु. ५०००० सम्म हुने परिवार संख्या ८० जना अर्थात् ३६.५३ प्रतिशत रहेका छन् । रु. ५०००० देखि १००००० सम्म खर्च गर्ने घरपरिवार संख्या ५५ अर्थात् २५.११ प्रतिशत रहेका छन् । रु. १००००० देखि १५०००० सम्म वार्षिक खर्च गर्ने घरपरिवार संख्या ४५ अर्थात् २०.५५ प्रतिशत र रु. १५०००० देखि २००००० सम्म वार्षिक खर्च गर्ने घरपरिवार ३९ अर्थात् १७.८१ प्रतिशत परिवार रहेका छन् ।

## २ . स्रोतगत वार्षिक खर्च (Sourcewise Annual Expenditure )

अध्ययनमा समावेश सहभागीहरूको पारिवारिक खर्च कुन-कुन क्षेत्रमा कति-कति हुन्छ भन्ने कुरा जान्न आवश्यक छ । तल तालिकामा वैदेशिक रोजगारीमा जानु अघि महिलाको परिवारको खर्चको स्रोतगत अवस्थालाई देखाउन खोजीएको छ ।

**तालिका ४.२८**

**वैदेशिक रोजगारीमा जानु अघिको स्रोतगत परिवारको वार्षिक खर्च – २०७१**

| क्र.सं. | विवरण | वार्षिक खर्च (रु. मा) | प्रतिशत |
|---|---|---|---|
| १ | खाना | ५000000 | २७.४७ |
| २ | शिक्षा | ३६00000 | १९.७८ |
| ३ | औषधी उपचार | ३४00000 | १८.६८ |
| ४ | लुगा कपडा | ३000000 | १६.४८ |
| ५ | चाडपर्व | २२00000 | १२.०९ |
| ६ | मलबिउ | १000000 | ५.४९ |
| | जम्मा | १८२00000 | १00 |
| घरपरिवारको कुल वार्षिक खर्च रु. १८२00000 | | | |
| औषत परिवारको बार्षिक खर्च रु. ८३१0५.0२ | | | |
| औषत बार्षिक प्रतिव्यक्ति खर्च रु. २२३३१.२९ | | | |

स्रोत : स्थलगत सर्वेक्षण, २०७१ ।

माथिको तालिकामा ४.२८ मा महिलाहरूले वैदेशिक रोजगारीमा जानु अघिको परिवारको खर्चको विवरण देखाइएको छ । यहाँ खानामा ५000000 (२७.४७%), शिक्षामा ३६00000 (१९.७८%), औषधी उपचारमा ३४00000 (१८.६८%), लुगाकपडामा ३000000 (१६.४८%), चाडपर्वमा २२00000 (१२.0९%) र मलबिउमा १000000 ( ५.४९%) गरी घरपरिवारको कुल वार्षिक खर्च रु. १८२00000 छ भने औषत परिवारको बार्षिक खर्च रु. ८३१0५.0२ र औषत बार्षिक प्रतिव्यक्ति खर्च रु. २२३३१.२९ रहेको छ ।

### ४.३.३ वैदेशिक रोजागारीमा गएपछिको आर्थिक अवस्था (Economic Status after Foreign Employment)

वैदेशिक रोजागारीमा गएपछिको आर्थिक अवस्थालाई तल प्रस्तुत गरिएको छ ।

## १. तहगत वार्षिक आम्दानी (Levelwise Annual Income)

महेशपुर गा.वि.स बाट नमूना छनोटमा परेका महिलाले विदेशमा गएर वर्षभरिमा कमाएको आम्दानीको विवरणलाई तलको तालिकाबाट देखाइएको छ ।

**तालिका ४.२९**

**वैदेशिक रोजगारीमा गएपछि महिलाको तहगत वार्षिक आम्दानी–२०७१**

| क्र.सं. | वार्षिक आम्दानी | महिला संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | १००००० देखि ४००००० सम्म | ७४ | ३३.७९ |
| २ | ४००००० देखि ६००००० सम्म | ५८ | २६.४८ |
| ३ | ६००००० देखि ८००००० सम्म | ४५ | २०.५५ |
| ४ | ८००००० देखि माथि | ४२ | १९.१८ |
| जम्मा | | २१९ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७१ ।

माथिको तालिका ४.२९ मा वैदेशिक रोजगारीमा गएपछि महिलाको वार्षिक आम्दानीको विवरणलाई प्रस्तुत गरिएको छ । यहाँ १००००० देखि ४००००० सम्म आम्दानी गर्ने महिला ७४ जना अर्थात् ३३.७९ प्रतिशत ४००००० देखि ६००००० सम्म वार्षिक आम्दानी गर्ने ५८ जना अर्थात् २६.४८ प्रतिशत, ६००००० देखि ८००००० सम्म वार्षिक आम्दानी गर्ने ४५ जना अर्थात् २०.५५ प्रतिशत र ८००००० देखि माथि आम्दानी गर्ने ४२ जना अर्थात् १९.१८ प्रतिशत महिला रहेको देखिन्छ ।

## २. स्रोतगत वार्षिक आम्दानी (Levelwise Annual Income)

यस अध्ययनमा महिला विदेश गएपछि उनीहरूको परिवारको आर्थिक क्षेत्रमा केहि सुधार आएको छ । महिलाहरू वैदेशिक रोजगारमा गएपछि उनीहरूका अभिभावकले ज्याला मजदुरीका काम गर्न छाडेका छन् । त्यसैले यहाँ ज्याला मजदुरीलाई स्रोतगत वार्षिक आम्दानीमा उल्लेख गरिएको छैन । वैदेशिक रोजगारमा गएपछि स्रोतगत पारिवारिक वार्षिक आम्दानीलाई तलको तालिकामा देखाइएको छ ।

तालिका ४.३०

वैदेशिक रोजगारमा गएपछिको स्रोतगत पारिवारिक वार्षिक आम्दानी– २०७१

| क्र.सं. | आम्दानीका स्रोतहरू | आम्दानी (रु. मा) | प्रतिशत |
|---|---|---|---|
| १. | कृषि | ९८००००० | ९.४२ |
| २. | व्यपार व्यवसाय | ६५७०००० | ६.३२ |
| ३. | नोकरी | ७६६५००० | ७.३७ |
| ४. | वैदेशिक रोजगार | ८००००००० | ७६.८९ |
| | जम्मा | १०४०३५००० | १०० |
| घरपरिवारको कुल वार्षिक आम्दानी रु. १०४०३५०००<br>औषत घरपरिवारको बार्षिक आम्दानी रु. ४७५०४५.६६<br>औषत प्रतिव्यक्ति आम्दानी रु. १२७६५०.३१ | | | |

स्रोतः स्थलगत सर्वेक्षण, २०७१ ।

माथिको तालिकामा ४.३० मा महिलाहरू वैदेशिक रोजगारमा गएपछिको स्रोतगत पारिवारिक वार्षिक आम्दानीलाई देखाइएको छ । यहाँ परिवारले कृषिबाट रु. ९८,००,००० (९.४२%) वार्षिक आम्दानी प्राप्त गरेको छ । व्यापार व्यवसायबाट रु. ६५,७०,००० ( ६.३२%) वार्षिक आम्दानी प्राप्त गरेका छन् । नोकरीबाट रु. ७६,६५,००० (७.३७%) र वैदेशिक रोजगारबाट रु. ८,००,००,००० (७६.८९%) वार्षिक आम्दानी प्राप्त गरेका छन् । यहाँ कुल वार्षिक आम्दानी रु. १०,४०,३५,०००, औषत घरपरिवारको बार्षिक आम्दानी रु. ४,७५,०४५.६६ र औषत प्रतिव्यक्ति आम्दानी रु. १,२७,६५०.३१ रहेका छन् ।

### ४.३.४ वैदेशिक रोजगारमा गएपछिको परिवारको खर्च (Family Expenditure after Foreign Employment )

यस अध्ययनमा महिला वैदेशिक रोजगारमा गएपछि परिवारको बार्षिक खर्चमा वृद्धि भएको छ । यहाँ वैदेशिक रोजगारबाट आम्दानीमा वृद्धि हुँदा बार्षिक खर्चमा पनि वृद्धि भएको छ, जुन तलको तालिकाबाट प्रष्ट पारिएको छ ।

### १. तहगत बार्षिक खर्च (Levelwise Annual Expenditure)

यस अध्ययनमा महिलाहरू वैदेशिक रोजगारीमा गएपछि उनिहरूका घरपरिवारको तहगत खर्चलाई निम्नानुसार देखाइएको छ ।

**तालिका ४.३१**

**महिला वैदेशिक रोजगार गएपछि परिवारको तहगत वार्षिक खर्च– २०७१**

| क.सं. | वार्षिक खर्च | पारिवारिक संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | १००००० देखि २००००० सम्म | ४७ | २१.४६ |
| २. | २००००० देखि ३००००० सम्म | ८३ | ३७.८९ |
| ३. | ३००००० देखि ४००००० सम्म | ८९ | ४०.६४ |
| जम्मा | | २१९ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७१ ।

माथिको तालिकामा ४.३१ मा महिला वैदेशिक रोजगारमा गएपछिको परिवारको तहगत वार्षिक खर्च देखाइएको छ । यहाँ १००००० देखि २००००० सम्मको वार्षिक खर्च गर्ने घरपरिवार संख्या ४७ अर्थात् २१.४६ प्रतिशत, २००००० देखि ३००००० सम्म वार्षिक खर्च गर्ने परिवार संख्या ८३ अर्थात् ३७.८९ प्रतिशत र ३००००० देखि ४००००० सम्म वार्षिक खर्च गर्ने परिवार संख्या ८९ अर्थात् ४०.६४ प्रतिशत रहेको देखिन्छ ।

## २. स्रोतगत वार्षिक खर्च (Sourcewise Annual Expenditure)

महेशपुर गा.वि.स.का महिलाहरूको वैदेशिक रोजगारमा गइसकेपछि खर्चमा वृद्धि भएको देखिन्छ । वैदेशिक रोजगारमा गइसकेपछि महिलाहरूले विदेशी तौरतरिका सिक्दछन् । उपभोग्य, आरमदायि तथा विलासि वस्तुहरूको प्रयोगमा अत्याधिक खर्च गर्नुका साथै जिवनधान्नका लागि आवश्यक पर्ने गाँस, बास, कपास, शिक्षा, स्वास्थ आदिमा पनि बढि खर्च गर्न थाल्दछन् । वैदेशिक रोजगारीमा गएपछि महिलाको परिवारको स्रोतगत खर्चलाई तलको तालिकाबाट देखाउन सकिन्छ ।

**तालिका ४.३२**
**वैदेशिक रोजगारीमा गएपछि परिवारको वार्षिक खर्च – २०७१**

| क्र.सं. | विवरण | खर्च रु. मा | प्रतिशत |
|---|---|---|---|
| १ | खाना | १६०००००० | २३.०२ |
| २ | शिक्षा | १४०००००० | २०.१४ |
| ३ | औषधी उपचार | १३०००००० | १८.७१ |
| ४ | लुगाकपडा | ११०००००० | १५.८३ |
| ५ | चाडपर्व | १०००००००० | १४.३९ |
| ६ | मलविउ | ५५००००० | ७.९१ |
|  | जम्मा | ६९५०००००० | १०० |
| घरपरिवारको कुल वार्षिक खर्च रु. ६९५०००००<br>औषत परिवारको वार्षिक खर्च रु. ३१७३५१.५९<br>औषत वार्षिक प्रतिव्यक्ति खर्च रु. ८५२७६.०७ | | | |

स्रोत : स्थलगत सर्वेक्षण, २०७१ ।

माथिको तालिका ४.३२ मा महिला वैदेशिक रोजगारीमा गएपछि परिवारको खर्च देखाइएको छ । वैदेशिक रोजगारीमा जानु अघि भन्दा वैदेशिक रोजगारीमा गएपछि खर्चमा अत्यधिक बृद्धि भएको देखिन्छ । यहाँ वैदेशिक राजगारीमा गएपछि खानामा रु १६००००००, (२३.०२%), शिक्षामा रु १४०००००० (२०.१४%), औषधि उपचारमा रु १३०००००० (१८.७१%), लुगाकपडामा रु ११०००००० (१५.८३%), चाडपर्वमा रु १०००००००० (१४.३९%) र मलबिउमा रु ५५००००० (७.९१%) खर्च गरी घरपरिवारको कुल वार्षिक खर्च रु. ६९५०००००० गरेको देखिन्छ भने औषत परिवारको वार्षिक खर्च रु. ३१७३५१.५९ र औषत वार्षिक प्रतिव्यक्ति खर्च रु. ८५२७६.०७ रहेको देखिन्छ ।

महिलाहरूले यसरी अत्यधिक खर्च गर्नाले विदेशमा दुःख गरेको रकम अनावश्यक फर्जुल खर्च हुन्छ त्यसैले बचत कम हुन्छ । यसरी कमाउदै फर्जुल खर्च गर्ने र उमेर ढल्कँदै गए पछि काम गर्न नसक्ने अवस्थामा अर्काको भर पर्नुपर्ने देखिन्छ ।

### ४.३.५ वैदेशिक रोजगारीमा जानु अघि र गइसकेपछिको वार्षिक आम्दानी, खर्च र बचत (Income, Expenditure and Saving before and after going to Foreign Employment)

नमूना छनोटमा परेको अभिभावकहरूको विदेशबाट प्राप्त विप्रेषण वार्षिक आम्दानीको मुख्य स्रोत हो । यसरी प्राप्त आम्दानीलाई आफ्ना आधारभूत आवश्यकताहरू पूरा गर्न खर्च गरी बाँकी रहेको रकम बचतको रूपमा रहन्छ । यहाँ तलको तालिकामा आम्दानी, खर्च र वचतको सम्बन्धलाई तलको तालिकामा देखाइएको छ ।

**तालिका ४.३३**

**महिला वैदेशिक रोजगार जानुअघि र पछिको आम्दानी, खर्च र बचतको अवस्था – २०७१**

| क्र.सं. | विवरण | जानुअघि | गएपछि |
|---|---|---|---|
| १. | आम्दानी | २६४००००० | १०४०३५००० |
| २. | खर्च | १८२००००० | ६९५००००० |
| ३. | वचत | ८२००००० | ३४५३५००० |

जानु अघि
घरपरिवारको कुल वार्षिक वचत रु ८२,००,०००
औषत पारिवारिक वार्षिक बचत रु ३७,४४२.९२
औषत प्रतिव्यक्ति वार्षिक वचत रु १०,०६१.३५

गएपछि
घरपरिवारको कुल वार्षिक वचत रु ३,४५,३५,०००
औषत पारिवारिक वार्षिक वचत रु १,५७,६९४.०६
औषत प्रतिव्यक्ति वार्षिक वचत रु ४२,३७४.२३

स्रोत : स्थलगत सर्वेक्षण, २०७१ ।

माथिको तालिकामा महिला वैदेशिक रोजगारमा जानुपहिले र पछिको वार्षिक आम्दानी, खर्च र बचतको अवस्थालाई देखाएको छ । यस अध्ययन अनुसार वैदेशिक रोजागारमा जानुअघिको आम्दानी रु.२६४००००० र खर्च रु. १८२००००० छ भने बचत रु. ८२०००००रहेको छ । यहाँ महिला वैदेशिक रोजगारमा गएपछिको वार्षिक आम्दानी रु. १०४०३५००० र खर्च रु. ६९५००००० छ भने बचत रु. ३४५३५००० रहेको छ । यहाँ वैदेशिक रोजगारीमा जानु अघि घरपरिवारको कुल वार्षिक वचत रु ८२,००,००० औषत

पारिवारिक वार्षिक वचत रु ३७,४४२.९२ र औषत प्रतिव्यक्ति वार्षिक औषत रु १०,०६१.३५ रहेको छ भने महिला वैदेशिक रोजगारमा गएपछि घरपरिवारको कुल वार्षिक वचत रु ३,४५,३५,०००, औषत पारिवारिक वार्षिक वचत रु १,५७,६९४.०६ र औषत प्रतिव्यक्ति वार्षिक वचत रु ४२,३७४.२३ रहेको छ । यहाँ महिला वैदेशिक रोजगारमा जानु अघि आम्दानी र खर्च थोरै छ भने बचत पनि कम छ तर वैदेशिक रोजगारमा गएपछि आम्दानी र खर्च सँगै बचत पनि बढेको देखिन्छ ।

### ४.३.६ विप्रेषण लगानीका क्षेत्र (Sector of Remittance Investment)

वैदेशिक रोजगारीमा दुःख गरि कमाएको रकम बचत गरेका हुन्छन् । त्यही बचतलाई विभिन्न क्षेत्रमा लगानि गर्दछन् । आफ्नो आम्दानीलाई खर्च गर्ने स्थान निम्न तालिकाबाट प्रस्तुत गरिएको छ ।

**तालिका ४.३४**
**विप्रेषण लगानीका क्षेत्र – २०७१**

| क्र.सं. | विवरण | महिलाको संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | घर निर्माण, जग्गा खरिद | १२३००००० | ३५.६२ |
| २. | घडेरी खरिद | ८१०००००० | २३.४५ |
| ३. | मत्स्यपालन | २६०५००० | ७.५४ |
| ४. | व्यापार व्यवसाय | ६१५०००० | १७.८१ |
| ५. | पशुपालन | ५३८०००० | १५.५८ |
| | जम्मा | ३४५३५००० | १०० |
| कुल वार्षिक लगानीका क्षेत्र रु ३४५३५००० | | | |
| औषत वार्षिक लगानीका क्षेत्र रु १५७६९४.०६ | | | |

स्रोतः स्थलगत सर्वेक्षण, २०७१ ।

माथिको तालिका ४.३४ मा वैदेशिक रोजगारीबाट कमाएको आम्दानी विभिन्न शिर्षकमा लगानी गरेका छन् । महिलाले आफूले विदेशमा दुःख गरेको आम्दानीको धेरै मात्रामा घर निर्माण, जग्गा खरिदमा रु १,२३,००,००० अर्थात् ३५.६२ प्रतिशत, घडेरी खरिदमा रु. ८१,००,००० अर्थात् २३.४५ प्रतिशतले लगानि गरेको देखिन्छ । मत्स्यपालन गर्ने रु. २६,०५,००० अर्थात् ७.५४ प्रतिशत, व्यापार व्यावसायमा रु. ६१,५०,००० अर्थात्

१७.८१ प्रतिशत र पशुपालनमा रु. ५३,८०,००० अर्थात् १५.५८ प्रतिशतले लगानी गरेको देखिन्छ । यहाँ कुल वार्षिक लगानीका क्षेत्र रु ३,४५,३५,००० र औषत वार्षिक लगानीका क्षेत्र रु १,५७,६९४.०६ रहेको छ ।

### ४.३.७ विप्रेषणले परिवारमा पारेको आर्थिक प्रभाव (Impact of Remittance on Family Economic)

वैदेशिक रोजगारीबाट प्राप्त विप्रेषण नेपालीको आर्थिक अवस्थामा के कस्तो प्रभाव पारेको छ त्यसलाई विश्लेषण गर्ने प्रयास गरिएको छ । जुन अध्ययनको उद्देश्य हो । वैदेशिक रोजगारमा गएर कामदारहरूले स्वदेशमा पठाएको रकमले मुलुकको अर्थतन्त्रलाई गतिशील र सुदृढ बनाएको छ । यस अध्ययनमा राष्ट्रलाई पार्ने प्रभाव भन्दा पनि विप्रेषणले कामदारहरूको घरपरिवारको आर्थिक अवस्थामा के कस्तो प्रभाव पार्न गयो त्यसलाई केलाउन खोजिएको छ । विप्रेषणले परिवारमा पारेको आर्थिक प्रभावलाई तालिकामा देखाइएको छ ।

**तालिका ४.३५**
**विप्रेषणले परिवारमा पारेको आर्थिक प्रभाव–२०७१**

| क.सं. | विवरण | परिवारका संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | बलियो आर्थिक सुधार | ५२ | २३.७४ |
| २. | विपन्नताबाट सम्पन्न | ९३ | ४२.४७ |
| ३. | सामान्य | ५५ | २५.११ |
| ४. | झनै नराम्रो | १९ | ८.६८ |
|  | जम्मा | २१९ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७१ ।

माथिको तालिका ४.३५ मा विप्रेषणले परिवारमा पारेको आर्थिक प्रभावलाई देखाइएको छ । यहाँ महेशपुर गा.वि.स. को महिलाले विदेशबाट पठाएको विप्रेषणले परिवारको बलियो आर्थिक सुधार २३.७४ प्रतिशत, विपन्नताबाट सम्पन्नता तर्फ ४२.४७ प्रतिशत रहेको छ । यस गा.वि.स. को विप्रेषणले परिवारको सामान्य अवस्था २५.११ प्रतिशत रहेको पाइन्छ भने झन् आर्थिक अवस्था नराम्रो भएको ८.६८ प्रतिशत देखिन्छ ।

## ४.४ वैदेशिक रोजगारीमा जानुपर्ने कारण (Causes of Foreign Employment)

नेपाल एक विकासोन्मुख देश हो । यहाँ उद्योगधन्दाको राम्रोसँग विकास हुन सकेको छैन भने स्थापना भएका उद्योगधन्दा पनि बन्द, हडताल, अशान्ति, राजनीतिक जस्ता कारणले बन्द हुने अवस्थामा पुगको छ । नेपालमा आधा भन्दा बढि मानिसहरू कृषि पेशामा संलग्न छन् । तर परम्परागत कृषि प्रणालीका कारण उत्पादन बढ्न सकेको छैन । गुणस्तरिय वस्तु उत्पादन हुन सकेको छैन, उन्नत मल, विउ जस्ता सामग्रीको अभाव छ । जसले गर्दा कृषि क्षेत्रले दिएको रोजगारीमा अर्धबेरोजगारी, अदृष्य बेरोजगारी रहेको छ । देशमा राजनैतिक अस्थिरता, प्राविधिक ज्ञानको अभाव, देशमा उपलब्ध भएका प्राकृतिक साधनको सहि सदुपयोग नहुनु यस्ता थुप्रै कारणले देशमा बेरोजगारीको भयावह स्थिति रहेको छ । जसले गर्दा देशका युवायुवतिहरू रोजगारीका लागि विदेशिन बाध्य भएका छन् ।

देशमा व्यापक गरिवि, अशिक्षा, अज्ञानता जस्ता कारणले देशमा रोजगारी पाउने अवस्था छैन । सक्रिय जनशक्ति विदेशिएका छन् । वैदेशिक रोजगार नेपाली बेरोजगारीको लागि एउटा गन्तव्य स्थल बन्न पुगेको छ । वर्तमान परिवेशमा विदेश जानेको संख्या एक पछि अर्को वर्षमा बढि नै रहेको देखिन्छ । नेपाली महिलाहरू वैदेशिक रोजगारीमा जान मन गर्नुका कारणहरू निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ४.३६**
**महिला वैदेशिक रोजगारीमा जानुपर्ने कारणहरूका विवरण – २०७१**

| क्र.सं. | वैदेशिक रोजगारीमा जानुपर्ने कारण | महिलाको संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | रोजगारी नपाएर/बेरोजगारी | ४० | १८.२६ |
| २ | आर्थिक अवस्था कमजोर भएर | ६३ | २८.७७ |
| ३ | धन कमाउन | ४३ | १९.६३ |
| ४ | राजनीतिक कारण | ३८ | १७.३५ |
| ५ | बालबालिकाहरूको उज्वल भविष्यका लागि | ३५ | १५.९८ |
| | जम्मा | २१९ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७१ ।

माथिको तालिका ४.३६ मा वैदेशिक रोजगारीमा जाने विभिन्न कारणहरू देखाइएको छ । रोजगारी नपाएर ४० जना अर्थात् १८.२६ प्रतिशत महिलाहरू विदेशिएका छन् ।

आर्थिक अवस्था कमजोर भएर ६३ जना अर्थात् २८.७७ प्रतिशत, धन कमाउन ४३ जना अर्थात् १९.६३ प्रतिशत, राजनीतिक कारणले ३८ जना अर्थात् १७.३५ प्रतिशत र बालबालिकाको उज्वल भविष्यका लागि ३५ जना अर्थात् १५.९८ प्रतिशत महिलाहरू विदेशिएका छन् ।

महिला वैदेशिक रोजागारीमा जानुपर्ने कारणहरूलाई बुँदागत रूपमा तल स्पष्ट पारिएको छ ।

### १. रोजगारी नपाएर /बेरोजगारी (Unemployment)

नेपालका महिलाहरू आफ्नो देशमा रोजगारीको अवसर नपाएर बेरोजगारी भएका छन् । यही बेरोजगारीका कारण महिलाहरू बाध्य भएर रोजगारीको अवसर खोज्दै वैदेशिक रोजगारमा जाने गरेका पाइन्छ । वैदेशिक रोजगारीमा रोजगारी नपाएर ४० जना (१८.२६%) महिला विदेशिएका छन् ।

### २. आर्थिक अवस्था कमजोर भएर (Low level Economic Condition)

हाम्रो देश नेपाल विकासोन्मुख देश हो । यहाँका धेरै जनताहरू गरिबिको जिवनजिउन बाध्य छन् । गरिबीले गर्दा मानिसका लागि नभै नहुने आधारभूत आवश्यकता गाँस, बाँस, कपास, लगायत पोषण, शिक्षा, स्वास्थ्य जस्ता कुराहरूको कमि भएको छ । यसैले देशमा कुनै विकल्प नदेखि नेपाली महिलाहरू विदेशिएका छन् । यसरी आर्थिक अवस्था कमजोर भएर ६३ जना (२८.७७%) महिला विदेशिएका छन् ।

### ३. धन कमाउन (Earn money)

धनको अभावमा मानिसहरू गरिबिको जिवन बिताइरहेका छन् । आफ्नो देशमा धन कमाउने अवसर नपाएर धन कमाउन नेपाली महिलाहरू विदेशिएका छन् । धनले मानिसलाई सुखि बनाउँदछ, धन नै सवैथोक हो, धन भएमा जे पनि गर्न सकिन्छ भन्ने धारणाले नेपाली महिला अर्काको देशमा गएर दुःख गर्ने गर्दछन् । धन कमाउन ४३ जना ( १९.६३%) महिला विदेशमा काम गर्न गएका छन् ।

### ४.	**राजनीतिक कारण (Causes of Political)**

नेपाली महिला विदेशिने अर्को राजनीतिक कारण पनि हो । देशमा हिंसा, झै - झगडा, अशान्ति, बन्द, हड्ताल, राजनीतिक अस्थिरता जस्ता समस्या व्यप्त छ । नेपालमा नै बसेर केहि गर्छु भन्दा पनि यस्ता राजनीतिक समस्याले व्यापर व्यवसाय, उद्योग धन्दाको हालत पनि नाजुक भएको छ । जसले गर्दा देशमा रोजगारीको अवर पाउँदैनन् र महिलाहरू राजनीतिक कारणले २८ जना (१७.३५%) विदेशिने गर्दछन् ।

### ५.	**बालबालिकाहरूको उज्वल भविष्यका लागि (Bright Future for Children)**

महिलाहरू आफ्ना छोराछोरी पनि अरुको छोराछोरीको जस्तै बोर्डिङ्ग स्कूलमा पढ्नु मिठो खान, राम्रो लाउन, उनीहरूको हरेक आवश्यकता पूरा हुन् भन्ने चाहना राख्दछन् । यस्तो चाहना हरेक आमाको हुन्छ । तर स्वदेशमा बसेर यस्ता महत्त्वकांक्षी आवश्यकता पुरा हुन सक्दैनन र नेपाली महिला विदेशिनेक्रम बढ्दैछ । यसरी महिलाहरू बालबालिकाको उज्वल भविष्यका लागि ३५ जना (१५.९८%) विदेशमा गएर अर्कोको गुलामि गर्न पनि पछि नरहेको देखिन्छ ।

## ४.५ शैक्षिक अवस्था (Educational Condition)

शिक्षा मानव जीवनका लागि महत्त्वपूर्ण पक्ष हो । शिक्षाले मानिसको व्यक्तित्व विकासमा सहयोग गर्दछ । शिक्षाले मानिसको सर्वाङ्गिण पक्षको विकास गर्दछ । शिक्षाले मानिसको व्यवहारमा सकरात्मक परिवर्तन गर्दछ जुन देशमा शिक्षाको विकास भएको छ त्यस देश विकासको शिखरमा पुगेको छ भने जुन देशमा शिक्षित व्यक्तिको कमि छ यस देशको विकास हुन सकेको छैन । शिक्षाले समाजलाई सभ्य बनाउँदछ भने रितिरिवाज, परम्परा, संस्कृतिको राम्रो पक्षको ग्रहण र नराम्रो पक्ष हटाउँदै जान सहयोग गर्दछ । वास्तवमा शिक्षा मानिस, समाज र राष्ट्रको विकासमा सहयोग गर्ने एउटा महत्त्वपूर्ण माध्यम हो ।

### ४.५.१ पारिवारिक शैक्षिक अवस्था (Household Education Status)

पारिवारिक शैक्षिक अवस्थालाई तलको तालिकाबाट देखाउन सकिन्छ ।

**तालिका ४.३७**

**पारिवारिक शैक्षिक अवस्था-२०७१**

| **क.स** | **शैक्षिक योग्यता** | **परिवार सङ्ख्या** | **प्रतिशत** |
|---|---|---|---|
| १ | प्रा.वि. | २९४ | ४३.५६ |
| २ | नि.मा.वि. | २५८ | ३८.२२ |
| ३ | मा.वि. | १२३ | १८.२२ |
| जम्मा | | ६७५ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७१ ।

माथिको तालिकामा पारिवारिक शैक्षिक अवस्थालाई देखाइएको छ । परिवारको सङ्ख्या प्रा.वि. मा २९४ जना (४३.५६%), नि.मा.वि. मा २५८ (३८.२२%) र मा.वि. मा १२३ जना (१८.२२%) रहेको देखिन्छ ।

### ४.५.२ घरधुरीका अभिभावकहरूको शैक्षिक अवस्था (Educational Condition of Household Parents)

विप्रेषणबाट प्राप्त आयलाई बालबालिका र परिवारका अन्य सदस्यको विकासमा सहि तरिकाले उपयोग गर्न अभिभावक शिक्षित हुनु पर्दछ । त्यसैले नमूना छनोटमा परेको घरधुरीका अभिवाकहरूको शैक्षिक अवस्थाको बारेमा जान्न आवश्यक हुन्छ । तल घरधुरीका अभिभावकहरूको शैक्षिक अवस्थालाई तलको तालिकाबाट देखाइएको छ ।

**तालिका ४.३८**
**घरधुरीका अभिभावकहरूको शैक्षिक अवस्था – २०७१**

| **क.सं.** | **शैक्षिक स्थिती** | **नमूना घरधुरी अभिभावको संख्या** | **प्रतिशत** |
|---|---|---|---|
| १. | प्राथमिक शिक्षा | ९८ | ४४.७५ |
| २. | निम्न मा.वि. | ८६ | ३९.२७ |
| ३. | मा.वि. | ३५ | १५.९८ |
| जम्मा | | २१९ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७१ ।

माथिको तालिकामा घरधुरी अभिभावकहरूका शैक्षिक अवस्थालाई देखाइको छ । प्राथमिक शिक्षा प्राप्त गर्ने नमूना घरधुरी अभिभावकको संख्या ९८ जना अर्थात् ४४.७५ प्रतिशत रहेको छ । नि.मा.वि. प्राप्त गर्ने नमूना घरधुरी अभिभावकको संख्या ८६ जना अर्थात् ३९.२७ प्रतिशत, मा.वि. शिक्षा प्राप्त गर्ने नमूना घरधुरी अभिभावकको संख्या ३५ जना अर्थात् १५.९८ प्रतिशत रहेको छ ।

### ४.५.३ वैदेशिक रोजगारीमा संलग्न महिलाको शैक्षिक अवस्था (Economic Condition of the Women involved in Foreign Employment)

महेशपुर गा.वि.स मा वैदेशिक रोजगारीमा संलग्न महिलाहरूको शैक्षिक अवस्था कस्तो छ भन्ने जानकारी लिने प्रयास गरिएको छ । वैदेशिक रोजगारीमा शिक्षाको मह□व ज्यादै रहेको पाइन्छ । विदेशमा प्राप्त गर्ने ज्यालादरको निर्धारण शिक्षाको गुणस्तरमा भर पर्दछ । जसले प्राविधिक शिक्षा हासिल गरेको छ उसको कामको स्तर राम्रो र आम्दानी पनि राम्रो हुन्छ भने जसको शैक्षिक स्तर कमजोर छ उसको ज्यालादर कम हुने र काम पनि शारीरिक परिश्रम गर्ने खालको हुन्छ । यहाँ वैदेशिक रोजगारीमा संलग्न महिलाको शिक्षाको स्तरलाई तल प्रस्तुत गरिएको छ ।

**तालिका ४.३९**
**वैदेशिक रोजगारीमा सहभागि महिलाको शैक्षिक अवस्था – २०७१**

| क्र.सं. | शैक्षिक योग्यता | महिला संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | प्रा.वि | ९१ | ४१.५५ |
| २ | नि.मा.वि | ५० | २२.८३ |
| ३ | मा.वि | ४३ | १९.६३ |
| ४ | उच्च मा.वि | ३४ | १५.५३ |
| ५ | उच्च शिक्षा | १ | ०.४६ |
| जम्मा | | २१९ | १०० |


स्रोत : स्थलगत सर्वेक्षण, २०७१ ।

माथिको तालिका ४.३९ मा अध्ययनका लागि छनोटमा परेका वैदेशिक रोजगारमा संलग्न महिलाले प्राप्त गरेको शिक्षालाई अध्ययन गरिएको छ । यहाँ सर्वेक्षणका आधारमा सबैभन्दा बढिमा प्रा.वि ९१ जना महिला अर्थात् ४१.५५ प्रतिशत र सबैभन्दा कम उच्च

शिक्षामा १ जना अर्थात् ०.४६ प्रतिशत रहेको छ । नि.मा.वि मा ५० जना अर्थात् २२.८३ प्रतिशत, मा.वि मा ४३ जना अर्थात् १९.६३ प्रतिशत र उच्च मा.वि.मा ३४ जना अर्थात् १५.५३ प्रतिशत रहेको पाइन्छ । यसलाई तल रेखाचित्रबाट पनि देखाउन सकिन्छ ।

**चित्र २**

**वैदेशिक रोजगारीमा संलग्न महिलाहरूको शैक्षिक अवस्था – २०७१**




यस रेखाचित्रमा प्रा.वि. शिक्षा पुरा गरेर वैदेशिक रोजगारीमा जाने महिला अत्याधिक ९१ जना छन् भने उच्च शिक्षा हासिल गरेर विदेश जाने महिला सबैभन्दा कम १ जना रहेको पाइयो । शैक्षिक योग्यता नि.मा.वि. मा ५० जना, मा.वि.मा ४३ जना र उच्च मा.वि. मा ३४ जना रहेको देखिन्छ ।

### ४.५.४ बालबालिकाको शैक्षिक अवस्था (Educational status of Children)

प्रस्तुत अध्ययनमा वैदेशिक रोजगारीमा जानु पूर्वको बालबालिकाको शैक्षिक अवस्था र वैदेशिक रोजगारीमा गइसकेपछिको बालबालिकाको शैक्षिक अवस्थालाई विस्तृत रूपमा तल प्रष्ट पारिएको छ ।

**१. वैदेशिक रोजगारीमा जानु अघिको बालबालिकाको शैक्षिक अवस्था (Situation of Children Education before Foreign Employment )**

महिलाहरू वैदेशिक रोजगारीमा जानु अघि उनीहरूको आर्थिक स्तर सामान्य भएकाले शिक्षाको निजि क्षेत्रमा भन्दा बढि सरकारी क्षेत्रमा बालबालिकालाई पढाएको देखिन्छ । जसलाई स्पष्ट रूपमा तलको तालिकाबाट देखाउन सकिन्छ ।

तालिका ४.४०

वैदेशिक रोजगारीमा जानु अघिको बालबालिकाको शैक्षिक अवस्था – २०७१

| क.सं | शैक्षिक तह | सरकारी | नीजि | जम्मा |
|---|---|---|---|---|
| १ | प्रा.वि | ४० | २० | ६० |
| २ | नि.मा.वि | ३८ | १७ | ५५ |
| ३ | मा.वि | २६ | १५ | ४१ |
| ४ | उच्च मा.वि | २३ | १३ | ३६ |
| ५ | उच्च शिक्षा | ३ | – | ३ |
| जम्मा | | १३० | ६५ | १९५ |

स्रोत : स्थलगत सर्वेक्षण, २०७१ ।

माथिको तालिका ४.४० मा वैदेशिक रोजगारीमा जानु अघिको बालबालिकाको शैक्षिक अवस्थालाई देखाएको छ । प्रा.वि.तहमा अध्ययन गर्ने सरकारीमा ४० र नीजिमा २० गरि जम्मा ६० जना बालबालिका रहेका छन् । नि.मा.वि. मा अध्ययन गर्ने सरकारीमा ३८, नीजिमा १७ गरि जम्मा ५५ जना, मा.वि.मा सरकारी तर्फ २६ जना र नीजि तर्फ १५ जना गरी जम्मा ४१ जना रहेका छन् । उच्च मा.वि मा अध्ययन गर्ने बालबालिकाहरू मध्ये सरकारीमा २३ जना नीजि विद्यालयमा १३ जना गरी जम्मा ३६ जना बालबालिका छन् भने उच्च शिक्षामा सरकारी विद्यालयमा पढ्ने ३ जना रहेका छन् ।

### ४.५.५ वैदेशिक रोजगारीमा गइसकेपछिको बालबालिकाको शैक्षिक अवस्था (Situation of Children Education after Foreign Employment)

महेशपुर गा.वि.स. को महिलाहरू वैदेशिक रोजगारीमा गइसकेपछि उनीहरूको बालबालिकाको शैक्षिक स्तरमा परिवर्तन भएको छ । वैदेशिक रोजगारीमा जानु अघि बालबालिकालाई बढि सरकारी विद्यालयमा पढाएका थिए भने वैदेशिक रोजगारीमा गएपछि बालबालिकाहरू नीजि विद्यालयमा बढि पढाएको देखिन्छ । महिला वैदेशिक रोजगारीमा गइसकेपछि बालबालिकाको शैक्षिक अवस्थालाई तल तालिकाबाट प्रष्ट पार्न खोजिएको छ ।

### तालिका ४.४१

### वैदेशिक रोजगारीमा गइसकेपछिको बालबालिकाको शैक्षिक अवस्था – २०७१

| क्र.सं. | शैक्षिक स्तर | सरकारी | नीजि | जम्मा |
|---|---|---|---|---|
| १ | प्रा.वि | १८ | ६५ | ८३ |
| २ | नि.मा.वि | १३ | ५२ | ६५ |
| ३ | मा.वि | ११ | ४९ | ६० |
| ४ | उच्च मा.वि | ९ | ३८ | ४७ |
| ५ | उच्च शिक्षा | २० | | २० |
| | जम्मा | ७१ | २०४ | २७५ |

स्रोत : स्थलगत सर्वेक्षण, २०७१ ।

माथिको तालिका ४.४१ मा महेशपुर गा.वि.स.मा वैदेशिक रोजगारीमा गइसकेपछिको बालबालिकाको शैक्षिक अवस्थालाई देखाइएको छ । यहाँ प्रा.वि तहमा सरकारी विद्यालयमा १८ बालबालिका र निजि विद्यालयमा ६५ बालबालिका अध्ययन गर्दछन् भने नि.मा.वि.मा १३ जना सरकारी विद्यालयमा र ५२ जना निजि विद्यालयमा पढ्दछन् । मा.वि. मा सरकारी तर्फ ११ जना, नीजिमा ४९ जना पढ्दछन भने उच्च मा.वि. मा सरकारी तर्फ ९ जना र निजि विद्यालय तर्फ ३८ जना पढ्दछन् । उच्च शिक्षा मा सरकारी विद्यालयमा २० जना पढ्छन् । यसरी प्रा.वि.मा जम्मा ८३ जना, नि.मा.वि.मा ६५ जना, मा.वि.मा ६० जना, उच्च मा.वि.मा ४७ जना र उच्च शिक्षामा २० जना गरि जम्मा २७५ जना बालबालिका सरकारी र निजि विद्यालय पढ्दछन् ।

### ४.५.६ आर्थिक तथा शैक्षिक अवस्थाको तुलना (Comparison of Economic and Educational Status)

प्रस्तुत अध्ययनमा वैदेशिक रोजगारीमा महिला जानुअघि र गइसकेपछि उनीहरूको बालबालिकाको शैक्षिक परिवर्तनलाई देखाउन प्रयास गरिएको छ । अध्ययन क्षेत्रको वैदेशिक अवस्था हेर्दा अधिकांश बालबालिकालाई रोजगारीमा सहभागी हुनुपूर्व सरकारी विद्यालयमा अध्ययन गरिरहेका देखिन्छन् तर वैदेशिक रोजगारीमा गएपछि उनीहरूको आर्थिक अवस्था वृद्धि भएको देखिन्छ । उनीहरूका बालबालिकाहरू नीजि विद्यालयमा अध्ययन गर्नेको सङ्ख्या पनि उल्लेख्य रूपमा वृद्धि भएको देखिन्छ । कुल घरपरिवार ८१५ जना मध्ये वैदेशिक

रोजगारीमा संलग्न महिला २१९ जनाले न्यूनतम वार्षिक आम्दानी १००००० देखि २५०००० सम्म आम्दानी गरिरहँदा कुल १३६ जनाले विद्यालय अध्ययन गरेको देखिन्छ । यस जमध्ये सरकारीमा १३० जना र नीजिमा ६५ जनाले अध्ययन गरेको पाइयो । तर वैदेशिक रोजगारीमा महिला गएपछि भने नीजि विद्यालय अध्ययन गर्ने बालबालिकाको सङ्ख्या उल्लेख्य देखिएको छ । जसमा सरकारीमा ७१ जना र नीजिमा २०४ जना गरी कुल २७५ जना बालबालिका अध्ययनरत देखिन्छ । उक्त रोजगार पश्चात् उक्त परिवारले कुल वार्षिक आम्दानी ४,००,००० देखि १०,००,००० सम्म गरेको पाइयो । यसरी वैदेशिक रोजगारमा जानु अघि र पछिको शैक्षिक अवस्था हेर्दा ठूलो भिन्नता आएको देखिन्छ ।

**तालिका ४.४२**

**आर्थिक र शैक्षिक अवस्थाको तुलना-२०७१**

| आर्थिक अवस्था | | शैक्षिक अवस्था | | | |
|---|---|---|---|---|---|
| पहिले | अहिले | बालबालिका सङ्ख्या | | बालबालिका सङ्ख्या | |
| | | सरकारी | नीजि | सरकारी | नीजि |
| १०००००-१५०००० | ४०००००-६००००० | ३० | १५ | १६ | ५५ |
| १५००००-२००००० | ६०००००-८००००० | ४५ | २२ | २१ | ७३ |
| २००००० भन्दा माथि | ८००००० भन्दा माथि | ५५ | २८ | ३४ | ७६ |
| | जम्मा | १३० | ६५ | ७१ | २०४ |

स्रोत : स्थलगत सर्वेक्षण, २०७१ ।

माथिको तालिका अनुसार आर्थिक र शैक्षिक अवस्थाको तुलना गरिएको छ । वैदेशिक रोजगारीमा जानु अघिको न्यूनतम वार्षिक आम्दानी रु. १,००,००० देखि रु. २,५०,००० सम्म आम्दानी गरेको पाइयो भने वैदेशिक रोजगारीमा गएपछिको न्यूनतम रु. ४,००,००० देखि रु. १०,००,००० सम्म आम्दानी रहेको पाइयो । बालबालिकाको शैक्षिक अवस्थामा आर्थिक अवस्थाले मह□वपूर्ण भूमिका खेलेको पाइयो । आर्थिक वृद्धिसँगै बालबालिकाको शैक्षिक गुणस्तरमा पनि वृद्धि भएको पाइयो । थोरै आम्दानी हुँदा सरकारी विद्यालयमा अध्ययन गर्ने गरेको पाइयो भने आम्दानी वृद्धि भएपछि निजी विद्यालयमा अध्ययन गरेको पाइयो । यसरी वैदेशिक रोजगारीमा आर्थिक तथा शैक्षिक क्षेत्रमा मह□वपूर्ण भूमिका खेलेको पाइयो ।

### ४.५.७ विप्रेषणले परिवारको शिक्षामा पारेको प्रभाव (Impact of Remittance of Family Education)

गुणस्तरीय शिक्षा आर्जन गर्न बलियो आर्थिक स्रोतको आवश्यकता पर्दछ । विदेशबाट प्राप्त विप्रेषणलाई शिक्षामा खर्च गरि परिवारको शैक्षिक आवश्यकतालाई पूरा गराउन सहयोग पुऱ्याउदछ । विप्रेषणले शिक्षामा बढि सकरात्मक प्रभाव पारेको छ भने केही नकरात्मक प्रभाव पनि गर्दछ । अभिभावकले विदेशमा कमाएको विप्रेषणलाई जथाभावि प्रयोग गर्दा बालबालिकाहरू विग्रने, नसालु लागुपदार्थको प्रयोग गर्ने, पढ्न विद्यालय नजाने जस्ता कुबाटोमा फस्ने समस्याहरू देखिएको छ । विप्रेषणले परिवारको शिक्षामा पारेको प्रभावलाई तल प्रस्तुत गरिएको छ ।

**तालिका ४.४३**

**विप्रेषणले परिवारको शिक्षामा पारेको प्रभाव-२०७१**

| क्र.सं. | विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | राम्रो | १३५ | ६१.६४ |
| २ | नराम्रो | ५९ | २६.९४ |
| ३ | थाहा छैन | २५ | ११.४२ |
| | जम्मा | २१९ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७१ ।

माथिको तालिकामा विप्रेषणले परिवारको शिक्षामा पारेको प्रभावलाई देखाएको छ । विप्रेषणले बालबालिकाको शिक्षामा राम्रो प्रभाव पार्यो भन्ने १३५ (६१.६४%) जना, नराम्रो प्रभाव पार्यो भन्ने ५९ जना (२६.९४%) र राम्रो अवस्थाकी नराम्रो अवस्था कस्तो हो भनी थाहा नपाएको भन्ने २५ जना (११.४२%) रहेको देखिन्छ ।

विप्रेषणबाट प्राप्त आम्दानीले बालबालिकाको शैक्षिक क्षेत्रमा उल्लेख्य सुधार आएको देखिन्छ । बालबालिकाहरूको राम्रो र गुणस्तर र नीजि विद्यालयमा पढ्न पाएका छन् । उनीहरूको शिक्षाको स्तरमा वृद्धि आएको छ भने विप्रेषण प्राप्त आम्दानीलाई गलत तरिकाले प्रयोग गर्ने परिपाटीले बालबालिकाको शिक्षाको स्तरमा नकारात्मक प्रभाव पारेको देखिन्छ । आमाले पठाएको पैसालाई मोजमजा गर्ने, फजुल खर्च गर्ने, पढ्न विद्यालय नजाने, सिनेमा हेर्न जाने, स्वास्थ्यलाई हानिकारक हुने कुराहरू सेवन गर्ने, घरका अभिभावकलाई

नटेड्ने, विद्यालय जान्छु भनी साथीभाईसँग घुम्न जाने जस्ता नकारात्मक प्रभाव पनि देखिन्छ भने विप्रेषणबाट राम्रो वा नराम्रो, कुनै पनि प्रभाव थाहा नभएको अवस्था रहेको भन्ने अभिभावकहरू पनि भेटिएका छन् ।

यसरी हेर्दा विप्रेषणले राम्रो, नराम्रो र थाहा नै छैन जे भने पनि सबैभन्दा बढी राम्रो प्रभाव पारेको छ भने स्तरीय तथा गुणस्तरीय शिक्षा हासिल गरी सुरक्षित र सुनिश्चित भविष्यको निर्माण गरेको देखिन्छ ।

## ४.६ महिला वैदेशिक रोजगारीको सकरात्मक तथा नकरात्मक प्रभाव (Positive and Negative Impact of Foreign Employment)

नेपाल एक विकासोन्मुख देश हो यहाँ द्वन्द्व, अशान्ति, राजनीतिक अस्थिरता, असुरक्षा, ऊर्जासंकट, आर्थिक अभाव, प्राविधिक ज्ञानको अभाव जस्ता कारणले लगानिमैत्री वातावरण सिर्जना नभएर उद्योगधन्दा कलकारखाना, कृषि जस्ता क्षेत्रको विकास हुन सकेको छैन । जसको प्रत्यक्ष प्रभाव देशमा रहेको सक्रिय महिलाहरूमा पनि परेको छ । यहि कारणले गर्दा देशमा बेरोजगारीले दिन प्रतिदिन जरा गाडेको छ । उचित रोजागारी नपाएका पुरुष तथा महिलाको गन्तव्य वैदेशिक रोजगारी रहेका छन् । महिला वैदेशिक रोजगारीका सकरात्मक तथा नकरात्मक प्रभावलाई तल बुँदागत रूपमा प्रस्तुत गरिएको छ ।

### ४.६.१ सकरात्मक प्रभाव (Positive Impact)

आजका युवा युवतिहरू वैदेशिक रोजगारीतर्फ आकर्षित भएबाट यसभित्र थुप्रै सकरात्मक पक्ष रहेको महसुस हुन्छ । वैदेशिक रोजगारीबाट सहभागि महिलाहरूको प्रत्यक्ष फाइदा हुनका साथै राष्ट्रलाई पनि फाइदा पुग्दछ । वैदेशिक रोजगारीले पारेको सकरात्मक पक्षलाई तल प्रस्तुत गरिएको छ ।

#### क. विदेशि मुद्रा आर्जन (Earning of Foreign Currency)

विदेशि मुद्रा आर्जन गर्ने प्रमुख स्रोत उत्पादित वस्तुको निर्यात हो । मानविय स्रोत अर्को विदेशि मुद्रा आर्जन गर्ने माध्यम हो । देशमा बन्द, हड्ताल, अशान्ति, राजनीतिक अस्थिरताले गर्दा उद्योगधन्दाको विकास खस्कदो अवस्थामा छ । जसले गर्दा वस्तु उत्पादन गरेर निर्यात गरेर आय आर्जन गर्ने बाटो हराएको छ । त्यसैले अहिले विदेशि मुद्रा आर्जन

गर्ने प्रमुख स्रोत नेपालका युवायुवति वैदेशिक रोजगारमा गई विदेशि मुद्रा आर्जन गर्नु र विदेशमा सीकेको सीप भित्राउनु रहेको छ ।

**ख. बेरोजगारी समस्या समाधान (Solve of Unemployment Problem)**

नेपालमा महिला, पुरुष दुवै रोजगारी नपाई बेरोजगारी बस्न बाध्य छन् । अहिले पुरुष तथा महिला बेरोजगारी अन्त्य गर्ने एकमात्र उपाय वैदेशिक रोजगार बन्न गएको छ । वैदेशि रोजगारीले महिला, पुरुषलाई आय आर्जन गर्ने बाटो खुलाइ दिएको छ ।

**ग. गरिबी निवारणमा सहयोग (Help in Proverty Alleviation)**

वैदेशिक रोजगारीले बेरोजगारीको महामारीलाई समाधान गरी आयआर्जन गरी गरिबी निवारणमा मह[illegible]वपूर्ण भूमिका खेलेको छ । वैदेशिक रोजगारीले महिलाहरूको आर्थिक स्थिति सुदृढ गरी सम्पन्न जीवन यापनमा सहयोग पुऱ्याएको छ ।

**घ. प्रविधि हस्तान्तरण तथा सीपको आदनप्रदान (Transfer of Technique and Exchange of Skill)**

वैदेशिक रोजगारीमा गएका महिला तथा पुरुषहरूले विदेशमा काम गरी त्यहाँको प्रविधि र सीप सिक्दछन् जसले गर्दा पछि आफ्नो देशमा आई आफूले सिकेका प्रविधि तथा सीप सदुपयोग गरेको पाइन्छ ।

यि बाहेक व्यवस्थापकीय ज्ञानको विकास, संस्कृतिको आदनप्रदान दुई देशबीचको सम्बन्ध विस्तार जस्ता वैदेशिक रोजगारीले राष्ट्र र प्रत्यक्ष व्यक्तिमा सकरात्मक प्रभाव पार्दछ ।

### ४.६.२ नकरात्मक प्रभाव (Negative Impact)

जुनसुकै कुराको पनि सकरात्मक र नकरात्मक दुई पाटो रहेको पाइन्छ । वैदेशिक रोजगारीले पार्ने नकरात्मक प्रभावलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ ।

### १. योग्य जनशक्ति पलायन हुन (Drain of Capable Human)

वैज्ञानिक रोजगारीले अल्पकालमा व्यक्ति तथा राष्ट्रलाई फाइदा पुऱ्याए पनि दिर्घकालमा बेफाइदा पुऱ्याउँदछ । वैदेशिक रोजगारीले देशमा भएका सक्रिय र योग्य महिला तथा पुरुष पलायन हुन्छ । जसले गर्दा देशमा आश्रित केटाकेटी र बृद्धवृद्धाहरू मात्र रहन्छन् । जसले गर्दा देश विकासमा समस्या आउँदछ ।

### २. श्रम शोषण (Labour Explatation)

नमूना छनोटमा परेका रोजगारीमा गएका कामदारहरूले कामको जोखिम अनुसार मासिक तलब पाएका छैनन् । नेपाली र अन्य देशका नागरिकले गर्ने समान काममा पनि नेपालीले अरु सरह समान पारिश्रमिक पाएका छैनन् ।

### ३. पारिवारिक सम्बन्ध बिग्रनु (Destruction of Family Relation)

वैदेशिक रोजगारीमा महिलाहरू जादा उनीहरूको प्रायः पारिवारिक सम्बन्ध बिग्रिएको पाइयो । पति पत्नि बिच नराम्रो सम्बन्ध भई डिभोर्स हुने, बालबालिकाहरू बिग्रने, लागुपदार्थको सेवन गर्ने, समाजमा विदेश जाने महिलालाई नराम्रो दृष्टिले महिलालाई हेर्ने जस्ता समस्या देखा पर्दछन् ।

## ४.७ वैदेशिक रोजगारीमा संलग्न महिलाहरूका व्यक्तिगत समस्याहरू (Personal Problems of Woman Engaged in Foreign)

वर्तमान देशको अवस्था एकदम नाजुक रहेको पाइन्छ । देशमा लैङ्गिक हिंसा, राजनीतिक अस्थिरता, रोजगारीको अभाव, दक्ष जनशक्तिको अभाव, प्राविधिक ज्ञानको अभाव, उद्योगधन्दाको राम्रो विकास नहुनु, परम्परागत कृषि प्रणाली, प्राकृतिक स्रोत र साधनको सहि सदुपयोगको अभाव जस्ता थुप्रै समस्या रहेका छन् । जसले गर्दा देशमा बेरोजगारीको संख्या दिनप्रतिदिन बढ्दै गएको छ । वर्तमान अवस्थामा रोजगारीको एउटा मात्र विकल्प वैदेशिक रोजगार हुन पुगेको छ । जसले गर्दा धेरै युवा युवतिको रोजगारीको गन्तव्य स्थान विदेश हुन पुगको छ । बेरोजगारीका कारण नेपाली युवा युवति वैदेशिक रोजगारीमा जाने लहर चलेको छ भने यिनीहरूमा थुप्रै समस्याहरू पनि रहेका छन् ।

महेशपुर गा.वि.स. मा यस शोधको अध्ययनमा गरिएको स्थलगत सर्वेक्षण अनुसार अध्ययन क्षेत्रका सहभागिहरूमा समस्याहरू निम्नानुसार रहेका छन् ।

१. खाडि मुलुकमा नेपाली महिला कामदार घरेलु काममा जाने हुँदा शारीरिक यौनजन्य हिंसामा पर्ने ।
२. खाडि मुलुकमा नेपाली महिला कामदारको स्वतन्त्रताको हनन हुन्छ ।
३. नेपाली महिलाहरूलाई विदेशमा भाषागत समस्या हुन्छ ।
४. नेपाली महिलाहरूलाई प्रायः दलालले विदेश पठाउने हुँदा उनीहरू बेचिने डर हुन्छ ।
५. खाडि मुलुकमा नेपाली कामदारको जीवन बिमा अङ्गभङ्गको क्षतिपूर्तिको उचित व्यवस्था नभएकाले सम्पूर्ण जोखिम कामदारले बहन गर्नु पर्ने ।
६. राजदुतबासले नेपाली महिला कामदारको समस्यामा ध्यान दिन नसक्नु
७. नेपाली महिला कामदारको श्रमको शोषण हुने गर्दछ ।
८. नेपाली महिलाले राम्रो खाना, बस्ने सुविधा प्राप्त गर्न नसक्नु
९. पुरुषको तुलनामा महिलाहरूको तलब थोरै हुनु ।
१०. नेपाली कामदारले म्यानपावर वा दलालले भने अनुसारको काम नपाउनु
११. नेपालबाट जाँदा भने अनुसारको मासिक तलब र ओभर टाइम सुविधा नपाउनु ।
१२. विदेशमा गएर महिलाले जटिल र अप्ठ्यारा किसिमका काम गर्न बाध्य हुनु पर्ने ।

## ४.८ सारांश (Summary)

यस अध्ययनको सारांशलाई निम्नानुसार तल प्रस्तुत गरिएको छ ।

१. प्रस्तुत अध्ययन झापा जिल्लाको महेशपुर गा.वि.स. मा केन्द्रित छ । उक्त क्षेत्रमा “विप्रेषणले वैदेशिक रोजगारीमा संलग्न महिलाहरूको पारिवारिक आर्थिक तथा शैक्षिक क्षेत्रमा पुऱ्याएको योगदान” नामक शिर्षकमा यो अध्ययन केन्द्रित रहेको छ । प्रस्तुत अध्ययनमा ३ वटा उद्देश्यहरूमा पहिलो उद्देश्य महिलाहरूको वैदेशिक रोजगारीमा जानु अघिको आर्थिक र पछिको

आर्थिक अवस्थाको विश्लेषण गर्नु, दोस्रो उद्देश्य महिलाहरू वैदेशिक रोजगारीमा जानुका कारणहरू पत्ता लगाउन र तेस्रोमा वैदेशिक रोजगारबाट प्राप्त विप्रेषणले उनीहरूको पारिवारिका, आर्थिक तथा बालबालिकाहरूको शैक्षिक क्षेत्रमा पारेको प्रभाव पत्ता लगाउनु रहेका छन् ।

२. यस अध्ययनमा विप्रेषण प्राप्त घरधुरीलाई नमूनाको रूपमा लिइएको छ । प्राथमिक तथा द्वितीय तथ्याङ्कका स्रोतका आधारमा तथ्याङ्कको संकलन गरिएका छन् । यस अध्ययनमा प्रश्नावली, अवलोकन फारम र छलफल सूचि जस्ता तथ्याङ्क संकलनका साधनहरू उपयोग गरिएको छ भने अन्तवार्ता, सहभागितामूलक अवलोकन तथा लक्षित समूह छलफल जस्ता तथ्याङ्क संकलनका तरिकाहरूको प्रयोग गरिएको छ ।

३. द्वितीय स्रोत अन्तर्गत पत्रपत्रिकामा प्रकाशित वैदेशिक रोजगार सम्बन्धि रिपोर्टहरू, गा.वि.स. कार्यालयको प्रोफाइल, जि.वि.स. कार्यालय झापाको आर्थिक सर्वेक्षण, केन्द्रिय तथ्याङ्क विभागबाट प्रकाशित लेख, रचना तथा अध्ययनसँग सम्बन्धित पुराना शोधपत्रको प्रयोग गरिएको छ ।

४. महेशपुर गा.वि.स. वार्ड नं. १, ३, ५, र ६ मा बसोबास गर्ने कुल महिला संख्या ४९२२ बाट २१९ जना महिलालाई लिइएको छ । जो वैदेशिक रोजगारमा संलग्न रहेका छन् ।

# अध्याय : पाँच (CHAPTER–FIVE)

## ५. निष्कर्ष तथा सुझावहरू (Summary, Conclusion and Recommendations)

### ५.१ निष्कर्ष (Conclusion)

प्रस्तुत अध्ययनको प्रमुख उद्देश्य महिलाहरूको वैदेशिक रोजगारीमा जानु अघिको आर्थिक र पछिको आर्थिक अवस्थाको विश्लेषण गर्नु, महिलाहरू वैदेशिक रोजगारीमा जानुका कारणहरू पत्ता लगाउने र वैदेशिक रोजगारबाट प्राप्त विप्रेषणले पारिवारिक आर्थिक तथा शैक्षिक क्षेत्रमा पारेको प्रभाव पत्ता लगाउनु रहेको थियो । झापा जिल्ला महेशपुर गा.वि.स. वडा नं. १, ३, ५ र ६ मा वैदेशिक रोजगारीमा संलग्न महिलाहरूको अध्ययनबाट निम्नानुसारको निष्कर्ष प्राप्त भएका छन् ।

१. यस अध्ययनमा कुवेत, साउदीअरब, मलेशिया ओमन, इजराइल, कतार, दुबई देशहरूलाई लिइएको छ । वैदेशिक रोजगारीमा संलग्न महिलाहरू मध्ये सबैभन्दा बढि ओमन ३२.४२ प्रतिशत र सबैभन्दा कम साउदि अरब ६.३९ प्रतिशत गएका छन् ।

२. वैदेशिक रोजगारीमा संलग्न महिलाहरूको समायावधिलाई हेर्दा २ वर्ष सम्म ४२.४७ प्रतिशत, २ वर्ष देखि ३ वर्ष सम्म ३८.८१ प्रतिशत र ३ वर्ष देखि माथि १८.७२ प्रतिशत रहेका छन् ।

३. वैदेशिक रोजगारीमा संलग्न महिलाहरूको शैक्षिक अवस्थालाई हेर्दा सबैभन्दा बढि प्रा.वि. ४१.५५ प्रतिशत र सबैभन्दा कम उच्च शिक्षा ०.४६ प्रतिशत रहेका छन् ।

४. वैदेशिक रोजगारमा महिला जानु अघि उनीहरूका बालबालिकाहरूका सरकारीमा १३० जना र नीजिमा ६५ जना गरी १९५ जना अध्ययनरत थिए भने विदेश गइसकेपछि सरकारीमा अध्ययनरत ७१ जना र नीजिमा २०४ जना गरी जम्मा २७५ जना बालबालिका विद्यालयमा अध्ययनरत छन् । यसरी हेर्दा वैदेशिक रोजगारीमा संलग्न महिलाहरूको बालबालिकाको

शैक्षिक अवस्था वैदेशिक रोजगारीमा जान अघिको महिलाको बालबालिका शैक्षिक अवस्था भन्दा राम्रो देखिन्छ ।

५. महिलाहरू वैदेशिक रोजगारमा जाने कारणहरूमा पहिलो कारण रोजगारी नपाएर १८.२६ प्रतिशत दोस्रो आर्थिक अवस्था कमजोर भएर २८.७७ प्रतिशत, तेस्रो धन कमाउन १९.६३ प्रतिशत, चौथो राजनीतिक कारण १७.३४ प्रतिशत र पाँचौ बालबालिकाको उज्वल भविष्यका लागि १५.९८ प्रतिशत रहेका छन् ।

६. वैदेशिक रोजगारीमा जान अघि महिलाको घरपरिवारकको वार्षिक आम्दानी कम देखिन्छ । जसमा घरपरिवारको कुल वार्षिक आम्दानी रु. २६४०००००, कुल वार्षिक खर्च रु. १८२००००० र बचत रु. ८२००००० रहेको छ । जसमा औषत आम्दान रु. १,२०,५४७, औषत खर्च रु. ८३,१०५ र औषत बचत रु ३७,४४२ रहेको देखिन्छ ।

७. वैदेशिक रोजगारीमा गइसकेपछि महिलाहरूको घरपरिवारको कुल वार्षिक आम्दानी रु. १०४०३५०००,वार्षिक खर्च रु.६९५००००० छ भने बचत रु. ३४५३५००० रहेका छन् । जसमा औषत आम्दानी रु. ४,७५,०४५, औषत खर्च रु ३,१७,३५१ र औषत बचत रु. १,५७,६९४ रहेको देखिन्छ ।

८. महिलाहरूको विदेशमा काम गर्न जादा लागेको खर्चमा ५० हजार देखि ८०००० सम्म ४२.४७ प्रतिशत, ८० हजार देखि १ लाख सम्म ३१.०५ प्रतिशत र १ लाख देखि माथि २६.४८ प्रतिशत खर्च लागेको देखिन्छ ।

९. वैदेशिक रोजगारबाट प्राप्त आम्दानीलाई महिलाहरूको घर निर्माण, जग्गा खरिदमा ३५.६२ प्रतिशत, घडेरी खरिद २३.२९ प्रतिशत, मत्स्यपालन गर्न १५.५३ प्रतिशत, व्यापार व्यवसायमा ७.७६ प्रतिशत र पशुपालनमा १७.८१ प्रतिशत रहेको देखिन्छ ।

१०. नमूना छनोट घरपरिवारको जनसांख्यिकीय विवरणमा सबैभन्दा न्यून ४-५ पारिवारिक सङ्ख्या १०८ जना (१३.२५%) र सबैभन्दा बढी ६-७ सम्मको पारिवारिक सङ्ख्या ३२५ जना (३९.८८) रहेका छन् ।

११. उमेरगत जनसङ्ख्यामा सबैभन्दा कम ६० वर्ष भन्दा माथिको उमेर १०३ जना (१२.६३%) र सबैभन्दा बढी उमेर १५-२५ वर्षको २४४ जना रहेको पाइन्छ । यहाँ औषत घरपरिवारको आकार ३.७२ रहेको छ ।

१२. वैदेशिक रोजगारमा संलग्न महिलाहरूको परिवारको पेशा कृषि, ज्याला मजदुरी, नोकरी, व्यापार व्यवसाय मध्ये सबैभन्दा कम व्यापार व्यवसायमा ७४ (१७.६२%) र सबैभन्दा बढी कृषि पेशामा १३७ जना (३२.६२%) संलग्न भएका छन् ।

१३. नमूना छनोटमा परेका परिवार ब्राहमण, क्षेत्री, राई, लिम्बू, तामाङ्ग, दलित, मगर, नेवार मध्ये सबैभन्दा बढी क्षेत्री २०० जना (२४.५४%) र सबैभन्दा कम लिम्बु ३७ जना (४.५४%) जातिका परिवार रहेका छन् ।

१४. उमेरगत रूपमा वैदेशिक रोजगारीमा सहभागी महिलाहरू सबैभन्दा बढी २५ वर्ष देखि ३० वर्ष सम्मका ९५ जना (४३.३८%) र सबै भन्दा कम ३० वर्ष देखि ३५ वर्ष सम्म ४३ जना (१९.६३%) रहेका छन् ।

१५. वैदेशिक रोजगारमा सहभागी विभिन्न जातहरू ब्राहमण, क्षेत्री, जनजाति, दलित मध्ये सबैभन्दा बढी जनजाति ९३ जना (४२.४७%) र सबै भन्दा कम ब्राह्मण २३ जना (१०.५०%) महिला विदेश गएको पाइयो ।

१६. वैदेशिक रोजगारमा संलग्न महिला कुवेत, साउदी अरब, मलेशिया, ओमन, इजरायल, कतार, दुबई जस्ता देशहरूमा काम गर्न गएका थिए । जसमध्ये सबै भन्दा बढी ओमन ७१ जना (३२.४२) र सबै भन्दा कम साउदी अरब १४ जना (६.३९%) गएको देखिन्छ ।

१७. महिलाहरू विदेश जाँदा लागेको खर्चमा मेनपावरलाई तिरेको खर्च रु १,००,००,००० (५३.९२%), श्रम, मन्त्रालयमा तिरेको खर्च रु ५०,००,००० (२६.९६%) र बिनामा खर्च रु ३५,४५,००० (१९.१२%) रहेको छ । विदेश काम गर्न जाँदा लागेको औषत खर्च रु ८४,६८०.३७ रहेको छ ।

१८. विदेश काम गर्न जाँदा न्यूनतम रु ५०,००० देखि रु १,२०,००० सम्म रहेको देखिन्छ । यहाँ सबैभन्दा कम ५०,००० तिरेर विदेश जाने महिला ७५ जना (३४.२५%) र सबैभन्दा बढी रु १,२०,००० तिरेर विदेश जाने महिला २० जना (९.१२%) रहेको देखिन्छ ।

१९. विदेशमा महिला कामदारहरू घरेलु काम, सेल्समेन र व्युटिसियनमा गएको देखिन्छ । घरेलु कामदारले रु १,८०,००,००० (२२.५०%), सेल्समेनले रु २,७०,००,००० (३३.७५%) र व्युटिसियनले रु ३,५०,००,००० (४३.७५%) आम्दानी गरेको देखिन्छ । यहाँ विदेशबाट प्राप्त औषत आम्दानी रु ३,६५,२९६.८० रहेको देखिन्छ ।

२०. वैदेशिक रोजगारमा महिलाहरू घरेलु कामदारमा १०१ जना (४६.१२%), सेल्समेन ८३ जना (३७.८९%) र व्युटीसियनमा ३५ जना (१५.९८%) जाने गरेको देखिन्छ ।

२१. महिलाहरूले विदेशबाट प्राप्त गरेको विप्रेषणलाई घर निर्माण, जग्गा खरीदमा ३५.६२%, घडेरी खरीदमा २३.४५%, मत्स्यपालनमा ७.५४%, व्यापार व्यवसायमा १७.८१% र पशुपालनमा १५.५८% खर्च गरेको देखिन्छ ।

२२. पारिवारिक शैक्षिक अवस्थामा सबैभन्दा बढी प्रा.वि. तर्फ ४३.५६% र सबैभन्दा कम मा.वि. तर्फ १८.२२% रहेको देखिन्छ । औषत वार्षिक लगानीको क्षेत्र रु. १,५७,६९४.०६ रहेको देखिन्छ ।

२३. घरधुरीका अभिभावकहरूको शैक्षिक अवस्थामा सबैभन्दा बढी प्रा.वि. तर्फ ४४.७५% र सबैभन्दा कम मा.वि. मा १५.९८% रहेको देखिन्छ ।

२४. विप्रेषणले शिक्षामा पारेको राम्रो प्रभाव ६१.६४%, नराम्रो प्रभाव २६.९४% र थाहा छैनमा ११.४२% रहेको देखिन्छ ।

## ५.२ सुझावहरू (Recommendations)

नेपाल एउटा विकासोन्मुख देश हो, यहाँ गरिबी, अशिक्षा, परम्परागत कृषि प्रणाली, उद्योगधन्दाको राम्रो विकास नहुनु, उच्च जनसंख्या वृद्धिदर, न्यून उत्पादकत्व र बेरोजगारिको समस्याले जकडिएको छ । देशमा सम्पूर्ण जनतालाई रोजगारीको अवसर प्रदान गर्न सकिएको छैन । जसले गर्दा वैदेशिक रोजगारी रोजगार प्राप्त गर्ने एउटा विकल्प हो तर महिला वैदेशिक रोजगारमा जादा थुप्रै समस्याहरू रहेका छन् । त्यसैले वैदेशिक रोजगारीलाई सुधार गर्नको लागि यस अध्ययनबाट प्राप्त नतिजाको आधारमा केही नीति तथा कार्याक्रमहरू सञ्चालन गर्न र महिलाहरूलाई सुझाव प्रस्तुत गरिएको छ ।

### ५.२.१ नीति सम्बन्धित सुझावहरू (Policy Related Recommendations)

१. महिलाहरूको विदेशमा दुख गरी कमाएको रकम घर निर्माण, जग्गा खरीदमा ३५.६२ प्रतिशत र घडेरी खरीद ७.५४ प्रतिशत खर्च गरिएको देखिन्छ । महिलाहरूको आफूले विदेशमा गएर कमाउको रकम यस्ता अनुपादक क्षेत्रमा लगानी गर्नु भन्दा मत्स्यपालन, व्यापार व्यवसाय, पशुपालन र यस्तै अन्य उत्पादनशील क्षेत्रमा लगानी गर्न सरकारले महिलाहरूलाई प्रोत्साहित गर्दै नीति नियम बनाएर लागु गराउनु पर्दछ ।

२. वैदेशिक रोजगामा संलग्न महिलाहरूको परिवारको पेशामा सबैभन्दा बढी कृषि ३२.६२ प्रतिशत देखिन्छ भने सबैभन्दा कम व्यापार व्यवसायमा १६.६२ प्रतिशत रहेको देखिन्छ । सरकारले व्यापार व्यवसायमा वृद्धि गर्नका लागि उपयुक्त वातावरण सिर्जना गराउनु पर्दछ ।

३. महिलाहरूको विदेशमा काम गर्ने क्षेत्रमा घरेलु कामदार, सेल्समेन, व्युटीसियनहरू रहेको देखिन्छ । यहाँ घरेलु कामदारमा सबैभन्दा बढी ४६.१२ प्रतिशत रहेको देखिन्छ । यहाँ अन्य क्षेत्रमा गरेको काम भन्दा घरेलु कामदारको आम्दानी सबैभनदा कम २२.५० प्रतिशत रहेको देखिन्छ । त्यसैले सरकारले महिलालाई घरेलु कामदारको रूपमा विदेश पठाउनु भन्दा यही सीपमूलक कार्यक्रम सञ्चालन गरी आयआर्जनको बाटो खुलाउने नीति निर्माण गराउनु पर्दछ ।

### ५.२.२ व्यवहारिक क्षेत्रसँग सम्बन्धित सुझावहरू (Practice Related Recommendations)

१. वैदेशिक रोजगारीमा जाँदा महिलाहरू इजाजतप्राप्त संस्था भन्दा पनि बढि दलालको माध्यमबाट ४३.३८ प्रतिशत गएको देखिन्छ । यसरी जाँदा महिलाहरू धेरै दलालबाट ठगिएको देखिन्छ तसर्थ महिलाहरू विदेश जादा इजाजत प्राप्त संस्थाबाट विदेश जानु पर्दछ ।

२. वैदेशिक रोजगारीबाट कमाएको रकम महिलाहरूले सबै भन्दा बढि अनुत्पादक क्षेत्र जस्तै घरनिर्माण जग्गा खरिद ३५.६२ प्रतिशत र घडेरी खरिद २३.२९ प्रतिशत लगानी गरेको देखिन्छ । यसले देशको अर्थतन्त्रमा

नकरात्मक प्रभाव पार्दछ तसर्थ बिदेशबाट कमाएको विप्रेषणलाई प्रतिफल प्राप्त गर्ने क्षेत्रमा लगानी गर्नु पर्दछ ।

३. महिलाहरूका वैदेशिक रोजगारीमा जाँदा तालिम नलिई १२२ जना (५५.७१%) रहेका छन् । यसरी तालिम नलिई विदेश जाँदा विदेशमा महिलाहरूले धेरै दुःख सहनु पर्दछ । त्यसैले विदेश जाँदा सीप तथा तालिम सिकेर मात्र विदेश जानु पर्दछ ।

### ५.२.३ आगामी अनुसन्धानसँग सम्बन्धित सुझावहरू (Further Research Related Recommednations)

विप्रेषणले वैदेशिक रोजगारीमा संलग्न महिलाहरूको पारिवारिक आर्थिक तथा शैक्षिक क्षेत्रमा पुऱ्याएको योगदान अध्ययन गर्दा आगामी नयाँ अनुसन्धान कर्ताहरूलाई निम्न सहयोग मिल्नेछ ।

१. वैदेशिक रोजगारीमा संलग्न महिलाहरूको अध्ययन गर्दा तालिम लिई विदेश जाँदा कमाउने रकम र तालिम नलिई विदेश जाँदा कमाउने रकम कतिको अन्तर हुन्छ भन्ने कुरा आगामी अनुसन्धानकर्ताले अध्ययन गर्नुपर्दछ ।

२. वैदेशिक रोजगारीमा संलग्न महिलाहरूको अध्ययन गर्दा वार्ड नं. १, ३, ५ र ६ लाई मात्र लिइएको छ । आगामी अनुसन्धानकर्ताले सबै वार्डलाई समेटी अध्ययन गर्दा राम्रो हुनेछ ।

३. वैदेशिक रोजगारीमा संलग्न महिलाहरू दलाल, इजाजत प्राप्त संस्था, व्यक्तिगत प्रयासबाट जाँदा कति कति खर्च गरेर वैदेशिक रोजगारीमा गएका छन् भने आगामी अनुसन्धानकर्ताले अध्ययन गर्दा राम्रो हुनेछ ।

## अनुसूची १

### विप्रेषण आय प्राप्त गर्ने महिलाहरूको अभिभावकको लागि सोधिएका प्रश्नहरू

१. वैदेशिक रोजगारीका लागि गएका नेपाली महिला कामदारका लागि नेपाल सरकारले कस्तो नीति ल्याउनु पर्दछ ?

.........................................................................

२. वैदेशिक रोजगारीमा गएका महिलाहरूलाई तपाई के सल्लाह दिनु हुन्छ ?

.........................................................................

३. वैदेशिक रोजगारीमा गएका महिलाहरूले पठाएको विप्रेषणले देशको आर्थिक अवस्थामा कस्तो प्रभाव पारेको छ ?

.........................................................................

४. वैदेशिक रोजगारीमा गएका महिलाहरूले पठाएको विप्रेषणले शैक्षिक क्षेत्रमा कस्तो प्रभाव पारेको छ ?

.........................................................................

५. वैदेशिक रोजगारीमा गएका महिलाहरूका जिवनस्तरमा कस्तो प्रभाव पारेको छ ?

.........................................................................

६. वैदेशिक रोजगारीमा गएर दुःख पाएका महिलाहरूका लागि सरकारले कस्ता सहयोग पुऱ्याउन सक्दछ ?

.........................................................................

७. वैदेशिक रोजगारबाट प्राप्त विप्रेषणले राष्ट्रलाई के कस्तो फाइदा पुऱ्याउँदछ ?

.........................................................................

८. वैदेशिक रोजगारीमा जाँदा महिलाहरूले के कस्ता कुरामा ध्यान दिनु पर्दछ ?

...........................................................................

९. वैदेशिक रोजगारीबाट प्राप्त आम्दानी कस्तो क्षेत्रमा प्रयोग भएको छ ?

...........................................................................

१०. वैदेशिक रोजगारीमा गएका महिलाको शैक्षिक स्तर कस्तो रहेको छ ?

...........................................................................

११. वैदेशिक रोजगारमा गएका महिलाहरूका बालबालिकाको व्यवहार विद्यालयमा कस्तो छ ?

...........................................................................

१२. वैदेशिक रोजगारमा गएका महिलाका बालबालिका कस्तो विद्यालयमा अध्ययन गर्दछन् ?

...........................................................................

## अनुसूची २

## वैदेशिक रोजगारीबाट फर्किएका महिलाका लागि प्रश्नावलीहरू

१. व्यक्तिगत विवरण

नामः उमेर :

ठेगानाः शिक्षा :

वैदेशिक रोजगारीका लागि गएको देश

२. घरपरिवार विवरण

| क.सं. | नाम | उमेर | शिक्षा | पेशा |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| ५ | | | | |
| ६ | | | | |
| ७ | | | | |
| ८ | | | | |
| ९ | | | | |
| १० | | | | |

३. तपाई वैदेशिक रोजगारीमा गएपछि विप्रेषणले तपाईको पारिवारिक आर्थिक अवस्था कस्तो परिवर्तन आयो ?

क. राम्रो

ख. मध्यम

ग. नराम्रो

४. तपाईले शैक्षिक योग्यता कति हासिल गर्नु भएको छ ?

क. प्राथमिक ख. निम्न माध्यामिक

ग. माध्यामिक घ. उच्च शिक्षा

५. तपाई वैदेशिक रोजगारमा जानुअघि तपाईका बालबालिकाहरूले कस्तो विद्यालय अध्ययन गर्दथे ?

क. सरकारी ख. नीजि

६. तपाई वैदेशिक रोजगारमा गएपछि विप्रेषणको सहयोगबाट तपाईका बालबालिका कस्तो विद्यालयमा अध्ययन गर्दछन् ?

क. सरकारी ख. निजी

७. तपाई विदेश जाँदा कति लगानिमा जानु भएको थियो ?

क. २५०००-५०,००० ख. ५००००-७००००

ग. ७००००-९०००० घ. ९०००० देखि माथि

८. तपाईले विदेशमा मासिक आम्दानी कति प्राप्त गर्नुहुन्थ्यो ?

क. ५०००-१०००० ख. १००००-१५०००

ग. १५०००-२०००० घ. २०००० देखि माथि

९. तपाईले विदेशबाट प्राप्त गर्नु भएको आम्दानीलाई के कस्तो क्षेत्रमा लगानि गर्नु भएको छ ?

क. उपभोग र शिक्षा ख. उपभोग र व्यापार

ग. उपभोग र जग्गा खरिद घ. उपभोग अन्य

१०. तपाई विदेश कस्तो माध्यमबाट जानु भएको हो ?

क. दलाल　　　　　　　　ख. इजाजत प्राप्त संस्था

ग. व्यक्तिगत प्रयास

११. तपाई कुन देश जानु भएको हो ?

क. इजरायल　　　　　　　ख. कुवेत

ग. साउदी　　　　　　　　घ. अन्य

१२. तपाई विदेशमा कति वर्ष बस्नु भयो ?

क. १-२ वर्ष　　　　　　　ख. २-३ वर्ष

ग. ३-४ वर्ष　　　　　　　घ. ४ वर्ष भन्दा माथि

१३. तपाई जानु भएको देशमा नेपाली महिलाहरूको कस्तो अवस्था थियो ?

...............................................................................

१४. तपाई जानु भएको देशमा नेपाली महिलाहरूले के कस्ता समस्याहरू भ्mेल्नु परेको थियो ?

............................................................................

१५. तपाईले तालिम लिएर जानु भएको थियो कि थिएन ?

क. थियो　　　　　　　　　ख. थिएन

१६. महिलाहरू वैदेशिक रोजगारीमा जानुका कारण के के हुन् ?

..........................................................................

१७. वैदेशिक रोजगारीका के कस्ता फाइदाहरू रहेका छन् ?

.........................................................................

१८. वैदेशिक रोजगारीका के कस्ता बेफाइदाहरू रहेका छन् ?

.............................................................................

१९. वैदेशिक रोजगारीलाई के कसरी व्यवस्थित गर्न सकिन्छ ?

........................................................................

२०. वैदेशिक रोजगारबाट प्राप्त आम्दानीबाट तपाई सन्तुष्ट हुनुहुन्छ ?

............................................................................

२१. वैदेशिक रोजगारलाई व्यवस्थित गर्न राष्ट्रिय निकायबाट के गर्नुपर्ला ?

.............................................................................

२२. वैदेशिक रोजगारीबाट प्राप्त आम्दानीलाई कसरी व्यवस्थित गर्न सकिन्छ ?

..............................................................................

२३. तपाईको परिवारमा कुन कुन क्षेत्रबाट आम्दानी प्राप्त हुन्छ ?

.............................................................................

२४. विप्रेषणबाट प्राप्त आम्दानीले तपाईको परिवारको कति प्रतिशत आम्दानी ओगट्दछ ?

.............................................................................

२५. पुनः विदेश जाने विचारमा हुनुहुन्छ ?

क. छ ख. छैन

२६. विदेशमा कुनै नयाँ सीप सिक्नु भयो ?

क. सिके ख. सिकिन

२७. महिलाले वैदेशिक रोजगारमा जानु अघि के के कुरामा ध्यान दिनुपर्छ ?

.............................................................................

२८. वैदेशिक रोजगारीमा जान चाहनेलाई के सुझाव दिनु हुन्छ ?

.............................................................................

## अनुसूची ३

## अवलोकन फारम

वैदेशिक रोजगारीमा संलग्न महिलाहरूको घरपरिवारको अवलोकन सूची

| क.सं. | विवरण | राम्रो | मध्यम | न्यून |
|---|---|---|---|---|
| १ | घरको सरसफाई | | | |
| २ | खानपिन | | | |
| ३ | बोलिचाली | | | |
| ४ | शौचालय व्यवस्था | | | |
| ५ | घर व्यवस्थापन | | | |
| ६ | भान्साकोठा व्यवस्थापन | | | |

## अनुसूची ४

## वैदेशिक रोजगारीबाट फर्किएका महिलाहरूसँगको छलफल प्रश्नहरू

१. तपाईले विप्रेषणलाई के कस्ता क्षेत्रमा लगानी गर्नुभएको छ ?

२. तपाईले पठाएको विप्रेषणलाई परिवारले उत्पादनशिल क्षेत्रमा कति लगानी गरेका थिए ?

३. प्रस्तुत व्ययहरूले तपाईको परिवारको आर्थिक अवस्थामा कस्तो प्रभाव पारेको छ ?

४. तपाईले पठाएको विप्रेषण आयले सम्बन्धित परिवारको शैक्षिक अवस्थामा कस्तो प्रभाव पारेको छ ?

५. तपाईले विदेशमा कस्तो कार्य गर्नु परेको थियो ?

६. तपाईले विदेशमा कति आम्दानी प्राप्त गर्नु हुन्थ्यो ?

७. तपाई विदेशमा कति वर्ष बस्नु भयो ?

८. तपाईले विदेशमा भाषागत समस्या झेल्नु पर्‍यो कि परेन ?

९. विदेशमा महिलाहरू सुरक्षित हुँदैनन् भन्छन् यो कुरा सही हो ?

## अनुसूची ५

### वैदेशिक रोजगारीमा संलग्न महिला घरधुरी संख्या २१९ जनाको नामावली

### नमूना छनोटमा परेका वैदेशिक रोजगारीमा संलग्न महिलाका अभिभावकका नामावली

| | | | |
|---|---|---|---|
| १. | हरिबहादुर तिमल्सीना | २. | शुशिला लिम्बु |
| ३. | गोपाल पोखेल | ४. | हंसराज अधिकारी |
| ५. | गोविन्द निरौला | ६. | मैया सार्की |
| ७. | सीमा बराल | ८. | मनमाया श्रेष्ठ |
| ९. | भूमिका खनाल | १०. | सोनीया तामाङ्ग |
| ११. | राधिका विक | १२. | भिमा प्याकुरेल |
| १३. | आशा दमाई | १४. | लालबहादुर थापा |
| १५. | कल्पना कामि | १६. | सुरेन्द्र लामा |
| १७. | अरुणा राई | १८. | सुवास मगर |
| १९. | मिश्रा नेवार | २०. | सुकदेव लिम्बु |
| २१. | बाबा राई | २२. | सुवर्ण राई |
| २३. | देवी गुरुङ्ग | २४. | केशव पौडेल |
| २५. | गोमा निरौला | २६. | कृष्ण बोगटी |
| २७. | निरु तामाङ्ग | २८. | रामशेर कामी |
| २९. | काली भुजेल | ३०. | रमला नेपाली |
| ३१. | अनसरी तामाङ्ग | ३२. | युना चन्द |
| ३३. | डालिमाया राया | ३४. | विशाल कार्की |
| ३५. | फुलमाया मगर | ३६. | विमा शर्मा |
| ३७. | उर्मिला थापा | ३८. | विवेक सार्की |
| ३९. | बुनु लिम्बु | ४०. | विद्यानन्द वञ्जरा |
| ४१. | ढकबहादुर बञ्जरा | ४२. | घेम प्रसाद बराल |
| ४३. | जनक खनाल | ४४. | लिलाधर अधिकारी |
| ४५. | बाजिन्द्र नेवार | ४६. | कविता खनाल |
| ४७. | चन्द्रबहादुर राई | ४८. | सम्झना भट्टराई |
| ४९. | भिमबहादुर श्रेष्ठ | ५०. | उमा गौतम |
| ५१. | डमरु मगर | ५२. | उषा कट्वाल |
| ५३. | दिकुमार पाण्डे | ५४. | उपेन्द्र न्यौपाने |
| ५५. | दिवाकर बाँनिया | ५६. | रेखा सार्की |

| | | | |
|---|---|---|---|
| ५७. | नगेन्द्र गोले | ५८. | पार्वति कामी |
| ५९. | प्रेमबहादुर बोगटी | ६०. | पवित्रा गुरुङ |
| ६१. | प्रलाद खड्का | ६२. | नरबहादुर तामाङ्ग |
| ६३. | विनोद तामाङ्ग | ६४. | निरबहादुर नेपाली |
| ६५. | विनिता भण्डारी | ६६. | ववरबहादुर कामी |
| ६७. | विन्दा राई | ६८. | देवबहादुर सार्की |
| ६९. | विद्या मगर | ७०. | देविका नेपाली |
| ७१. | कोपिला पोखेल | ७२. | सरसती नेपाली |
| ७३. | गंगा गोले | ७४. | लक्ष्मण कट्वाल |
| ७५. | विमला कामी | ७६. | लक्की सार्की |
| ७७. | कमला गुरुङ्ग | ७८. | पासाङ्ग तामाङ्ग |
| ७९. | विनिमा कामी | ८०. | सुष्मीता तामाङ्ग |
| ८१. | तारा राया | ८२. | रुविना श्रेष्ठ |
| ८३. | रोशना गुरुङ्ग | ८४. | रूपेन्त्द्र गुरुङ्ग |
| ८५. | रोहन राणा | ८६. | रूपबहादुर बोगटी |
| ८७. | रोशन नेपाली | ८८. | मनिसा मगर |
| ८९. | शान्ती राई | ९०. | छाइसुङ्ग वञ्जरा |
| ९१. | पार्वती नेपाल | ९२. | युसाङ्ग शेर्पा |
| ९३. | बालकुमार भट्टराई | ९४. | युनिका अधिकारी |
| ९५. | मालती नेपाली | ९६. | युवराज लामा |
| ९७. | नानुमाया पाण्डे | ९८. | कालुमान गोले |
| ९९. | सुकुली राई | १००. | बुद्धिमान श्रेष्ठ |
| १०१. | चन्द्रकला रोक्का | १०२. | चिन्तनबहादुर राई |
| १०३. | हिरालाल पौडेल | १०४. | बुद्धिमान श्रेष्ठ |
| १०५. | शंकर बराम | १०६. | चिन्तनबहादुर राई |
| १०७. | दलबहादुर कामी | १०८. | उमेश लिम्बु |
| १०९. | पद्मा गौतम | ११०. | उपेन्द्र मगर |
| १११. | रेखा थापा | ११२. | सुसान तामाङ्ग |
| ११३. | ममता के.सी | ११४. | सुखदेव औजी |
| ११५. | सुमन कट्वाल | ११६. | स्वेच्छा नेवार |
| ११७. | सुजन औजी | ११८. | शंकर तामाङ्ग |
| ११९. | सुनिल राई | १२०. | शिव राणा |

| | | | |
|---|---|---|---|
| १२१. | शशीधर नेपाली | १२२. | दुर्गा दमाइ |
| १२३. | कमला मल्ल | १२४. | असारु नेपाली |
| १२५. | सन्तोशि पर्साइ | १२६. | घोपालाल औजी |
| १२७. | दिपा गुरुङ्ग | १२८. | घनश्याम राई |
| १२९. | प्रतिमा गोले | १३०. | धनकुमार गुरुङ्ग |
| १३१. | विरेन कुँवर | १३२. | रितेश राई |
| १३३. | संदिप गुरुङ | १३४. | रिमा मगर |
| १३५. | सोनीका गौतम | १३६. | रिता लिम्बु |
| १३७. | हंसबहादुर सार्की | १३८. | रमेश नेवार |
| १३९. | नितु बाँनिया | १४०. | राकेश गोले |
| १४१. | ऋतु नेवार | १४२. | सुरेन्द्र वि.क. |
| १४३. | निलकुमार अधिकारी | १४४. | विशाल मगर |
| १४५. | रेखा बस्नेत | १४६. | मेनुका लिम्बु |
| १४७. | डिल्लीबहादुर गुरुङ्ग | १४८. | शब्मु कामी |
| १४९. | देवबहादुर गोले | १५०. | रोहित लामा |
| १५१. | सुनमाया लामा | १५२. | झरणा मगर |
| १५३. | शरण राया | १५४. | दलबहादुर राई |
| १५५. | धनश्याम राणा | १५६. | जिना नेपाली |
| १५७. | मनोज लिम्बु | १५८. | रविन नेपाली |
| १५९. | शुक्त राई | १६०. | निलबहादुर सार्कि |
| १६१. | दिविना लामा | १६२. | प्रदिप सार्कि |
| १६३. | शेरबहादर लिम्बु | १६४. | प्रकाश कामी |
| १६५. | अन्जना गुरुङ्ग | १६६. | मैवा राणा |
| १६७. | अञ्जली मगर | १६८. | तिर्थबहादुर तामाङ्ग |
| १६९. | भरत शेपा | १७०. | सन्तोष मगर |
| १७१. | भगवती लिम्बु | १७२. | इन्द्र बोगटी |
| १७३. | पूजा राई | १७४. | सुशान्त विक |
| १७५. | रत्यनारायण मगर | १७६. | दिपेश वोगटी |
| १७७. | सरद गुरुङ्ग | १७८. | प्रकृति बोगटी |
| १७९. | समिर राई | १८०. | इन्दिरा कामी |
| १८१. | धर्म गुरुङ्ग | १८२. | शान्ता कामी |
| १८३. | लले दमाई | १८४. | सर्मिला सार्की |

| | | | |
|---|---|---|---|
| १८५. | बुद्धिबहादुर सार्की | १८६. | सुशिला बोगटी |
| १८७. | डिल्लीबहादुर बोगटी | १८८. | सुनिल बोगटी |
| १८९. | डल्लीमाया तामाङ्ग | १९०. | सुवास कामी |
| १९१. | शेरमान राई | १९२. | सुदिर वि.क |
| १९३. | देविका सार्कि | १९४. | राजु नेपाली |
| १९५. | लक्ष्मणबहादुर राई | १९६. | गजेन्द्र कामी |
| १९७. | रामबहादुर दमाई | १९८. | श्याम कामी |
| १९९. | इन्द्रकुमार दमाई | २००. | सागर बोगटी |
| २०१. | कोपिला नेपाली | २०२. | सुरज कामी |
| २०३. | भावना नेपाल | २०४. | वर्सा कामी |
| २०५. | मानबहादुर कामी | २०६. | सुकमाया सार्की |
| २०७. | हर्कबहादुर सार्की | २०८. | माया कामी |
| २०९. | तुलसा कामी | २१०. | हसिना बोगटी |
| २११. | नारायण कामी | २१२. | शिला बोगटी |
| २१३. | नरेश नेपाली | २१४. | निमा तामाङ्ग |
| २१५. | नविना कामी | २१६. | निरसा पोखेल |
| २१७. | अञ्जु कामी | २१८. | अंकिता कार्की |
| २१९. | सुरज राई | २२०. | |

## अनुसूची ६

## वैदेशिक रोजगारीबाट फर्किएका महिलाहरूको नामावली

| | |
|---|---|
| १. | सिलिना श्रेष्ठ |
| २. | मलिना सुब्बा |
| ३. | ममता राई |
| ४. | कोपिला गुरुङ्ग |
| ५. | मुना मगर |
| ६. | मोती नेपाल |
| ७. | देवकी कट्वाल |
| ८. | निर्मला नेपाली |
| ९. | हेमन्ती खनाल |
| १०. | हरिमाया सार्की |
| ११. | मिना सुब्बा |
| १२. | चम्पा अधिकारी |
| १३. | सुसांग खड्का |
| १४. | सुप्रिया कामी |
| १५. | चमेली नेपाली |
| १६. | सुविना बञ्जरा |
| १७. | प्रिया नेपाली |
| १८. | दिपिका पाण्डे |
| १९. | वसन्ती सार्की |
| २० | धनकुमारी कामी |

## सन्दर्भसूची (References)


Kansakar, V.B.S. (1982), Migration Remittance and Rural Development, Kathmandu : CEDA.

Todaro, MP and Stephen C. Smithe (2005) Economic Development, Delhi : Pearson Education (Singapore) Pvt. Ltd. India Branch

आचार्य, बराल (२०६०), लैङ्गिक अध्ययन, काठमाडौंः नेशनल बुक्स सेन्टर ।

कट्टेल, भवानी (२०७१), वैदेशिक रोजगारी (आर्थिक सम्प्रेषण), कीर्तिपुर : अर्थशास्त्र शिक्षा विभाग ।

कानुन किताब व्यवस्था समिति, (२०५६) वैदेशिक रोजगार ऐन २०४२ प्रथम, २०५४ द्वितीय, २०५६ तृतीय संशोधन, काठमाडौं : किताब व्यवस्था समिति ।

निउरे, ध्रुव प्रसाद (२०६८), अनुसन्धान पद्धति, कीर्तिपुर : क्वेस्ट पब्लिकेशन ।

नेपाल, चिरञ्जीवि (२०७०), 'विप्रेषणको उपयोग', कान्तिपुर दैनिक, २०७०/९/१२ पेज. ७१ ।

नेपाल राष्ट्र बैंक (२०६२), वैदेशिक रोजगारमा महिला तथा पुरुषको सहभागिताः एक अध्ययन, काठमाडौं : नेपाल राष्ट्र बैक ।

भट्टराई, उद्धव (२००५), नेपाल विप्रेष्ण आप्रवास, काठमाडौं ।

पण्डित, सूर्यकुमार (२०५७), नेपालमा वैदेशिक रोजगार, काठमाडौं : वैदेशिक पत्रकार संघ ।

पोखेल, नारायणदत्त (२०५७), वैदेशिक रोजगारले पारेको प्रभाव, काठमाडौं : अप्रकाशित शोधपत्र त्रिभुवन विश्वविद्यालय, समाजशास्त्र केन्द्रीय विभाग ।

पौड्याल, मीनराज (२०७१), वृहत अर्थशास्त्र, काठमाडौं : एम. के प्रकाशक तथा वितरक ।

लिम्बु, कुमार (२०७०), वैदेशिक रोजगारीले स्थानीय आर्थिक एवम् शैक्षिक स्थितिमा पारेको प्रभाव, काठमाडौं : अप्रकाशित शोधपत्र त्रि.वि. शिक्षाशास्त्र, केन्द्रिय विभाग, अर्थशास्त्र विभाग ।

राजभण्डारी, रामगोपाल (२०६९), "रेमिटान्स कम्पनीहरूले प्रतिस्पर्धा रहेको छ" विजिनेस बुलेटिन, २०६९/७/३ पेज १३ ।

राई, सन्सरमान (२०६८), वैदेशिक रोजगारीले आर्थिक तथा शैक्षिक क्षेत्रमा पारेको प्रभाव खोटाङ् जिल्ला बोपुङ्ग गा.वि.स. एक अध्ययन, प्रकाशित शोधपत्र त्रि.वि. शिक्षाशास्त्र केन्द्रिय विभाग, अर्थशास्त्र विभाग, कीर्तिपुर ।

राष्ट्रिय योजना आयोग (२०५३), नवौँ पञ्चवर्षीय योजना राष्ट्रिय योजना आयोग, रामशाह पथ, काठमाडौं, नेपाल ।

रेग्मी, दिपक (२०६५), वैदेशिक रोजगरामा जाने मानिसहरूको सामाजिक तथा आर्थिक स्थिति : एक अध्ययन (संरचना मासिक प्रकाशन, काठमाडौं, संरचना प्रकाशन प्रा.लि.) ।

रेग्मी, धान्यप्रसाद (२०६९), वैदेशिक रोजगारीले आर्थिक तथा शैक्षिक क्षेत्रमा पारेको प्रभाव, अप्रकाशित शोधपत्र, त्रि.वि., शिक्षाशास्त्र, केन्द्रीय विभाग, अर्थशास्त्र विभाग, कीर्तिपुर ।

वाग्ले, मनप्रसाद (२०५९), “वैदेशिक रोजगारीमा महिलाको तस्करी” कान्तिपुर दैनिक, २०५९/८/५ ।

वैदेशिक रोजगार विभाग (२०६९), वार्षिक प्रतिवेदन आ.व. (२०७०/७१) काठमाडौं : वैदेशिक रोजगार विभाग, श्रम तथा रोजगार मन्त्रालय, नेपाल सरकार ।

सापकोटा, संगीता (२०६९), वैदेशिक रोजगारीले आर्थिक विकासमा पारेको प्रभाव : एक विवेचना संरचना मासिक प्रकाशन, काठमाडौंः संरचना प्रकाशन प्रा.लि. ।

श्रम तथा रोजगार विभाग (२०७०), वैदेशिक रोजगार प्रवर्द्धन पुस्तिका काठमाडौं : नेपाल सरकार सिंहदरबार ।

ज्ञवाली, बाबुराम (२०७१), व्यावसीयक अर्थशास्त्र, काठमाडौंः जानुका प्रकाशन प्रा.लि. ।